दोस्रो अध्याय

विषयगत अवधारणा र सैद्धान्तिक स्वरूप

२. विषयगत अवधारणा र सैद्धान्तिक स्वरूप

प्रस्तावित शोध कार्यको विषयगत अवधारणा र सैद्धान्तिक स्वरूपलाई निम्नप्रकारले प्रस्तुत गर्न सकिन्छ-

२.१. सामाजिक सम्बन्धहरूको अवधारणा

अङ्ग्रेजी शब्दकोशले समाज शब्दको अर्थ पारस्परिक अन्तर्निर्भरतामा परिचालित मानवीय व्यवस्था र गतिविधिहरूको सामूहिकता मानेको छ।[१४] जीवनको सामाजिक स्वरूप तथा सामुहिक जीवनचेतना नै समाज हो भन्न सकिन्छ। यस सामुहिक जीवन चेतनाले सम्बन्धहरूको आयामलाई विस्तारित गर्छ। समाजका निम्ति प्रयोग हुने अङ्ग्रेजी शब्द 'सोसाइटी'को व्युत्पत्ति ल्याटिन शब्द 'सोसियस'बाट भएको हो जसको अर्थ बन्धुत्व तथा सामाजिकता भन्ने बुझिन्छ।[१५] यस अर्थको आधारमा समाज विविध सम्बन्धहरूको व्यवस्थित रूप हो। समाज सामाजिक सम्बन्धहरूको सञ्जाल हो जो चिर परिवर्तनशील छ। समाज भन्नाले एउटा धारणागत संरचना मात्र नभएर यसभित्र भएका विविध सम्बन्धहरूको स्वरूप हो। समाजका सबै घटकहरू अन्योन्याश्रित छन् फलस्वरूप यी सामाजिक सम्बन्धहरू जन्मन्छन् र सामाजिकताको रूपमा विस्तार पाउँछन्। समाजलाई मानवीय व्यवहार र सम्बन्धहरूको सामुहिक व्यवस्थाको रूपमा हेर्न सकिन्छ जसभित्र अनेकौँ समानता, असमानता, सहयोग, सङ्घर्ष, प्रतिस्पर्धा आदि रहेका हुन्छन्।[१६] वास्तवमा समाज एउटा अमूर्त अवधारणा हो जहाँ अनेक वैयक्तिकताहरू पारस्परिक सहयोगितामा बाँचेका हुन्छन्। प्रत्येक मान्छे समाज निर्माणको बुनियादी घटक हो जसलाई व्यक्ति (इन्डिविजुअल)को रूपमा व्याख्या गरिन्छ। यद्यपि, समाज व्यक्तिहरूको समुच्चय मात्र होइन तर अनेक व्यक्तिमाझ हुने अन्तर्सम्बन्ध, अन्तर्क्रिया र अन्तर्निर्भरशीलता परिभाषित हुने अवधारणा हो। प्रत्येक मान्छे समाज निर्माणको अनिवार्य मूलभूत एकाई हो। जैविक रूपमा व्यक्तिको वैयक्तिकता भन्नाले दुई भिन्न व्यक्ति एकाईहरूमाझ रहेको भौतिक भिन्नतालाई बुझाउँदछ। सामाजिक रूपमा व्यक्तिको वैयक्तिकता भन्नाले आत्मनिर्णय गर्न सक्षम, व्यक्तिगत आवश्यकताहरू अनुरूप परिवेश नियन्त्रण र उपयोग गर्न समर्थ जीव बुझिन्छ। व्यक्ति एक विशेष स्वसत्ता हो र ऊ आफ्ना सबै क्रियाकलापको केन्द्र हो। ऊ आफ्नै सहजात प्रवृत्ति र संज्ञानद्वारा प्रतिक्रियाशील रहन्छ। अब कुन आधारमा व्यक्तिलाई सामाजिक प्राणी भन्न सकिन्छ भन्ने प्रश्नको उत्तर व्यक्तिको समूह र सामुहिक व्यवस्थासँगको सम्बन्धद्वारा प्राप्त हुन्छ। व्यक्तिको वैयक्तिकता

१४. इलास्ट्रेटेड अक्सफोर्ड डिक्सनेरी, १९९८, अक्सफोर्ड युनिभर्सिटी प्रेस, लन्डन, पृ. ७८८

१५. सोसाइटी एन्ड इन्ट्रोडक्टरी एनलिसिसिस, २०११ आरएम मेसिमर एन्ड चाल्स एच पेज, सुरजित पब्लिकेसन, कोल्हापुर, पृ. ५

१६. नेपालमा समाज र संस्कृति, विस २०६७, बलराम आचार्य, नेसनल बुक सेन्टर, नेपाल , पृ. ३

सामाजीकरणको प्रक्रियामा समावेश भएपछि नै पूर्ण हुन्छ। व्यक्तिका अनेक वैयक्तिक पक्षहरू छन् जसको सार्थकताको निम्ति ऊ समाजका विविध उपसंस्थाहरूसँग सम्बन्धित हुन्छ। वैयक्तिक प्रयोजन, उद्देश्य र औचित्यको अभिप्राप्तिको लागि सामाजीकरणको साझा प्रक्रियामाझ ऊ निरन्तर क्रियाशील रहन्छ। यस प्रक्रियामा व्यक्तिले समाजका अन्य घटकहरूसँग आफ्नो स्वाभाविक सामञ्जस्य स्थापित गर्छ भन्ने कुरा स्पष्ट हुन्छ। ज्ञानका विविध शाखाहरूजस्तै प्राचीन धर्म शास्त्रहरूमा प्रशस्त गरिएका नर-नारीको उत्पत्तिगत अर्थ, अवस्थान र अवधारणामा पनि सामाजिक सम्बन्धहरूलाई अध्ययन गर्ने दिशा प्राप्त हुने देखिन्छ। उत्पत्तिका आख्यानहरूले पनि मानवीय समाजको व्यवस्था निर्मितिमा विशेष आधार प्रदान गरेको देखिन्छ।

२.२. नर-नारी सम्बन्धको अवधारणा

शब्दकोशअनुसार 'नर' शब्दको अर्थ मनुष्य, विष्णु, अर्जुन, परमात्मा, भाले जातको प्राणी हो।[१७] यस्तै प्रकारले नारी शब्दका निम्ति महिला, आइमाई, स्वास्नी मान्छे, जोइ आदि अर्थ दिइएको छ।[१८] नेपाली भाषामा प्रचलित 'नर' शब्दको लागि अङ्ग्रेजी भाषामा प्रयोग हुने 'म्यान' शब्दको अर्थ शब्दकोशअनुसार 'ह्यूमन रेस', 'परसन' हो भने 'नारी' अथवा 'वुमन'को अर्थ 'अडल्ट ह्यूमेन फिमेल' हो।[१९] नर र मनुष्य शब्दहरूलाई पर्यायवाची अर्थमा सम्बन्धित गरिएको कारणले गर्दा नै नरपति, नरश्रेष्ठ, नरजुनी, नरबलि आदिजस्ता मनुष्यबोधक शब्दहरू प्रयोगमा आएका छन्। अङ्ग्रेजी भाषामा पनि 'म्यान' शब्दसँग जोडिएका मनुष्य जातिबोधक शब्दहरू प्रयोगमा आएका छन् जस्तै, म्यानकाइन्ड, म्यानपावर, म्यानेजर आदि। यद्यपि, नारी शब्दहरूद्वारा यस्ता अर्थबोधक शब्दहरूको निर्माण भएको पाइँदैन। 'नर' शब्दको विलोमको रूपमा नारी शब्दको प्रयोग भएको पाइन्छ यसकारण 'नर' र 'नारी' परस्पर विपरीतार्थक शब्दहरू पनि हुन्। जैविक रूपमा नर र नारी मनुष्य समुदायभित्रका एकभन्दा अर्को भिन्न र विशिष्ट परिचयमा चिन्हित विशिष्ट वैयक्तिकता हो। इलास्ट्रेटेड अक्सफोर्ड डिक्सनेरीले नरको अर्थ नारी र बालकभन्दा बेग्लो वा विशिष्ट 'एडल्ट ह्यूमेन मेल' भन्ने बताएको छ।[२०] नर र नारीको अर्थ र अवधारणालाई शाब्दिक रूपमा व्याख्या गर्नु कठिन हुन्छ यसैकारण मानवशास्त्री र समाजशास्त्रीहरूले नर-नारीको मौलिक वैयक्तिकतालाई छुट्याएर प्रस्ट पार्ने प्रयास गर्दै लिङ्ग र जेन्डरको अवधारणा प्रस्तुत गरेका छन्।

१७. नेपाली शब्दसागर, विस २०५७, वसन्तकुमार शर्मा (सम्पा) भाषा पुस्तक भन्डार, नेपाल पृ. ७२२

१८. पूर्ववत्, पृ. ७३५

१९. द कन्साइन अक्सफोर्ड डिक्सनेरी, १९६४, अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ५१०

२०. इलास्ट्रेटेड अक्सफोर्ड डिक्सनेरी, पूर्ववत्, पृष्ठ ४९५

मानवशास्त्री र समाजशास्त्रीहरूको भनाइअनुसार मूलभूत जैविक विशेषताहरूको आधारमा गरिएको मान्छे जातिको विभाजनलाई लिङ्ग भनिन्छ। लिङ्ग अथवा 'सेक्स' शारीरिक अवधारणा हो। शारीरिक लिङ्ग व्यक्तिको जन्मजात प्राप्ति हो जो सार्वभौम हुन्छ। प्राकृतिक धारणाका आधारमा नर र नारीका जैविक विशेषताहरूमा पाइएको भिन्नतालाई लिङ्ग[२१] र सांस्कृतिक रचनालाई 'जेन्डर' भनिएको छ।[२२] अर्थात् नर र नारीले पालन गर्नुपर्ने विविध सांस्कृतिक उत्तरदायित्व र उपभोग गर्न पाउने सहुलियतहरूको विधान 'जेन्डर' हो। यसैकारण 'जेन्डर'लाई सामाजिक लिङ्ग भनिन्छ। यसले सामाजिक मूल्य र मान्यता, धर्म र संस्कृतिको आधारमा नर र नारीले भिन्नाभिन्नै ढङ्गबाट निर्वाह गर्ने भूमिका स्पष्ट पार्छ। अतः लिङ्ग र 'जेन्डर' नर र नारीलाई दुई पृथक र विशिष्ट परिचयमा स्थापित गर्ने जैविक र सामाजिक मानदण्ड हुन्। लिङ्गअनुसार नर र नारीको अर्थ र अवधारणालाई उदाहरणस्वरूप निम्नप्रकारले विभाजन गरेर अध्ययन गर्न सकिन्छ[२३] -

नर	नारी
पुरुषपन, गठिलो र कसिलो मांसपेशी भएको।	नारीपन, कोमल, लावण्यमय कद-काठी भएकी।
बाक्लो र गह्रौँ आवाज भएको।	पातलो, मधुर ध्वनीयुक्त आवाज भएकी।
जुङ्गा-दाह्री र छातीमा रौँ भएको।	जुङ्गा-दाह्री र छातीमा रौँ नभएकी।
क्रोमोजोममुक्त जीव।	क्रोमोजोमयुक्त जीव।
शुक्रकीट उत्पादन गर्न सक्षम।	शुक्रकीट उत्पादन गर्न असक्षम।
रजस्वला, रजोनिवृतिजस्ता शारीरिक धर्म नभएको।	रजस्वला, रजोनिवृतिजस्ता शारीरिक धर्म भएकी।
गर्भधारण गर्न असक्षम।	गर्भधारण गर्न सक्षम।
सन्तान जन्माउन नसक्ने।	सन्तान जन्माउन सक्ने।
स्तनपान गराउन नसक्ने।	स्तनपान गराएर सन्तान पोषण गर्न सक्षम।

२१. समाजशास्त्र र मानवशास्त्रको परिचय, विस २०५६, टीकाराम गौतम, हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, काठमान्डु, पृ. ८६

२२. पूर्ववत्,

२३. पूर्ववत्, पृ. ८७

सामाजिक लिङ्ग तथा जेन्डरको अवधारणाअनुसार नर र नारीका विशेषताहरू उदाहणस्वरूप निम्नअनुसार अङ्कित गर्न सकिन्छ[२४] -

नर	नारी
बलियो	कमजोर
आत्मनिर्भर	परनिर्भर
नेता	अनुचर
कठोर	कोमल
व्यवहारिक	भावुक
सक्रिय	निस्क्रिय
शासक	शासित
तार्किक	संवेदनशील
आक्रामक	सुरक्षात्मक
नीतिनिर्धारक	अनुगामिनी

उल्लिखित तालिकाबाट के कुरा स्पष्ट हुन्छ भने नर र नारीको जैविक विशेषताहरूका आधारमा लिङ्गको तथा सामाजिक र सांस्कृतिक पृष्ठभूमिमा 'जेन्डर'को अवधारणा स्थापित भएको छ। 'जेन्डर'को विशेषताको आधारमा नै समाजले नर र नारीलाई पृथक-पृथक भूमिका र उत्तरदायित्व सुम्पेको छ। यसकारण नर र नारीको सामाजिक अवस्थानमा भएको विभेद प्राकृतिक नभएर सामाजिक हो। 'एउटी नारी जन्मँदैन तर बनाइन्छ'[२५] भन्ने धारणा यहींबाट विकसित भएको बुझिन्छ। यद्यपि, परवर्ती समाजशास्त्रीहरूले नारी मात्र होइन तर नर पनि सामाजिक निर्माण नै हो भनेका छन् अथवा नरको वर्चस्वपूर्ण गौरवगानले नै समाजमा नरको केन्द्रीय अवस्थान तय गरिदिएको हो।[२६] वास्तवमा 'जेन्डर' नर र नारीलाई सामाजिक जीवनयापनका निम्ति दिइएको आचार संहिता हो जसभित्र नर र नारीको कर्तव्य र अधिकारहरूको सीमा तय गरिएका हुन्छन्। जेन्डर समय र समाजसापेक्ष हुन्छ र चिर परिवर्तनशीलता यसको एउटा गुण हो। उत्पत्तिका कथाहरूमा यसका

२४. समाजशास्त्र र मानवशास्त्रको परिचय, पूर्ववत्, पृ. १०८

२५. स्त्री उपेक्षिता, २००३, सिमोन बुभा, खेतान (अनु), हिन्द पाकेट बुक्स, नयाँ दिल्ली, पृ. ४०१

२६. स्त्रीः भौतिकता बनाम आध्यात्मिकता, २०१० प्रमिला केपी, राजकमल प्रकाशन, नयाँ दिल्ली, पृ. ३०

आधिकारिक संस्थाहरूले स्थापित गरिदिएका नर र नारीको अवस्थान विभिन्न प्रकारका छन्। जीव विज्ञानले मान्छेलाई अन्य सामान्य जन्तुहरूजस्तै जैव अवयवहरूको सजीव पुञ्ज मानेको छ जसका सम्पूर्ण क्रियाकलापहरू जैवसम्मत नै छन्। उत्पत्तिका कथाहरूमा आधिकारिक संस्थाहरूले स्थापित गरिदिएका नर-नारीको अवस्थान र अवधारणाहरू अध्ययनीय छन्।

२.२.१. उत्पत्तिका कथामा नर-नारी सम्बन्धको अवधारणा

धर्मग्रन्थहरूको व्याख्याअनुसार मनुष्यको रूपमा पहिलो सृष्टि नर (पुरुष) नै हो। सृष्टिमा आदिमानव भन्नाले नर नै बुझिन्छ। पुरुषको आवश्यकता पूर्ण गर्नका निम्ति परवर्ती आवश्यकताबोधले गर्दा 'नारी'को उत्पत्ति अध्याय सृष्टिका कथाहरूमा जोडिएका छन्। यसकारण नारी सृष्टिकर्ताको प्राथमिक कल्पनामा कल्पित होइन तर कालान्तरको प्रयोजनले दिएको उपलब्धि हो भन्ने बुझिन्छ।

२.२.१.१. लिम्बु किरात मुन्धुममा नर-नारी उत्पत्तिको अवधारणा

मुन्धुमको व्याख्याअनुसार तागेरा निङवाफुवाङको आशीर्वाद पाएर देवदूत पोरोक्मिबायम्फामिबाले प्रथमतः नरलाई एक्लो सृष्टि गरे र संसार भोगको लागि आह्वान दिए। तर एक्लो मनुष्यले यो संसार भोग गर्न सकेन। एक्लोपनको दुःखले ऊ दुखित भइरह्यो। यसरी मनुष्यले सङ्गत खोज्नु, सहभागितामा बाँधिन खोज्नुजस्ता सामाजिकताको सृष्टिसम्मत आधार रहेको पाइन्छ। मुन्धुम वाणी यस्तो छ -

'त्यो मनुष्य त
रूखलाई जेल्ने लहरा झैं
अभिन्न साथी नहुँदा
बातचित गर्ने साथी नहुँदा
एक्लो र दयनीय बाँच्नुपर्दा
पोरोक्मिवायम्फामिबा देवले
उसको जीवन सङ्गिनी पत्नीको
मूर्ति निर्माण गरेर
श्वास-प्रश्वास हालेर प्राण फुकिदिए...'[२७]

मुन्धुमको यस वर्णनमा पुरुषको जीवनको अथाह शून्यतालाई भर्ने परममित्र (जीवनसाथी, पत्नी)को सृष्टि गरिएको कुरा उल्लेख छ। यसरी सृष्टिको आदि नर र नारीमाझ अन्य कनै सम्बन्ध (नाता, साइनो) नभएर आत्मीय साथी र पति-पत्नीको सम्बन्धलाई नै स्थापित गरिएको छ। सृष्टिको आदि अवस्थामा आदि नर-

२७. चङःतमुन्धुम, विस २०६०, लिम्बु साहित्य विकास संस्थान, काठमान्डु, पृ. १०८-१०९

नारीमाझ अनुराग तथा भावनात्मक सम्पर्क विकास गर्ने आयोजन मुन्धुममा गरिएको छ,

'अहो! अब ती दुई मनुष्य जोडी

यौटा तन्नेरी पुरुष

यौटी तरुणी स्त्री

परस्पर हेराहेर गर्नथाले

ढुङ्गा र रूखका टोड्काको पानीमा

औषधिरूप त्यो मर्चा हालेर

फिटेर राम्ररी दुवैलाई पिलाए है!

बातचित पो गर्न थाले है!

फूलमा फूल, बैंसमा बैंस मिलेर

दुवैको जीवन एक भयो है'[२८]

यी आदि नर-नारी अथवा ईश्वरका मानस पुत्र र मानस पुत्रीमाझ भएको भावनात्मक समागमबारे पूर्ण सुब्बा 'साँबाहाङ' लेख्छन् - *त्यसपछि परमेश्वर निङ्वाफुमाङ्ले ती नवसृजित तरुण अनि तरुणीको जीवनमा 'थिरिलुङ थाम्देत्लुङ' अर्थात् वैशालु जोवन हालिदिनुभयो। उनीहरूमा त्यसपछि 'पोगुगेन सेत्लाकमा नु आबुगेन् वामीपमा' अर्थात् विषयवासनाको तृष्णा पलायो। 'फोक्ताङ्लुङ्मा र सेवालुङ्मा' पहाडबाट आएको शीतल हावाको दिल लिएर एवं 'तेमेन वरोङ' अर्थात् दक्षिणको समुद्रीहावाको गर्मी लिएर खुशी मनले उनीहरू आपस्तमा मिले। यिनै दुई मानसपुरुष र मानसस्त्रीको समागमबाट अर्थात् शारीरिक संसर्गबाट प्रथम सन्तानको जन्म भयो जसको नाम सुसुङ्गे लालाङ्गे (सम्भवतः सुसुनेङ्बा लालावेङ्बा) थियो।*'[२९]

पृथ्वीमा आदि नर र नारीको उत्पत्तिको औचित्य र अभीष्ट समेत स्पष्ट उल्लेख गरिएको निम्न मुन्धुम वाणी छ -

तिमीहरू मेरा छोराछोरी भयौ, सृष्टिका फूल भयौ;

जीवनका फूल भयौ

तिमीहरू दुईजना भइदिएकोले संसार सुहायो

आकाश सुहायो, घाम-जून सुहायो, चरा-चुरूंगी सुहायो

२८. चङःतमुन्धुम, पूर्ववत्, पृ. ११०

२९. सेक्मुरीदेखि मिक्चिरीसम्म, २०१०, पूर्ण राई साँबाहाङ, बिजनबारी किरात लिम्बु चुम्लुङ, पृ. २२

रूखपात, लहरा सबैलाई सुहायो
तिमीहरू संसारको उज्यालो भयौ
घाम-जून तुल्य भयौ
त्यसरी जिन्दगीमा दाम्पत्य फुल, संसार ढाक
निङ्वाफुमाङ्ले उनीहरूलाई अझै भन्नुभयो
यस पृथ्वीका रूखपात, ढुङ्गामाटो
पशु-पक्षी, जलचर – नभचर
सबैलाई पालन-पोषण, देखभाल गरेर
त्यसबाट उब्जेको फल-फूल अन्न खाएर
तिमीहरू बाँच्नु, जीविका गरीखानू...[३०]

किरात लिम्बु मुन्धुममा आदि मानस पुरुषको नाम उल्लेख भएको पाइन्न भने आदि मानसस्त्रीको नाम 'मुजिङ्ना खियोङ्ना' भनिएको छ।[३१]

२.२.१.२. बाइबलमा नर-नारी उत्पत्तिको अवधारणा

बाइबलमा नर-नारी उत्पत्तिको विशेष अवधारणा पाइन्छ। ईश्वरको आदेशअनुसार मनुष्य (आदम) इडनको बघैँचामा निवास गर्थ्यो र त्यसका सम्पूर्ण वातावरणलाई एक्लो भोग गर्थ्यो। ऊ ईश्वरको आज्ञाकारी सृष्टि थियो। एकदिन ईश्वरको परिकल्पनामा मनुष्यको लागि 'सुहाउँदिलो साथी' सृष्टि गर्नुपर्ने आवश्यकताबोध भयो। यसकारण उनले विभिन्न थरी पशु र पक्षीहरू बनाए र इडनको बघैँचामा राखिदिए। मनुष्यले ती सबै पशु पक्षीहरूको नामकरण गरिदियो यद्यपि, ती सबैमध्ये एउटै पनि मनुष्यको 'सुहाउँदो साथी' बन्न सकेन। त्यसपछि ईश्वरले उसलाई गहिरो निद्रामा पारिदिए र यसै निद्रा अवस्थामा उसको एउटा करङ निकालेर त्यसलाई मासुले भरिदिए। ईश्वरद्वारा यसरी तयार गरिएको नारी स्वरूपलाई देखेपछि सर्वप्रथम आदमको मुखबाट निस्कियो -

'अनि अन्त्यमा, मेरै रूपधारी एकजना यहाँ आई
जसको हाडमा मेरै हाड थियो अनि मासुमा मेरै मासु
नारी राखियो उसको नाम
किनभने ऊ नरबाटै बनिएकी थिई।'[३२]

३०. सेक्मुरीदेखि मिक्चिरीसम्म, पूर्ववत्, पृ. २२
३१. पूर्ववत्,
३२. द ओल्ड टेस्टामेन्ट, २००५, बाइबल सोसाइटी अफ इन्डिया, बेंगलोर, पृ. ५

नर-नारी रूपी दुई मनुष्यको सृष्टि गरेपछि ईश्वरले आशीर्वाद दिँदै भने, *"तिमीहरूका धेरै सन्तान होऊन्, जो सारा पृथ्वीमा छरिउन र पृथ्वीमाथि शासन गरून्। पृथ्वीका समस्त माछा, चरा, घरेलु र जङ्ली जानवर तथा साना ठूला चराचरमाथि उनीहरूको एकछत्र अधिकार रहनेछ।"*[३३]

बाइबलको यो सृष्टि अवधारणाले मनुष्यलाई सम्पूर्ण जगतको एकमात्र शक्तिकेन्द्र घोषित गरेको छ। संसारमाथि उसको अधिकारलाई सृष्टिसम्मत अधिकार प्रदान गरेको छ। बाइबलको व्याख्याले मनुष्य संसारमा सर्वोच्च, सर्वश्रेष्ठ र केन्द्रीय अधिपति छ भन्ने सिद्ध गर्छ।

अन्य पशु-पक्षीहरूलाई झैं आदमले ईश्वर सृजित नारी जीवको नाम 'इभ' राखिदिए। हिब्रु भाषामा 'इभ'को अर्थ 'जीवन्त' हो अनि सृष्टि सन्दर्भमा यस शब्दले 'मनुष्य जाति' (Human beings)लाई बुझाउँछ भन्ने व्याख्या पाइन्छ।[३४] ईश्वरका यी आदि मानसपुरुष र आदिमानस नारी सर्वाङ्ग नाङ्गा थिए, यद्यपि खूबै स्वाभाविक र सहज थिए। आदम र इभद्वारा सृष्टिको प्रक्रिया कसरी गतिशील हुनसक्यो त्यसको पनि अलग प्रसङ्ग छ। आदम र इभको ईश्वरप्रति अवज्ञाको कारणले गर्दा सृष्टिमा एउटा महत् घटना घटेको छ। इडनको बघैँचामा भएको सबैभन्दा दुष्ट प्राणी साँप थियो। साँपले इभलाई ईश्वरद्वारा निषेध गरिएको फल खान बारम्बार उक्साइरह्यो। साँपद्वारा प्रेरित भएर इभले 'ज्ञानको फल' खाई र आदमलाई पनि खुवाएपछि सबैभन्दा पहिला उनीहरूले आफ्नै नाङ्गोपन देखे र शरमले भुतुक्क भए। पातले आफ्नो शरीर ढाके यसलाई मनुष्यमा आएको चेतनाको पहिलो किरण भन्न सकिन्छ।

मनुष्यमा यो प्रज्ञा चैतन्य प्रकाशित हुनु ईश्वरको कानुनमा अक्षम्य अपराध ठहरियो। मनुष्य धर्मभीरू रहेन, पाप कर्ममा लिप्त पापी घोषित भयो। यसकारण ईश्वरले साँप, आदम र इभ तीनैलाई अलग-अलग सजाय सुनाए। यस सजायलाई श्राप (Curse) भनिएको छ। ईश्वरले साँपलाई यस्तो सजाय सुनाए, 'पशुभरिमा तैँले मात्र यस श्रापको भार बोक्नु पर्नेछ, तँ अहिलेदेखि नै पेटको बलमा घस्रेर हिँड्नुपर्नेछ, तैंले धूलो-मूलो खाएर लामो जिन्दगी ज्यूनुपर्नेछ। नारी र तँ सधैँ एकअर्कालाई घृणा गर्ने अवस्थामा हुनेछस्। नारीका सन्तानहरू तेरा कट्टर दुश्मन बन्नेछन्। तिनीहरूले तेरो टाउको कुच्याउनेछन् र तैंले तिनीहरूको कुर्कुच्चामा डस्नेछस्।'[३५]

ईश्वरले नारीलाई पनि सजाय सुनाए, *'गर्भावस्थामा हुँदा तैंले धेरै कष्ट खप्नुपर्नेछ र प्रसवपीडा दुःखदायी*

३३. द ओल्ड टेस्टामेन्ट, पूर्ववत्, पृ. ५

३४. पूर्ववत्, पृ. ७

३५. पूर्ववत्, पृ. ६

हुनेछ। यति हुँदाहुँदै पनि तँ आफ्नो पतिप्रति सधैँ लालायित रहनेछस् र तँ सधैँ पतिको वशमा बस्नु बाध्य बन्नेछस्।'[३६] त्यसपछि ईश्वरले आदमलाई पनि सजाय दिए, 'पत्नीको कुरा सुनेको हुनाले तँ पनि यस श्रापको भागीदार छस्। तैँले जीवनभरि जीविकाको लागि कठिन परिश्रम गर्नुपर्नेछ। यस परिश्रमले पनि केवल सिउँडी (Weedo) र काँडाहरू मात्र उत्पादन हुनेछ। यसकारण तैँले जङ्गली झारपात खानुपर्नेछ। जुन माटोबाट तँ बनिएको छस् त्यही माटोमा विलय नभइन्जेलसम्म यस माटोलाई तैँले उत्पादनको निम्ति आफ्नो पसिनाले भिजाइराख्नुपर्नेछ। माटोबाट बनिएको तेरो देह माटोमा नै मिल्नेछ।'[३७]

यसप्रकारले बाइबलमा सृष्टिको प्रक्रिया ईश्वरको निषेधाज्ञाको उलङ्घनको कारणले भयो। यसलाई बाइबलको नियमानुसार अपराध तथा पाप भनिएको छ। यस अर्थले सृष्टिको गतिविधि पापबाट सुरु भयो। संसारमा जीवनको सञ्चालन पापी मनुष्यद्वारा भएको गतिविधि हो। पापको फल भएको कारणले मनुष्य जीवन ईश्वरीय अभिशाप हो। ईश्वरले मनुष्यलाई पृथ्वीमा शासन गर्नु भन्ने आशीर्वाद पनि यस श्रापको कारणले गर्दा विफल भएको देखिन्छ। निषेध गरिएको ज्ञानको फल खाएपछि आदम र इभमा आफ्नै अस्तित्वप्रतिको चेतना पलाएर आयो। यस चेतनाकै कारण ती दुई प्राणीमाझ अनुराग उत्पन्न भएको कुरा बाइबलमा उल्लेख गरिएको छ *...र सम्भोग क्रियाद्वारा इभ गर्भवती भई केन नामक छोराको जन्म भयो, त्यसपछि अरू सन्तानहरू जन्मे।*[३८]

यसरी बाइबलमा पनि आदिनर र आदिनारीमाझ रागात्मक सम्बन्धलाई नै प्रश्रय दिएको छ। सृष्टि त्यसकालको एकमात्र सर्वोपरि प्रयोजन थियो। संसार पापको कुण्ड हो र प्रेम, अनुराग, दाम्पत्य, गृहस्थ तथा सम्पूर्ण सांसारिक क्रियाकलाप पापको परिणाम हुनाले मनुष्यको जीवनयापन प्रायश्चितको निरन्तर प्रक्रिया हो भन्ने बाइबलीय मान्यता रहेको छ।

२.२.१.३. श्रीमदभागवत महापुराणमा नर-नारी उत्पत्तिको अवधारणा

श्रीमदभागवत महापुराणमा वर्णित कथाअनुसार परमसत्ता परमेश्वरको इच्छाअनुरूप ब्रह्मले दस प्रकारका सृष्टि सम्पन्न गरे यद्यपि, संसारमा प्रजाको वृद्धि हुन सकेन। मरीचि आदि शक्तिशाली ऋषिहरूद्वारा पनि प्रजाको वृद्धि भएन भन्ने कुरामा सृष्टि वाणी यस्तो छ –

३६. द ओल्ड टेस्टामेन्ट, पूर्ववत्, पृ. ६

३७. पूर्ववत्, पृ. ६

३८. पूर्ववत्, पृ. ७

न ह्येधन्ते प्रजा नूनं दैवमत्र निधातकम्

एवं युक्तकृतस्तस्य दैवं चावेक्षतस्तदाज्।।५१।।[३९]

कस्य रूपमभूद् द्वेधा यत्कायमभिचक्षते

ताभ्यां रुपविभागाम्यां मिथुनं समपद्यत।।५२।।[४०]

यस्तु तत्र पुमान् सोज्भून्मनुः स्वायम्भुवः स्वराट्

स्त्री यासीच्छतरूपाख्या महिष्यस्य महात्मनः।।५३।।[४१]

अर्थात्, कुनै दैवप्रकोपले सृष्टि उपक्रम चल्नमा बाधित भएको कुरा सोंचिरहेको समयमा अचानक ब्रह्माको शरीर दुई बराबर भागमा विभक्त भयो। 'क' अक्षरद्वारा ब्रह्मालाई सम्बोधन गरिन्छ यसकारण ब्रह्माबाट विभक्त भएर बनेको शरीरलाई काया भनिएको हो। यी दुई अलग भागबाट पुरुष र स्त्रीको जोडा प्रकट भयो। यसरी प्रकट भएको पुरुष सार्वभौम सम्राट स्वयम्भु मनु भए र स्त्री उनकी महारानी शतरूपा भइन्। भागवत महापुराणमा यस घटनासँगै अर्को महत्त्वपूर्ण सृष्टि प्रक्रिया सुरु भएको कुरा पनि स्पष्ट उल्लेख छ -

तदा मिथुनधर्मेण प्रजा ह्येदाम्बभूविरे

स चापि शतरूपायां पज्यापत्यान्यजीजनत्।।५४।।[४२]

यस घटनापछि मिथुनधर्म (नर नारी सम्भोग)द्वारा प्रजाको वृद्धि हुने प्रक्रिया सुरु भयो। महाराज स्वायम्भुव मनु र शतरूपाका पाँच सन्तानहरू भए। प्रियव्रत र उत्तानपाद दुई पुत्रहरू र आकूति, देवहूति र प्रसूति तीन छोरी भए।

आकूतिको विवाह रुचि प्रजापतिसँग, देवहूतिको विवाह ऋषि कर्दमसँग र प्रसूतिको विवाह दक्ष प्रजापतिसँग सम्पन्न भयो र यी तीन कन्याहरूको सन्तानद्वारा सारा संसार भरिपूर्ण भयो -

आकूर्ति रुचये प्रादात्कर्दमाय तु मध्यमाम्

दक्षाययादात्प्रसूति च यत आपूरितं जगत्।।५६।।[४३]

३९. श्रीमद्भागवत महापुराण, १९९५, वेदव्यास, गीतप्रेस गोरखपुर, पृ. २२४

४०. पूर्ववत्

४१. पूर्ववत्

४२. पूर्ववत्

४३. पूर्ववत्

यस व्याख्याले पनि आदि नर र नारीमाझ रागात्मक सम्बन्धको स्वरूप नै निर्दिष्ट गरेको छ। यद्यपि, बाइबल र मुन्धुमको सृष्टि वर्णनमा भएको नर नारीको उत्पत्तिभन्दा बेग्लो धारणा यसले प्रस्तुत गरेको छ। यस व्याख्याअनुसार नर र नारी सृष्टिकर्ता ब्रह्माको एउटै सिङ्गो शरीरको समान दुई भागमा विभाजन भएर प्रत्येक भागबाट नर र नारी उत्पत्ति भएको हो। यस आधारमा नर र नारीको आधिकारिक अवस्थान एक समान हुनुको सृष्टि सम्मत युक्ति छ। यसले नर र नारीको जैविक लिङ्ग (सेक्स) र सामाजिक लिङ्ग (जेन्डर)को असन्तुलन र अन्तर्विरोधलाई अध्ययन गर्ने दिशामा एउटा क्रान्तिकारी आधार दिन सक्छ।

उत्पत्ति कथाअनुसार बाइबलको सृष्टि अवधारणामा नर-नारीको अवस्थान भिन्नता लगभग विपर्यस्त छ-

क. नर प्राथमिक छ, नारी दोस्रो दर्जाकी छे।

ख. नर सम्पूर्ण छ, नारी एकाङ्गी छे।

ग. नर स्थिर छ, नारी चन्चल छे।

घ. नर विषयकामी छ भने नारी विषयकामी मात्र नभएर नरको विषय कामनालाई भड्काउने प्राथमिक स्रोत भएकी छ।

ङ. नर अपराधी छ भने नारी घोर अपराधी छे।

च. नारीद्वारा आन्दोलित भएको कारण ईश्वरीय कानुनअनुसार नर दण्डित भएको छ भने नारीले आफ्नै आवेगहरूद्वारा प्रेरित भएर दण्ड पाएकी छ।

छ. नर फुक्का र स्वतन्त्र छ। ईश्वरीय कानुनअनुसार नारी आफ्नो कामना र भावनाले पुरुषप्रति समर्पित भएकी छ।

यस्तै प्रकारले **चइःत मुन्धुमको** सृष्टि वर्णनअनुसार नर तागेरानिङ्वाफुमाङको पहिलो सृष्टि हो र नारी दोस्रो। नरको अपूर्णतालाई पूर्ण गर्नका निम्ति ईश्वरले नारी सृष्टि गरे। मुन्धुमको सृष्टि वर्णनले नर-नारीलाई तथा अन्तरङ्ग मित्रका रूपमा चिनाएको छ। मुन्धुमको अवधारणाअनुसार बन्धुत्व, प्रेम, अनुराग र दाम्पत्य ईश्वरीय वरदान हो।[४४] वस्तुतः मुन्धुममा नर र नारीको उत्पत्तिगत अवस्थानले मैत्रिक सामन्जस्य र पारस्परिक सहभागितापूर्ण सामाजिकताको आयामलाई विस्तार गरेको पाइन्छ।

श्रीमदभागवत महापुराणको सृष्टि वर्णनले भने नर र नारीको अवस्थान सृष्टिसम्मत रूपमा समान छ भन्ने बताएको छ।[४५] यसप्रकार ज्ञानका विविध शाखाहरूले दिएका नर-नारीको सामाजिक अवस्थानगत विविधता,

४४. चइतः मुन्धुम, पूर्ववत्, पृ. १०८-१०९

४५. श्रीमद्भागवत महापुराण, पूर्ववत्, २२४

असमानता र अन्तर्विरोधहरूले सृष्टिको व्याख्यालाई नवीन वैचारिक दिशा प्रदान गरेको देखिन्छ। परवर्तीकालमा यिनै अवधारणाहरूले समाज व्यवस्थाको मूलधारा निर्माण भइरह्यो र समयको धारासँगै परिवर्तन पनि भइरह्यो। वैदिककालदेखि आधुनिककालसम्मको समाज व्यवस्थाको अध्ययन गर्दा यो ऐतिहासिक गतिशीलता स्पष्ट हुन्छ। समाजमा 'जेन्डर'ले दिएको अवस्थानको आधारमा नै एउटा सामाजिक एकाईले अर्को एकाईसँग अन्तर्क्रिया सम्पन्न गर्छ भने उसले आफ्नो सहयोगी एकाईसँग पनि सोही अनुरूपको प्रतिक्रियाको अपेक्षा गर्छ। नर र नारीको लागि समाजप्रदत्त अवस्थान पारस्परिक अन्तर्सम्बन्ध परिचालन गर्ने आधारभूत तत्व हो। समाजमा व्यक्तिको अवस्थान भन्ने कुरा समाज प्रदत्त मात्र हुँदैन अर्जित पनि हुन्छ। व्यक्तिले जब आफ्नो सामर्थ्य र प्रतिभाद्वारा एउटा विशेष सामाजिक पद र अवस्थान प्राप्त गर्न सक्छ तब उसको व्यवहार पनि सोही पद र अवस्थानअनुरूप प्रस्तुत हुनेगर्छ। आफ्नो प्राकृतिक आवश्यकता र सामाजिक सरोकारको औचित्य पूरा गर्नका निम्ति नर र नारी पारस्परिक सम्बन्धको सूत्रमा बाँधिन पुग्छन्। नर र नारीका यस्ता सम्बन्धलाई मुख्यतः दुई प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ -

२.२.२. नर-नारी सम्बन्धको औपचारिक संस्था

समाजको औपचारिक विधानद्वारा स्वीकृत र मान्य सम्बन्ध नै नर नारी सम्बन्धको औपचारिक रूप हो। नर-नारीको सह-जीवनयापनको वैधानिक विकल्प विवाह हो। सामाजिक वा कानुनी विधि पुऱ्याएर नर र नारीबिच स्थापित हुने स्थायी सम्बन्धलाई विवाह भनिन्छ।[४६] विवाह नर र नारीद्वारा सम्पन्न गरिने वैधानिक विधान हो जसले उनीहरूलाई सह जीवनयापन गर्ने अधिकार प्रदान गर्छ।[४७] यस सह जीवनयापनको प्रक्रियाले परिवार संस्थाको निर्माण हुन्छ र दुई परिचित अथवा अपरिचित नर-नारीलाई पति पत्नीको सम्बन्धमा स्थापित गरिदिन्छ। यसरी विवाह र परिवारले पति-पत्नीलाई वैवाहिक, पारिवारिक र सामाजिक आदि सबै प्रकारका सम्बन्धहरू परिचालन गर्ने मार्ग प्रशस्त गर्छ। नर नारीले जीवनभरि सञ्चालन गर्ने सम्बन्धहरूको व्यवस्थित श्रृङ्खला नै नर नारीमाझ सम्बन्धको औपचारिक रूप हो। यसलाई बुझ्नको लागि परिवारमा प्रत्येकले सम्पादन गर्ने भूमिका र उत्तरदायित्व औ समाजद्वारा प्रदत्त अधिकार र सहुलियतहरू नै आधारतत्वका रूपमा पाइन्छ। नर- नारीको युग्म परिवार संस्थाको आधार तत्व हो। यी दुवैको सक्रिय सहभागितामा नै परिवारको गतिविधि सञ्चालित हुन्छ। वेदमा पनि आजीवन एकबद्ध बनेर उत्साहपूर्वक जीवनयापन गर्नु भन्ने आशीर्वाद नव वरवधूलाई दिइएको छ। यो एकबद्धता आपसी क्रियाकलापको अन्तर्क्रिया हो अनि यस अन्तर्क्रियाले यी दुईमाझ एक गम्भीर अन्तरङ्गता विकास गरिदिन्छ। यस अन्तरङ्ग वृत्तिले दुवैलाई दुवैप्रति

४६. सोसियलजी अफ इन्डियन सोसाइटी, २०१३, सिएन शङ्कर राव, एसचन्द एन्ड कम्पनी लिमिटेड, न्यू दिल्ली, पृ. १०१

४७. इन्डियन सोसियल सिस्टम, २०१३, राम अहुजा, रावत पब्लिकेसन, जयपुर राम अहुजा, पृ. ११६

गम्भीर रूपले उत्तरदायी बनाउँछ। यस अन्तरङ्ग पारस्परिकताले नै नर-नारीमाझ विशिष्ट, जीवन्त र जटिल सम्बन्ध स्थापित हुन्छ। यस सम्बन्धलाई बुझ्नका निम्ति परिवारमा प्रत्येकले सम्पादन गर्ने भूमिका र उत्तरदायित्व औ समाजप्रदत्त अधिकार र सहुलियतहरू नै आधार तत्वका रूपमा पाइन्छन्। यस्ता नर-नारी सम्बन्धलाई तय गर्ने विधान भएका औपचारिक सामाजिक संस्थाहरूको अध्ययन निम्नप्रकारले गर्न सकिन्छ –

२.२.२.१. विवाह

नर र नारीको वैधानिक मिलन, नर र नारीद्वारा एउटा संस्था स्थापना गर्ने आयोजन तथा नर-नारीमाझ सम्पन्न आत्मीय सामन्जस्य नै विवाह हो।[४८] प्राथमिक रूपमा विवाह एउटा आधारभूत सामाजिक संस्था हो, परिवार निर्माणको औपचारिक आयोजन र नागरिक समाजको आधारभूमि हो। विवाहपछि नै नर र नारी सामाजिक कर्तव्य र अधिकारहरूको गतिविधिमा पूर्ण रूपले सम्मिलित बन्छन्। विवाह मानव सम्बन्धहरूको अति गहिरो र जटिल समन्वय पनि हो। विवाहले सामाजिक सम्बन्धहरूको सन्जाललाई विस्तारित गर्दै सुदृढ पनि बनाउँछ। प्रायः सबै मान्यताअनुसार विवाह नैतिक व्यवस्था र गृहस्थी प्रीति स्थापनाको केन्द्र हो। यो एउटा प्रथा मात्र होइन तर मनुष्यका प्राकृतिक आवश्यकता र सामाजिक प्रयोजनमाझको सम्झौता पनि हो भन्ने एस राधाकृष्णनको भनाइलाई सीएन शङ्कररावले पनि स्वीकार गरेका छन्।[४९] समाजशास्त्रीय शब्दकोशअनुसार विवाहको अर्थ वैधानिक रूपले मान्यताप्राप्त वयस्क नर-नारीमाझको सम्बन्ध हो जहाँ केही अधिकार र कर्तव्यहरू दुवैको लागि सुनिश्चित गरिएका हुन्छन्।[५०] राम अहुजा एकजना व्यक्तिद्वारा सम्पूर्ण जीवनभरिमा समाजका विविध संस्थानिक व्यवस्था अन्तर्गत निर्वाह गर्ने भूमिकाहरूमध्ये प्राथमिक महत्त्वको भूमिका विवाह हो भन्ने विचार राख्छन्।[५१] उनको विचारमा मान्छेको वैवाहिक भूमिका विशेष वैयक्तिक, असीमित र भावनात्मक रूपले युक्त भएको कारण प्राथमिक स्थानमा रहेको हो। यो भूमिका अन्य सबै मैत्री सम्बन्धहरूभन्दा विशेष हुन्छ किनभने यसमा यौन आयाम पनि जोडिएको हुन्छ। यौन भावना नर-नारीको सम्बन्ध अझ गाढा र स्थायी बन्नमा सहयोगी हुन्छ। कमलराज शर्माको भनाइअनुसार विवाह नर-नारीबिच यौनमिलन र त्यसबाट उत्पन्न हुने सन्तानहरूलाई वैधता दिन, मान्छेको यौन आचरणलाई नियन्त्रित र नियमित गर्न निर्माण गरिएको संस्था हो।[५२] विवाहले वयस्क नर-नारीलाई सहचार्य सहवास तथा सहसङ्गतिको अनुमति

४८. इलास्ट्रेटेड अक्सफोर्ड १९९८, दोरली किन्डसले लिमिटेड एन्ड अक्सफोर्ड युनिभर्सिटी प्रेस, ग्रेट ब्रिटेन, पृ. ४९९

४९. सोसियलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृ. १०१

५०. अक्सफोर्ड डिक्सनेरी अफ सोसियलजी, १९९८, दोस्रो संस्करण, गोरडिन मार्सल (सम्पा) अक्सफोर्ड युनिभर्सिटी प्रेस, पृ. ३८८

५१. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृ. ११७

५२. आधारभूत समाजशास्त्र तथा मानवशास्त्र २०१२, कमलराज शर्मा, सनराइज पब्लिकेसन काठमान्डु, पृ. १०३

प्रदान गर्छ यद्यपि सहवास नै विवाह हो भन्ने धारणा पनि निर्विवाद छैन। आधुनिक समाजमा समलिङ्गी औ विषमलिङ्गी व्यक्तिहरूमाझको अनौपचारिक सहवास बढ्दै गएको पाइन्छ। यस्ता सह आचारहरूले सामाजिक व्यवस्थाभित्र विरोधाभास उत्पन्न गरिरहेको उल्लेख डिक्सनेरी अफ सोसियलजीमा पाइन्छ।[५३] यसरी विवाहको अर्थ र परिभाषा शाश्वत छैन तर देशकाल वातावरण सापेक्ष छ। विवाहका विविध प्रकारहरूले पनि यस कुरालाई पुष्टि दिन्छ। विवाह प्राकृतिक विधान होइन तर मान्छेको लागि मान्छेद्वारा नै निर्मित व्यवस्था हो यसकारण यसभित्र वैचारिक विविधता तथा अन्तर्विरोधहरू रहनु अस्वाभाविक होइन। समाजअनुसार विवाहको प्रकृति, कार्य र उद्देश्यमा अन्तर पाइन्छ। यद्यपि, बुनियादी रूपमा यो एउटा सामाजिक संस्था हो। चन्द्रदेव सिंहले शब्दकल्पद्रुमलाई उद्धृत गर्दै विवाहको अर्थ विशेष रूपले वरण गर्नु अर्थात् वधूलाई विधिवत रूपमा पितृघरदेखि पतिघर लिएर जानु हो भन्ने बताएका छन्।[५४] ऋग्वेदमा विवाहको बेला वरले वधूलाई चिरसौभाग्य दान गर्ने, चिरजीवन साथ रहेर गृहस्थ धर्म पालन गर्ने वचन दिएको पाइन्छ।[५५] यसका साथै नवविवाहित वरवधूलाई कहिल्यै विछोड नहुने, सन्तानले भरिपूर्ण भएर जीवनभरि गृहस्थ सुखभोग गर्ने आशीर्वाद पनि दिइएको छ।[५६] यस आधारमा सनातन शास्त्रले विवाहलाई जन्मजन्मान्तरको पवित्र बन्धन मानेको छ जसमा विच्छेद र विग्रहको धारणा राखिएको छैन। मनुस्मृतिमा विवाहलाई दैवी योजना बताइएको छ। वर (पति)ले देवताहरूद्वारा प्रदान गरिएको प्रसादको रूपमा वधू (पत्नी)लाई प्राप्त गर्छ। यसैकारण दैवी आचरणअनुसार पतिले पत्नीको पालन गर्नु अनिवार्य मानिएको छ।[५७] मनुस्मृतिमा नर नारीको यौन सम्बन्ध र प्रजनन क्रियालाई पनि दैविक आयोजन नै मानिएको छ जसमा दुवैमाझ सहकार्यकारितालाई प्राथमिकता दिइएको छ।[५८] तर आधुनिक समयमा यस्ता धार्मिक अवधारणाभित्र पनि कानुनी र सामाजिक स्वीकृतिहरू समावेश गरिएका छन्। यसकारण कमलराज शर्माले होबेललाई उद्धृत गर्दै विवाहले विवाहित व्यक्तिहरूमाझ आपसी सम्बन्ध, रक्त सम्बन्धी नाता, सन्तान तथा समाजको सम्बन्धलाई परिभाषित र नियन्त्रित गर्छ भनेका छन्।[५९] नारीवादी अवधारणाले विवाह संस्था निर्माणमा पितृसत्तात्मक दबाव नै सर्वोपरि भएको हुनाले यसमा नारीको अवस्थान र परिप्रेक्ष्य स्पष्ट र निश्चित हुनुपर्ने कुरामा जोड दिन्छ। नारीवादी दृष्टिकोणमा विवाह

५३. However in contemporary societies marriage is sometimes interpreted more liberally and the phrase 'living as married' indicates that for many purposes it makes no sense to exclude cohabitation. It should be noted however, that ever this more liberal definition usually excludes homosexual cauples, डिक्सनेरी अफ सोसियलजी, पूर्ववत, पृष्ठ ५१

५४. प्राचीन भारतीय समाज और चिन्तन, १९८७, चन्द्रदेव सिंह, विश्वविद्यालय प्रकाशन वाराणसी, पृष्ठ २५

५५. ऋग्वेद, २०३६, तिलकप्रसाद लुइँटेल (टीका) विद्यार्थी पुस्तक भन्डार, काठमाण्डौँ, पृष्ठ ९४०

५६. इहैव स्तं मा वि यौष्ट विश्वमामुर्व्यश्नुतम क्रीडन्तौ पुत्रैर्नसुभिर्मोदमानौ स्वे गृहे।। ऋग्वेद १०.८५.४२, पूर्ववत्, पृष्ठ ९४९

५७. देवदत्तां पतिर भार्या विन्दते नेच्छयात्मनः। ताँ साध्वी विभृयान नित्यं देवानां प्रियमाचरन्।। मनुस्मृति २-९५, २००७, आचार्य शिवराज (टीका) चौखम्बा, सुरभारती प्रकासन, वाराणसी, पृष्ठ ४४४

५८ प्रजनार्थ स्त्रियःसृष्टाःसन्तानार्थ च मानवाः तस्मात् साधारणो धर्मःश्रुतौ पत्न्या सहोदितः।। ९-९६, पूर्ववत्

५९ आधारभूत समाजशास्त्र तथा मानवशास्त्र, पूर्ववत्, पृष्ठ ४०

नरप्रदत्त भौतिक संसाधन र नारीप्रदत्त यौन सहुलियतमाझ भएको असामान्य सम्झौता मात्र हो।[६०]

मुस्लिम आस्थाअनुसार विवाह संस्कार होइन तर नागरिक अनुबन्ध (civil contract) हो जसको माध्यम नर-नारीको यौनिक आचरण र सन्तान पोषणलाई वैधता प्राप्त हुन्छ। यति मात्र नभएर मुस्लिम कानुनअनुसार विवाह धार्मिक कर्तव्य हो जसलाई इबादत भनिएको छ।[६१] क्रिश्चियन मान्यताअनुसार विवाह नर-नारीमाझ सम्पन्न हुने अनुबन्ध हो जसले नर-नारीलाई यौनिक मिलनमा, पारस्परिक बन्धुत्वमा र परिवार स्थापना कर्ममा बाँध्ने काम गर्छ। यस आस्थाले विवाह मानव जीवनको कल्याणार्थ ईश्वरीय प्रावधान हो भन्ने धारणा राखेको पाइन्छ।[६२]

२.२.२.२. विवाहको योग्यता

ऋग्वेदमा विवाहका निम्ति वर-वधू वयस्क हुनुपर्ने कुरा स्पष्ट उल्लेख छ। आमाले आफ्ना कन्याहरूलाई युवास्थामा पुगेपछि साज श्रृङ्गार गरेर मेलामा पठाउँथिन् जहाँ उनीहरूले सुन्दर र वयस्क पुरुषहरूको जमातमा आफ्ना पति रोज्थे।[६३] यस आधारमा वैदिककालमा विवाह व्यवस्थाभित्र नारीको स्वेच्छा सुरक्षित थियो भन्ने बुझिन्छ। विवाहमा वर-वधू शारीरिक र मानसिक दुवै रूपले सक्षम हुनु आवश्यक मानिन्थ्यो।[६४] विवाहअघि वरले आफ्नो व्यक्तित्व विकास गर्नु प्रयोजनीय मानिन्थ्यो। तीनै वेद अथवा दुई वेद अध्ययन गरेका अथवा एक मात्र वेदमन्त्र ब्राह्मणादि क्रमद्वारा पढेर अस्खलित ब्रह्मचर्यले युक्त पुरुषले विवाह गरेर गृहस्थाश्रममा प्रवेश गर्न सक्छन् भन्ने कुरा मनुस्मृतिमा बिस्तार गरिएको छ।[६५] माता र पिताको सपिन्ड र सगोत्रमा नपर्ने कन्या नै विवाह कर्म र पुत्रोत्पादनादि कर्मका निम्ति पनि योग्य एवं प्रशंसनीय मानिएको छ।[६६] मनुले विवाह कर्ममा दस प्रकारका कूल लक्षणलाई वर्जित गर्न आवश्यक बताएका छन्।[६७] ती हुन् –

६०. स्त्री उपेक्षिता, पूर्ववत्, पृ. १९९५

६१. सोसियलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १२१

६२. पूर्ववत्, पृष्ठ १२५

६३. कियती योषा मर्यतो परिप्रीतापन्यसा वार्येण, भद्रा वधूर्भवति यत्सुपेशाः स्वयं सा मित्रं वनुते जने चित्। ऋग्वेद १०-२७-१२, पूर्ववत्, पृष्ठ ९७६

६४. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १५

६५. वेदानधीत्य वेदौ वा वेदं वाउपि यथाक्रमम्, अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममावसेत्। मनुस्मृति ३-२, पूर्ववत्, पृष्ठ १४३

६६. असपिन्डा च या मातुरसगोत्रा च या पितुः। सा प्रशस्ता दिवजातीनां दारकर्मणि मैथुने। मनुस्मृति ३-४, पूर्ववत्, पृष्ठ १५४

६७. पूर्ववत्

१. यज्ञ क्रियाहरूद्वारा हीन कूल।

२. पुरुषको सङ्ख्या कम भएको कूल।

३. अधिक रोम भएका पुरुषहरूले भरिएको कूल।

४. अर्शोरोग (हर्षारोग)ले पीडित कूल।

५. क्षयरोगले ग्रस्त कूल।

६. विविध रोगहरूले अधिकाधिक ग्रस्त भइरहने कूल।

७. मृगी रोगले पीडित कूल।

८. श्वेत कुष्ठ रोगले रोगी कूल।

९. गलित कुष्ठ रोगले ग्रस्त कूल।

चाणक्यले चाहिँ आफ्नो समान कूलमा विवाह सम्बन्ध स्थापित गर्नु उचित हो भन्ने कुरा बताएका छन्। उनको भनाइअनुसार बुद्धिमान पुरुषले असुन्दर भए पनि कुलीन कन्यासँग नै विवाह गर्नु आवश्यक छ।[६८] मनुस्मृतिमा विवाहको लागि उच्च (कुलीन) कूल र स्वस्थ हुनु अपरिहार्य मानिएको देखिन्छ। विदुर नीतिअनुसार पनि हीन कूलमा विवाह सम्बन्ध स्थापित गर्दा उच्च कूल पनि निन्दित कूलमा परिणत हुन्छ[६९] तथा रोगी मानिस मुर्दा समान हुनाले विवाहको निम्ति अयोग्य भनी बताइएको पाइन्छ।[७०] मनुस्मृतिमा वरका निम्ति वेदादि ज्ञानले युक्त योग्यताको कामना राखिएको भए तापनि कन्याको लागि कुनै व्यक्तिगत ज्ञान र मेधाको अपेक्षा गरिएको पाइँदैन। कन्या शालीन, मर्यादाशील, मधुर वाणीले सम्पन्न, कमनीय र चित्ताकर्षक तथा हात्ती र हाँसको चालसमान लचकदार लय भएकी हुन आवश्यक बताइएको छ।[७१] मनुस्मृतिमा विवाहको लागि नारीलाई पूर्ण यौवन प्राप्त गर्नुपर्ने कुरामा जोड दिइएको छ र रजस्वलालाई कन्याको वयस्कताको अन्तिम सीमा मानिएको छ। रजस्वला सुरु भएको तीन वर्षभित्रमा कन्यादान गर्नुपर्ने विधान छ। यदि यस्तो नभएको खण्डमा तीन वर्षको अवधिपछि कन्याले आफ्नो इच्छाद्वारा आफू सुहाउँदो पति वरण गर्न सक्छे। यसबाट वर-वधू कसैलाई पनि कुनै दोष लाग्ने छैन भन्ने मनुको आचार संहिता छ।[७२] तर धर्म पालनका निम्ति मात्र पिताले अगुणी तथा अयोग्य वरलाई कन्यादान गर्नु अनुचित हो। योग्य वरको अप्राप्तिमा कन्या आजीवन अविवाहित रुपमा

६८. वरयेत् कुलजां प्राज्ञो विरुपामिपि कन्यकाम्। रुपशीलां न नीचस्य विवाहः सदृशे कुले।। नीति २०६६, मदन प्रसाद अर्याल, श्रीमती रमादेवी अर्याल, काठमान्डु, १-१४, पृष्ठ ३४१

६९. मनुष्ये गुणः कश्चिद् राजन सघनतामृते। अनातुरत्वाद भद्रं ते मृतकल्पा हि रोगिण।। पूर्ववत्, ४-६७, पृष्ठ १३३

७०. अनिज्यमा कुविवाहैर्वेदस्योत्सादनेन च। कुलान्यकुलतां यान्ति धर्मस्यातिक्रिमेण च।। पूर्ववत्, ४-२६, पृष्ठ १३४

७१. अव्यङ्गाडङ्गी सौम्यनाम्नी हंसवारणगामिनीम्, तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत स्त्रियम्। मनुस्मृति, ३-१०, पूर्ववत्, पृष्ठ १४५

७२. त्रीणि वर्षाण्यदीक्षत कुमार्यृतुमती सती। उर्ध्वं तु कालादेतस्माद् विन्देत सदृश पतिम्।। ९-९०, पूर्ववत्, पृ. ४४३

पिताको घरमा बस्न सक्ने प्रावधान उचित मानिएको छ।[७३] मनुस्मृतिमा विवाह कर्मका निम्ति तय गरिएको उमेर अवधि विवादस्पद देखिन्छ। मनुले एकातिर पूर्ण यौवनप्राप्त नर-नारी नै विवाहका निम्ति योग्य बताएका छन् भने अर्कोतिर, तीस वर्षको परिपक्व नरसँग बाह्र वर्षकी कन्याको विवाह गर्ने विचार राखेका छन्। सङ्कटकालीन परिस्थितिमा शीघ्रतापूर्वक गृहस्थ धर्म सम्हाल्ने प्रयोजन हुँदा चौबीस वर्षको वरलाई आठ वर्षकी कन्या विवाह गर्न सकिन्छ।[७४] आफूभन्दा उच्च कूल, विद्यादि गुणहरूले युक्त, सुन्दर, समानजातीय वर प्राप्त भए विवाहको उमेर नपुगेका नाबालिक कन्याको विवाह शास्त्रविधानअनुसार गर्नु उचित मानिएको छ।[७५] यस विधानमा बेमेल विवाह र बाल विवाहको सूत्र पनि भेटिन्छ। यस्तो विवाह व्यवस्था कन्याको लागि असहिष्णु र अमङ्गलकारी हुन्छ किनभने सानो उमेरमा विवाह सम्पन्न हुनाले कन्याको शारीरिक र मानसिक विकासको अवसर नै अन्त्य भएको देखिन्छ। यसका साथै वर र वधूमाझ उमेरको ठूलो अन्तराल परेको हुनाले पति-पत्नीमाझ विकास हुनपर्ने बन्धुत्व र सहभागिताको भावना उत्पन्न हुन सक्दैन। यसरी वैदिककाल समाप्त भइसकेपछि अल्प उमेरमा नै कन्या विवाह गर्नुपर्ने कारणहरूमा विदेशी आक्रमणको समय कन्याको कौमार्यको रक्षा गर्नु, वर्ण सङ्कर प्रजननमा नियन्त्रण राख्नु, जैन र बौद्ध धर्मको प्रभावमा गृहस्थी परिचालनामा शिथिलता आएको तथा धेरै पुरुषहरू संसार त्यागेर सन्न्यासी भिक्षु बन्दै पलायन गरिरहेको समयमा विवाहद्वारा पुरुषहरूलाई सांसारिक भोगतिर प्रवृत्त गराउनु र सामाजिक व्यवस्थालाई बनाइराख्ने चिन्तन प्रमुख थिए भन्ने धारणा चन्द्रदेव सिंहको छ।[७६] राम अहुजाले रामबलि पाण्डेलाई उद्धृत गर्दै विवाहमा कन्याको उमेर सीमा घट्नुका निम्न कारणहरू बताएका छन्[७७] -

क. आर्यहरूको आमोद प्रियता।

क. बाहिरी आक्रमणमा कुमारी कन्याहरूको कौमार्य असुरक्षित हुनु।

ख. समाजमा नारीहरूको हीन स्तर हुनु।

ग. विवाहमा कन्यादानलाई उपहार (कन्या) प्राप्तिको वस्तुगत धारणामा सीमित गर्नु अनि उपहारमा चोखोपन (अक्षतयोनी)को आकाङ्क्षा राख्नु।

आधुनिक कालमा अल्पवय (बाल) विवाहको विरोधमा समाज सुधारकहरूले व्यापक अभियान चलाएको भारतीय इतिहास छ। राजा राममोहन राय, ईश्वरचन्द्र विद्यासागर आदिको सक्रियतामा सन् १८४६

७३.त्रिंशद्वर्षोद्वहेत् कन्यां हृयां द्वादशवार्षिकीम्। त्र्याष्टपर्षोऽष्टवर्षा वा धर्मे सीदति सत्वरः। मनुस्मृति, ९-९४, पूर्ववत्, पृ. ४४३
७४. काममा मरणात् तिष्ठेद् गृहे कन्यर्तुमत्यपि। न चैवैवां प्रयच्छेत् तु गुण गुणहीनाय कर्हिचित्।। ९-८९, पूर्ववत्, पृष्ठ ४४३
७५. उत्कृष्टायाऽभिरुपाय वराय सदृशाय च। अप्राप्तामपि तां तस्मै कन्या दद्याद् यथविधि।। ९-८८, पूर्ववत्, पृष्ठ ४४२
७६. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १७५

७७. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ १६३

मा कानुन आयोगले दस वर्षभन्दा कम उमेर भएका पत्नीहरूसँग यौन आचार गर्नु कानुनी रूपमा वर्जित छ भन्ने प्रस्तावना राखेको थियो। यसको दस वर्षपछि सन् १८६० मा यो कानुन व्यवहारमा आएको थियो तर भारतीय नारीहरूको पतिभक्ति तथा पतिव्रता धर्मको अटल आस्थाको कारण यो असफल भएको थियो भन्ने कुरा राम अहुजाले उल्लेख गरेका छन्।[७८] धेरै समयको सामाजिक सङ्घर्ष र कानुनी उतार चढाउपछि सन् १९७६ को कानुनी संशोधनले विवाहमा वधूका निम्ति अठार (१८) वर्ष र वरको लागि एक्काइस (२१) वर्ष योग्य उमेर भनी निश्चित गरेको छ।[७९] यसरी वर र वधूमाझ उमेरको तीन वर्षको अन्तर कानुनले औपचारिक मानेको छ। वात्सायनले पनि नर-नारीमाझ तीन वर्षको अन्तरलाई नै उत्तम मानेका छन्।[८०] उमेरको यस अन्तरले वर-वधूमाझ मानसिक र बौद्धिक अन्तर अधिक पर्दैन र दुईमाझ भावनात्मक सहचार्य र बन्धुत्व सम्बन्ध स्थापित हुने सम्भावना अधिक हुन्छ भन्ने वात्सायनको विचार पाइन्छ। आधुनिक समयमा भारतीय कानुनले तय गरिदिएको अठार (१८) र एक्काइस (२१) वर्ष व्यक्तिको वयस्कताको प्रामाणिकता मानिएको छ। तर वयस्कता सम्बन्धमा समाजशास्त्रीय अध्ययन फराकिलो पाइन्छ। रोबर्ट ब्लडलाई सन्दर्भमा लिँदै राम अहुजा उनै व्यक्तिलाई वयस्क मान्छन् जसले आफ्नो व्यक्तिगत सम्बन्ध स्थापित र परिचालन गर्न सक्ने क्षमताको विकास गर्न सक्छ तथा जसले दिने क्षमता (स्नेह, प्रेम र सहानुभूति) अनि लिने क्षमता (उत्तरदायित्व) राख्न सक्छ।[८१] राम अहुजाले वयस्कताका पाँच प्रकारहरूमाथि प्रकाश पारी यसका लक्षणहरू बताएका छन्,[८२] -

क. कालक्रमिक वयस्कता (Chronological Maturity) : यस अन्तर्गत व्यक्तिको जन्मदेखिको समयको गणित आउँछ तर समयको गणितमा व्यक्तिको सर्वाङ्गीण विकासको स्थिति सधैँ सामान्य नरहनु पनि सम्भव छ।

ख. जैविक वयस्कता (Zoological Maturity) : यस अन्तर्गत व्यक्तिको शारीरिक मापको हिसाब आउँछ। यसमा कन्याहरूको मासिक धर्मको पक्ष पनि महत्त्वपूर्ण छ।

ग. मानसिक वयस्कता (Mental Maturity) : यसले बौद्धिकस्तर (Itelligence quotient) र उमेरअनुसार व्यक्तिको मनोवैज्ञानिक आचरणको स्थिति बुझिन्छ र त्यसबाट व्यक्तिको मानसिक वयस्कता तय गर्न सकिन्छ।

घ. भावनात्मक वयस्कता (Emotional Maturity) : यसको अर्थ व्यक्तिले आफै व्यक्तिगत सम्बन्ध स्थापित गर्ने र परिचालन गर्ने क्षमताको विकास गर्न सक्षम हुनु हो।

७८. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृ. १६६

७९. सोसियोलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृ. ११८

८०. वात्सायनका कामसूत्र, २०१०, आचार्य रामचन्द्र शास्त्री (टीका), मनोज पब्लिकेसन, दिल्ली, पृ. २९

८१. A mature Person is one who has developed the ability to establish and maintain personal relationship or one who has the ability to give (affection, love and Sympathy) and taken (responsibilties). इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृ. १६८

८२. पूर्ववत्

ङ. सामाजिक वयस्कता (Social Maturity) : सामाजिक वयस्कताको अर्थ सामान्य सामाजिक जीवन जिउने पर्याप्त अभिज्ञता प्राप्त गर्नु हो।

यसरी भारतीय कानुन अन्तर्गत वरका निम्ति एक्काइस अनि वधूको लागि अठार वर्षको आयु सीमाले समाज मनोविज्ञानलाई समेत समेट्न सक्छ भन्ने विद्वानहरूको भनाइ पाइन्छ।[८३]

विवाहका योग्यताहरूमध्ये धन पनि एउटा तत्व हो। वैदिक एवं उत्तर वैदिककालमा समाज व्यवस्था सञ्चालनको लागि र शत्रु जयका निम्ति वीर पुत्रहरूको आकाङ्क्षा राखेर उत्तम कन्या प्राप्त गर्ने अभीष्ट राखिन्थ्यो जसका निम्ति वर पक्षले कन्या पक्षलाई धन दिने उपाय पनि गरिन्थ्यो। दोषपूर्ण वरका निम्ति उत्तम कन्या प्राप्त गर्न पनि धनको व्यय गर्ने चलन थियो।[८४] कन्या पक्षले आफ्नो आर्थिक स्थितिमा सुधार गर्नका निम्ति नै वर पक्षबाट धन लिन तयार हुन्थे[८५] यद्यपि, यो प्रक्रिया दोहोरो थियो। दोषपूर्ण कन्यालाई उत्तम वर प्राप्तिको लागि वर पक्षलाई राम्रो धनराशि दिने उपाय गरिएको कुरा चन्द्रदेव सिंहले चर्चा गरेका छन्।[८६] ऋग्वेदमा प्रयोग भएको 'वहतु' शब्दको अर्थ वधूले माइतघरबाट ल्याएकी धन-सम्पत्ति भनिएको छ।[८७] प्राचीन समयमा भएको धन लेनदेनको यस प्रचलनमा आधुनिक समयमा व्यापक रूपमा फैलिएको 'दाइजो प्रथा'को सूत्र पाइन्छ। स्वेच्छाले पतिवरण गर्ने कन्याले माइतबाट दिइएको धनग्रहण गर्नु उचित होइन अनि रजस्वला कन्यालाई विवाह गर्ने वरले कन्या पक्षलाई कन्याशुल्क दिने आवश्यकता छैन भन्ने मनुस्मृतिको विधान छ।[८८] आचार्य मनुले संसारको कुनै पनि मानिसले कन्याशुल्क लिने कामलाई वर्जित गरेका छन् किनभने यसले परोक्ष रूपमा कन्या विक्रयको अर्थबोध हुन्छ।[८९] तर दोषवती कन्यालाई निर्दोष र उत्तम बताएर कन्यादान गरिएको भए त्यस दाताको दान निरर्थक र व्यर्थ घोषित गरिनुपर्छ।[९०] मुस्लिम आस्थाअनुसार हुने नियमित विवाह (शाही विवाह)मा 'मेहर'को रिवाज पाइन्छ। 'मेहर' वरले वधूलाई दिने उपहार राशि हो। सामान्य रूपले हेर्दा यो 'कन्याशुल्क' बुझिन्छ तर मुस्लिम विधानअनुसार यसलाई वधूको आर्थिक सुरक्षा मानिएको छ। मुस्लिम विवाह अनुबन्ध भएको कारणले कुनै समय अचानक विवाह विच्छेद भएमा अथवा वरको मरण भएमा वधूलाई प्राप्त हुने आर्थिक संरक्षण हो जो विवाहपूर्व नै निश्चित गरिन्छ।[९१] यसकारण विवाह गर्ने वरले 'मेहर'को राशि तिर्न सक्ने हैसियत राख्न अनिवार्य मानिन्छ। यसका साथै शाही विवाह गर्न इच्छुक वर-वधू दुवै वयस्क, शारीरिक र

८३. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृ. १६८
८४. ऋग्वेद १०-२७-१२, पूर्ववत्, पृष्ठ ८७६
८५. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १०३
८६. पूर्ववत्
८७. तुभ्यमग्रे पर्यवहन्सूर्या वहतुना सह। पुनः पतिभ्यो जायां दा अग्ने प्रजया सह।। ऋग्वेद १०-८५-३८, पूर्ववत्, पृष्ठ ९४९
८८. मनुस्मृति, ९-९२-९३, पूर्ववत्, पृष्ठ ४४३
८९. आददीत न शुद्रोपि शुल्कं दुहितरं ददत्। शुल्क हि गृह्वन कुरूते छन्नं दुहितृविक्रयम।। पूर्ववत्, ९-९८, पृष्ठ ४४४
९०. यस तु दोषवती कन्यामनाख्यायोपपापदयेत्। तस्य तद् वितथ कुर्यात कन्यादातुर दुरात्मनः।। पूर्ववत्, ९-७३, पृष्ठ ४३९
९१. सोसियलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १२१

मानसिक रूपले स्वस्थ, समान सामाजिक स्तर र हैसियत हुनु आवश्यक मानिएको छ। मुस्लिम विवाह व्यवस्थामा जीवन साथीको खोजमा रक्त सम्बन्धलाई प्राथमिकता दिइन्छ। क्रिश्चियन आस्थाअनुसार पनि विवाह नर-नारीमाझ हुने अनुबन्ध हो। यो ईश्वरीय प्रावधान भएको हुनाले वर-वधू बन्न चाहनेले चर्चमा आफ्नो क्रिश्चियन आस्थाको प्रमाणपत्र प्रामाणिक गराउन र चरित्र प्रमाणपत्र जँचाउन अनिवार्य छ। रक्त सम्बन्धबाट मुक्त, समान सामाजिक स्तर, शारीरिक र मानसिक रूपले स्वस्थ हुनुलाई विवाहको योग्यता बताइएको छ।[९२] हिन्दू, मुस्लिम र क्रिश्चियन विवाह विधानभित्र सबैमा शारीरिक र मानसिक स्वास्थ्य र समान सामाजिक स्तरको शर्त राखिएको छ। विवाह शारीरिक, सामाजिक र मानसिक प्रयोजनलाई सिद्ध गर्ने प्रक्रिया भएकोले व्यक्तिको स्वास्थ्य प्राथमिक रूपमा महत्त्वपूर्ण छ। समान सामाजिक स्तरको अर्थ विविध हुनसक्छ। आफूभन्दा निम्न सामाजिक स्तरमा विवाह सम्बन्ध राख्दा आफ्नो पनि सामाजिक मर्यादा घट्ने आशङ्का यस विषयमा राखिएको पहिलो सावधानी हो। वात्सायनले पनि वर-वधूको समान सामाजिक स्तरलाई महत्त्व दिएका छन्। यस सम्बन्धमा उनको मनोवैज्ञानिक व्याख्या पाइन्छ। आफूभन्दा उच्च स्तरकी कन्या विवाह गर्दा वरमा हीन कुण्ठा उत्पन्न हुन्छ औ निम्न स्तरकी कन्या विवाह गर्दा उच्च कुण्ठा उत्पन्न हुन्छ। यी दुवै अवस्थामा वैवाहिक सम्बन्ध स्वस्थ र कुशल हुँदैन र विवाह असफल हुने सम्भावना अधिक रहन्छ। तर विवाह वर-वधूमा परस्पर समान आनन्दको अनुभूति गराउने तथा दुवैको एकअर्काको पूरक भएको आभास दिने तथा एकअर्कालाई वरण गरेकोमा गर्व, गौरवको भाव जगाउने उत्तम प्रक्रिया हुनु अनिवार्य छ।[९३] यसैले विवाह समान सामाजिक स्तर र हैसियतमा सम्पन्न गर्नुपर्ने कुरामा वात्सायनले जोड दिएका छन्।

२.२.२.३. विवाहका प्रेरक तत्वहरू

विवाह मानवकृत सामाजिक संस्था हो। मान्छे जातिले आफ्नै नैसर्गिक र सामाजिक प्रयोजनहरू पूर्ण गर्नका निम्ति विवाह व्यवस्थामा बस्न रुचि राख्छन्। मान्छे जातिमा यस्तो अभिरुचि उत्पन्न गर्ने मुख्य प्रेरक तत्वहरू छन् जसलाई निम्नप्रकारले अध्ययन गर्न सकिन्छ -

२.२.२.३.१. धर्म

हिन्दू धर्मावलम्बीहरूको लागि विवाह धार्मिक कर्तव्यको विषय हो। प्रत्येक हिन्दू धार्मिक संस्कारको रूपमा विवाहप्रति प्रतिबद्ध हुन्छ। हिन्दू विवाहमा सामाजिक अनुबन्ध र यौन जीवनयापनको वैधता प्राप्त गर्ने मात्र धारणा हुँदैन। यसकारण विवाह धर्म आधारित पवित्र रिवाज हो। धर्म आचरणले पूर्ण हुनका निम्ति हिन्दू

९२. सोसियोलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ११३
९३. परस्परसुखास्वादा क्रीडा यत्र प्रयुज्यते। विशेषयन्ती चान्योन्यं सम्बन्धः स विधीयते।। वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ १५४

अनुचरहरू विवाहलाई पूर्ण समर्पणसँग ग्रहण गर्छन्। हिन्दू शास्त्रमा मनुष्यको सम्पूर्ण जीवनलाई निश्चित आयुसीमा अन्तर्गत चार आश्रममा बाँडेर राखिएको र प्रत्येक आश्रमअनुसारको कर्मयोगमा समर्पित हुनुपर्ने आचार संहिता छ। गार्हस्थ्य, आचार्यकूल, मौन र वानप्रस्थ ती चार आश्रमहरू हुन्।[९४] समयको क्रमिक विकासअनुसार यिनको स्वरूप यस्तो हुन्छ – आचार्यकूल (ब्रह्मचार्य) गार्हस्थ्य, वानप्रस्थ र मौन (सन्यास)। यीमध्ये गार्हस्थधर्मलाई प्रमुखता दिनका निम्ति नै आपस्तम्बमा धर्म सूत्रले यसलाई प्रथम स्थान दिएको हो।[९५] यी तीन आश्रमीहरू (ब्रह्मचारी, वानप्रस्थ र सन्यासी) ज्ञानद्वारा र अन्नद्वारा गृहस्थबाट नै पोषित हुन्छन्। यसकारण गृहस्थ अन्य आश्रमहरूभन्दा जेठो छ भन्ने वर्णन मनुस्मृतिमा पनि पाइन्छ।[९६] मनुष्यले आफ्नो जीवनभरमा धर्म अर्थ, काम, मोक्ष चार पुरुषार्थ आर्जन गर्ने उद्देश्य राख्नु, यसकै निम्ति कर्मरत रहनु अनिवार्य मानिएको छ। चार आश्रमहरूमध्ये गृहस्थाश्रमलाई श्रेष्ठ मानिनुको कारण यही एउटा आश्रमको व्यवस्थालाई अनुपालन गर्नाले मात्र धर्म, अर्थ, काम, मोक्ष प्राप्त हुनसक्ने अवसर पाइन्छ।[९७] यस आश्रममा बसेर मान्छेले जीवनमा आवश्यक पाँच यज्ञ सम्पन्न गर्न सक्छन्। अहुत जप (वेदाध्ययन वा ब्राह्मज्ञान), दुतहोम (देवयज्ञ), प्रदुत (भूतयज्ञ), ब्राहम्य दुत अतिथि ब्राह्मणको भोजन (मनुष्ययज्ञ) र प्राशित (पितृतर्पण) हुन्।[९८] गृहस्थले वेदाध्ययनद्वारा ब्रह्मयज्ञ, होमद्वारा देवयज्ञ, श्राद्ध कर्मद्वारा पितृयज्ञ, अन्नद्वारा मनुष्ययज्ञ, बलिद्वारा भूतयज्ञ सम्पन्न गर्न सक्छन्[९९] र मनुष्यजीवनमा जन्मदेखि नै लागेको ऋणबाट मुक्त हुनसक्छन्।[१००] यसरी गृहस्थाश्रम धर्म आचरणको प्रमुख संस्था हो जसमा एउटा साधारण गृहस्थले पनि वेदज्ञानी महापुरुषले जस्तै चार पुरुषार्थको साधना गर्न सक्छन्। संसारका सम्पूर्ण चराचर अनि अन्य तीन आश्रमीहरू पनि पूर्ण रूपले गृहस्थमाथि नै निर्भर हुन्छन्। वायुको सहारामा सम्पूर्ण जीवजगत बाँचेझैँ सबै आश्रमी मानिसहरू गृहस्थमा आश्रित भएर परम सत्तालाई प्राप्त गर्छन्।[१०१] गृहस्थ ब्राह्मणले सबै प्राणीहरूको सेवा गर्दै सोझो रूपमा तेज स्वरूप परमधाममा जान्छन्।[१०२] यस व्यापक धार्मिक अवधारणाले प्रेरित भएर हिन्दू नर-नारी विवाह संस्थामा प्रवेश गर्छन्। इसाई र इस्लाम आस्थामा विवाह अनुबन्ध भए तापनि एउटा पवित्र धार्मिक कर्तव्य हो भन्ने कुरा मानिएको छ। परमेश्वर र अल्लाहले आयोजित गरिदिएको यस व्यवस्थाभित्र मान्छेले विवाहद्वारा आफ्नो धर्म

९४. आश्रयभ्येन्ति श्रेयोर्थिनः पुरुषा येषुते आश्रममाः। गार्हस्थ्यमाचार्यकुलम् मौनं, वानप्रस्थमिति। आपस्तम्ब-धर्मसूत्र, २००८, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल, नवम पटल, १, पृष्ठ २३७

९५. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ २४५

९६. यस्मात त्रयोप्याश्रमिणो ज्ञानेनाऽन्नेन चान्वहम्। गृहस्थैनेव धार्मन्ते नस्माज ज्येष्ठाश्रमो गृही। । आपस्तम्ब-धर्मसूत्र, ७८, पृष्ठ १५८

९७. पूर्ववत्, पृष्ठ १९

९८. मनुस्मृति, ३ : ७३-७५,पूर्ववत्, पृष्ठ १५८-१५९

९९. पूर्ववत्

१००.पूर्ववत्, पृष्ठ १५८-१५९

१०१. पूर्ववत्

१०२. पूर्ववत्

पालन गर्नुपर्छ भन्ने विश्वास छ।[१०३]

२.२.२.३.२. रति

रति शृङ्गार रसको स्थायी भाव हो जसले प्राणीको रागात्मक चित्तवृतिलाई प्रकाश पार्छ। राग कामभावनाको एउटा रूप हो अनि चित्तयन्त्रलाई चलाउने मनको एक अदम्य शक्ति हो।[१०४] अथर्ववेदको व्याख्याअनुसार सृष्टिको उत्पतिकालभन्दा पहिले कामको सङ्कल्प उदायो। देवता, पितृ र सबै मानिसहरूले पनि यसलाई जित्न सकेनन्। यसकारण कामलाई श्रेष्ठ र महान भन्दै नमन गरिएको छ भने यसलाई सङ्कल्पशक्ति तथा सङ्कल्प बलको प्रतीक मानिएको छ।[१०५] आचार्य वात्सायनको 'कामसूत्र'का हिन्दी अनुवादक तथा टीकाकार आचार्य रामचन्द्र शास्त्री लेख्छन्, *भारतीय मनीषिहरूले मनुष्यका सबै इच्छाहरूलाई तीन ऐषणाहरूमा समावेश गरेका छन् र ती ऐषणाहरूलाई दुर्दम्य र अजेय मानेका छन्। तीमध्ये दुई हुन् - वित्तैषणा र कामैषणा। पाश्चात्य मनोवैज्ञानिकहरूले पनि यिनलाई आहार र काम अर्थात् आहार इच्छा र मैथुनेच्छा भनेका छन्। आहारद्वारा शरीरको रक्षा र पुष्टि हुन्छ भने मैथुनद्वारा मनलाई तुष्टि प्राप्त हुन्छ। यीनै दुई भोक र काम विश्वका सञ्चालक तत्व हुन्।*[१०६] आचार्य वात्सायनद्वारा 'कामसूत्र' लेखिनुको मूल उद्देश्य मानिसलाई कामकलाको सही शिक्षा दिनु र स्वस्थ समाज निर्माणमा सहभागी बन्नु हो भन्ने कुरा उल्लेख गर्दै आचार्य शास्त्री अझ लेख्छन्, *काम एउटा प्रबल शक्ति हो जसको उपयोगबिना सृष्टिको अस्तित्व छैन। दैवप्रदत्त यस शक्तिको शुभ प्रयोगले नै मनुष्यलाई पशुको स्तरदेखि माथि उठाउँछ नत्र शिश्नोदरपरायण मनुष्य पशुभन्दा कुनै रूपमा भिन्न छैन।*[१०७] मानव जीवनको यस्तो प्रबल ऊर्जामय सौन्दर्यलाई विवाहको प्रेरक कारण मानिएको छ। अथर्ववेदमा विवाह अनुष्ठानमा नव वर वधूलाई परस्परमा प्रीतिमय परिवेश सृजना गरेर दाम्पत्य जीवनलाई सुखी र आनन्दमय बनाउने आशिष दिइएको छ किनभने नर-नारीको पारस्परिक अनुराग भावले नै दाम्पत्य जीवनलाई सुखमय र मङ्गलमय बनाउने कुरामा आस्था राखिएको छ। स्नेह, प्रेम र अनुरागजस्ता मानसिक आह्लादसहित सम्पूर्ण इन्द्रियहरूले सम्पन्न भएर जीवनको प्राणतत्वलाई धारण गर्दै प्रकृति पुरुषरूपी नर-नारीले आनन्दमय जीवन नदीमा गोता लगाउँदै पार तर्नुपर्नेछ।[१०८] वेदका अनेक ऋचाहरूमा वरद्वारा वधूप्रति प्रेममय रतिकामना गरिएको तथा नर-नारीको जैविक र मानसिक शक्तिप्रति विराट आत्मविश्वास राखिएको छ। विवाह अनुष्ठानमा वरले वधूप्रति पुरुषार्थी सम्बोधन गर्दै प्रीतिपूर्ण समर्पणको प्रस्ताव राखेको पाइन्छ - *हे नारी! म पुरुषको*

१०३. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ १५६
१०४. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ १२
१०५. अथर्ववेद, विसं २०३६, तिलकप्रसाद लुइँटेल, विद्यार्थी पुस्तक भण्डार, काठमान्डु, ९-२-१९, पृष्ठ २८१
१०६. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ २४०
१०७. पूर्ववत्
१०८. स्योनाद्योरधि बुध्यमानौ हसामुदौ महसा योदमानौ। सुगू सुपुत्रौ सुगृहौ तराथो जीवापुषसो विभातीः। ऋग्वेद, १४-२-४३, पूर्ववत्, पृष्ठ ४५१

प्राणतत्वको रूपमा रहेको विष्णु हूँ भने तिमी रयिका नामले परिचित लक्ष्मी हौ। म सामगीत हुँ भने तिमी ऋचा हौ, म द्युलोक रूपी पुरुष नै सूर्यको शक्ति हूँ भने तिमी सहनशीलताकी प्रतीक पृथ्वी हौ। हामी दुवैको पारस्परिक स्नेहले एकत्र भएर श्रेष्ठ सन्तान जन्माउनुपर्छ।[१०९] मनुस्मृतिमा नारीलाई सधैँ वस्त्र आभूषण र स्नानादिले शोभायुक्त बनिरहनु आवश्यक बताइएको छ जसको कारणले नरलाई प्रीतिपूर्ण आकर्षणमा बाँधिराख्न सकिन्छ।[११०] आपस्तम्ब धर्मसूत्रले नरलाई पनि रति सहचार्यमा अलङ्कार धारण गर्नुपर्ने नीति दिएको छ।[१११] जुन घरमा पति पत्नी एकअर्कामा सन्तुष्ट रहन्छन् त्यस घरमा सदाकाल कल्याण बनिरहन्छ।[११२] विवाह सामान्यतः विपरीत लिङ्गी मनुष्यको जोडी बनाउने प्रबल कामनाले प्रेरित हुन्छ। यस जोडीमाझ रागात्मक भावनाहरूको पारस्परिक आदन-प्रदान बनाइराख्ने प्रीतिमय आह्लादलाई सृजना गर्ने र जीवनको प्राणतत्व (भोग कामना)लाई बचाइराख्ने उत्साहबाट प्रेरित छ। नर-नारीको यस सहचार्यले सौन्दर्य र शक्तिको समष्टि रूपलाई जगाउँछ तथा सुख र सन्तुष्टिको रहस्य भेटाउने दिशामा निरन्तर अभिमुख रहेको पाइन्छ। वात्सायनको व्याख्याअनुसार नर र नारीमाझ आनन्दको प्रतिदानको माध्यम नै सम्भोग हो जसमा दुवै एकअर्कामा समर्पित हुन्छन्। यस आत्मसमर्पणबाट दुवैलाई परम सुख र आनन्दको उपलब्धि हुन्छ।[११३] आधुनिक समाजशास्त्रीहरू काम सन्तुष्टिलाई विवाहको मूल कारण मान्छन्। सि.एन. शङ्कर राव विवाहमा जोडी बनाउने इच्छा र कामसुखलाई प्रमुखता दिन्छन्।[११४] विवाह मान्छेको कामाचरणको मर्यादापूर्ण विधान हुनाले यसका कतिपय आचार संहिता छन्। हिन्दू शास्त्रले दाम्पत्यलाई एउटा व्रत (साधना) मानी ऋतुकाल गर्भाधारणको निम्ति अत्यन्त उपयोगी र फलदायी ठानेको छ। ऋतुकालको सोह्र दिनभित्र सहवास नगर्ने नरका पितृहरू त्यो महिनाभर नारीको रजमा सुत्नुपर्ने हुन्छ।[११५] विवाह सम्पन्न भएको दिन र त्यही नक्षत्र परेको दिनलाई विशेष महत्त्व दिएर त्यस दिन नर-नारी दुवैलाई प्रिय खाद्य वस्तु खाने, भुइँमा शयन गर्ने तर मैथुन नगर्ने नीति पनि बाँधिदिएको छ।[११६]

यसरी विवाह साध्य मात्र होइन तर नर-नारीको पारस्परिक आचरण प्रीतिपूर्ण बनाउने, आपसी आकर्षण बढाउने, उदार मानसिकताको विकास गर्ने विवेकपूर्ण माध्यमका रूपमा स्थापित छ। यो पूर्ण रूपमा दैहिक आचरण मात्र होइन तर मानसिक समर्पणको मर्यादाले सम्पन्न छ भने स्वस्थ काम आचरणद्वारा स्वस्थ

१०९. अमोहमस्मि सा त्वं सामाहमस्म्यृक त्वं द्यौरहं पृथिवी त्वम्। ताविह सं भवाव प्रजामा जनयावहै।। १४-२-७१, पूर्ववत्, पृष्ठ ४५४

११०. स्त्रियां तु रोचमानायां सर्व तद् रोचते कुलम्। तस्यां त्वरोचमानायां सर्वमेव न रोचते।।, मनुस्मृति ३-६२, पूर्ववत्, पृष्ठ १५६

१११. आपस्तम्ब धर्मसूत्र, पूर्ववत्, पृष्ठ १५०

११२. सन्तुष्टो भार्यमा भर्ता भर्त्रा भार्मा तथैन च। यस्मिननेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्। मनुस्मृति ३-६०, पूर्ववत् पृष्ठ १५५

११३. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ ६०

११४. आपस्तम्ब धर्मसूत्र, पूर्ववत्, पृष्ठ १५६

११५.पूर्ववत्, पृष्ठ १५५

११६. पूर्ववत्

प्रजनन गर्ने अभीष्टले प्रेरित छ। अथर्ववेदमा यसबारे लेखिएको छ - *हे नर-नारी हो! तिमीहरू आ-आफ्नो रेतस नामका उत्पादक क्षमताले मातापिता बन्नमा सक्षम छौ। त्यसैले ऋतुकालमा सहवास गर। सन्तान उत्पन्न गर र सम्पत्तिको वृद्धि गर।*[११७] विवाहले नर-नारीबिचको रति भावनालाई सामाजिक मान्यता प्रदान गर्दछ। कानुन अथवा धर्मको स्वीकृति प्राप्त भए अथवा नभए तापनि जीवविज्ञान र केही हदसम्म सामाजिक अर्थमा विवाह एउटा स्थायी यौन सम्बन्ध हो।[११८] सफल नागरिक जीवनयापन गर्ने आचार संहिताहरू बताएर भतृहरिले **नीतिशतक** लेखेपछि **शृङ्गार शतक** लेख्नुको मुख्य उद्देश्य चाहिँ सुखी र आनन्ददायी दाम्पत्य साहचर्यमा स्वस्थ काम आचरणको औचित्य बुझाउन नै थियो भन्ने स्पष्ट हुन्छ। यद्यपि, नारीवादले प्रायःजसो सबै पारम्परिक विधिहरूको निर्माण पुरुषप्रधान परिप्रेक्ष्यबाट भएको हुनाले नारीको परिप्रेक्ष्य शुन्य छ भन्ने बताएको छ। विवाहमा दाम्पत्य साहचर्यको मूलाधार मानिएको रतिराग सन्दर्भमा पनि नारीको भूमिका न्यून छ। नारीको कौमार्य पितृप्रधान समाजमा एक नैतिक, धार्मिक अनि रहस्यात्मक मूल्य मात्र बुझिन्छ। नारीको वैयक्तिक सहभागिता नभएको तथा आन्तरिक कामनाहीन प्रथम पतिमिलन जैविक स्तरमा जानवरतुल्य कामाचरण मात्र हुन्छ।[११९] ह्याबलक एलिसलाई सन्दर्भमा लिँदै सिमोन वुभाले विवाहको कारणले हुने बलात्कारको सङ्ख्या अन्य कारणले भएका बलात्कारको सङ्ख्याभन्दा अधिक मानेकी छन्।[१२०] पुरुषले आफ्नो जैविक सन्तुष्टि र गृहस्थी सुखभोगको कामनाले प्रेरित भएर विवाह गर्छ भने नारीका निम्ति विवाह अनिवार्य सेवाकार्य हो जसका निम्ति उसलाई आर्थिक सम्बलको आश्वासन प्राप्त हुन्छ।[१२१] विवाह अनुष्ठानमा पुरुष सधैँ निर्णायक र कर्ता हुन्छ अनि नारी सधैँ कर्म तथा विषय बनेकी हुन्छे। विवाहमा नारीको भूमिका भन्नाले केवल नैतिक समर्पण बुझिन्छ। जो आफ्नो व्यक्तिगत परिप्रेक्ष्यबाट नै शुन्य हुन्छ उसले रतिराग जस्तो वैयक्तिक भावनालाई कसरी पारस्परिक गर्न सक्छ भन्ने नारीवादी विचारधारा छ।[१२२] तर प्राकृतिक रूपमा नारी कामनात्मक शक्तिले समर्थ हुन्छे भन्ने तथ्यलाई यौन मनोविज्ञानी ह्याबलक एलिसले पनि मानेका छन्।[१२३] यसकारण अत्यन्त कृत्रिम दबाउसँग सम्पन्न गरिने पारम्परिक विवाहले नारीहरूको काम भावनालाई मुश्किलले मात्र जागृत गर्न सक्छ भन्ने सिमोन वुभाको भनाइ छ।[१२४]

११७. सं पितरावृत्विये सृजेथां मातापिता च रेत सो भवाथः।मर्म इव योषामधिरोहयैनां प्रजा कुण्वाथामिह पुष्यतं रयिम्।। अथर्ववेद १४-२-३७, पूर्ववत् पृष्ठ ४५०
११८. यौन मनोविज्ञान, २०११, ह्याबलक एलिस, मन्मथनाथ गुप्त (अनु.), राजपाल एन्ड सन्स दिल्ली, पृष्ठ २०६
११९. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ १९५
१२०. पूर्ववत्
१२१. पूर्ववत्
१२२. पूर्ववत्
१२३. यौन मनोविज्ञान, पूर्ववत्, पृष्ठ २६-३५
१२४. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ २०७

२.२.२.३.३. प्रजा

प्रजा तथा सन्तानको इच्छा तथा प्रयोजन विवाहको मूलकारणमध्ये एउटा हो। प्राचीनकालमा खेती र पशुपालन नै जीविकाका प्रमुख साधन थिए। यस्ता श्रमसाध्य जीवन प्रणालीको लागि परिवारमा बलिया र समर्थ सन्तानहरू हुनु आवश्यक थियो अनि बाहिरी शत्रुहरूको आक्रमणबाट बाँच्नलाई तथा आत्मसुरक्षाका निम्ति वीर सन्तानहरूको प्राप्ति सबैको लागि पहिलो प्राथमिकता थियो। यसकारण मानिसहरू बहुविवाह र बहुसन्तान प्रजननमा उत्साही थिए।[१२५] वेदमा गर्भाधारण र गर्भरक्षार्थ धेरै ऋचाहरू रचिएका छन् जसले सन्तान सृजनको महत्वलाई स्पष्ट पार्छ। विवाहको बेला वधूलाई दिइने आशीर्वादले पनि सन्तान प्राप्तिलाई नै प्रमुखता दिएको छ। जस्तै - *आत्मिक शक्तिले सम्पन्न र श्रेष्ठ सन्ततिहरू उत्पादन गर्ने शक्तिले सम्पन्न यी नारी वधूको रूपमा पतिघर पुगेकी छन्। हे पुरुषार्थले सम्पन्न नर हो! यिनमा तिमी आफ्नो वीर्यरूपी वंशानुक्रमको वीजाधान गर, त्यसपछि यी नारीले पुरुषको वीर्य र दूध धारण गर्दै सन्तान जन्माउने छिन्।*[१२६] गृहस्थाश्रम धर्मको मूलाधार सन्तानको कामना नै थियो यसकारण विवाहमा वर-वधूलाई वृषछालाको आसनमा बसाउने संस्कार हिन्दू परम्परामा थियो। कारण वृषलाई उर्वरताको प्रतीक मानिन्छ।[१२७] विवाह प्रक्रियामा कतिपय संस्कारगत क्रीडाहरू प्रचलित थिए जसमा यदि वरले वधूको हातको बुढीऔँला समात्न सक्यो भने छोरा सन्तान हुने, अन्य औँला समात्न सके छोरी सन्तान र हातको कुनै अन्य भाग समात्न सके छोरा र छोरी दुवै सन्तान हुनसक्ने विश्वास राखिन्थ्यो। बौधायन धर्म संस्कारलाई उद्धृत गर्दै चन्द्रदेव सिंह विवाह संस्कारमा तीन रातसम्म वर-वधूद्वारा संयम व्रत धारण गर्नु उत्तम र श्रेष्ठ सन्तानको सृष्टि कामना नै हो भन्ने अर्थ लगाउँछन्।[१२८]

अथर्ववेदको ऋचाअनुसार गर्भाधान एउटा विराट मानवीय आयोजन हो जसलाई सफल बनाउनका निम्ति सारा देवशक्तिप्रति पवित्र प्रार्थना गरिएको छ। पोषण कार्यमा समर्थ पूषादेवतालाई कल्याणकारिणी उर्वराशक्तिरूपा नारीलाई गर्भाधानको निम्ति प्रेरित गर्नलाई आह्वान गरिएको छ जसले नरद्वारा वीर्याधानको कार्य सम्पन्न हुन सकोस्। नारीले प्रेमपूर्ण उत्साहसँग आफूलाई समर्पित गरून् र वीर्यको स्थापना सफल बन्न सकोस्।[१२९] नर नारी दुवै रेतस नामक प्रजनन क्षमताबाट सक्षम छन् यसकारण वीर्यवान नरले ऋतुकालमा नारीसँग सहवास गर्ने र सन्तानले भरिपूर्ण हुने आकाङ्क्षा राखिएको छ।[१३०] ऋतुकालमा मात्र नर नारीको

१२५. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १०६

१२६. आत्मन्वत्युर्वेरा नारीयमागन तस्यां नरो वपत बीजमस्याम्। सा वः प्रजां जनयद् वश्रणाभ्यो विभ्रती दुग्धमृषभस्य रेतः।। अथर्ववेद १४-१०, पूर्ववत् पृष्ठ ४४८

१२७. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १०६

१२८. पूर्ववत्

१२९. तां पुषल्छिवतमामेरयस्व यस्यां बीजं मनुष्याइ वपन्ति, या न उरू उशती विश्रयाति यस्यामुशन्तः प्रहरेम शेपः। अथर्ववेद, ११-३८ पूर्ववत्, पृष्ठ ४५०

१३०. अथर्ववेद् ११-३७, पूर्ववत्, पृ. ४३५

समागम उचित बताइएको कारण पनि श्रेष्ठ र उत्तम सन्तानको अभिप्राप्तिको अभिलाषा नै हो। प्रसन्न चित्तले नारीद्वारा पतिप्रति गरिएको समर्पणले नै श्रेष्ठ सन्तानको जन्म हुन्छ। यस्ती नारीलाई इन्द्राणी (इन्द्रकी पत्नी) जस्तै आचरण गर्ने प्रेरणा दिइएको छ।[१३१] गर्भ रक्षाका निम्ति पनि ऋग्वेदमा ऋषिहरूले प्रार्थना गरेका छन् र नारीको शरीर अनि गर्भलाई दुःख दिन र क्षति पुऱ्याउन आउने पैशाचिक शक्तिलाई नाश गर्नको लागि अग्निदेवलाई आह्वान गरिएको छ।[१३२] विवाहमा नव-वधूलाई श्रेष्ठ सन्तान उत्पादन गर्न सक्ने कार्यकारी शक्तिको रूपमा पति गृहमा विशेष स्वागत गरिएको छ। उत्तम सन्तानद्वारा सुख, समृद्धि र वैभव ल्याउनसक्ने लक्ष्मी स्वरूपा माताको सत्कार वेदमा गरिएको पाइन्छ। यसकारण वधूको महिमा सोझो रूपमा सन्तानको श्रेष्ठताको महिमासँग जोडिएको देखिन्छ। अथर्ववेदमा नव-वधूको सम्मानमा रचिएका धेरै ऋचाहरू नारीको मातृ स्वरूपलाई गरिएका अभिनन्दन छन्।[१३३]

सम्पूर्ण परिवारलाई समर्थ सन्तानबाट सुरक्षा र कल्याण प्राप्त हुने विराट भरोसा राखिएको थियो। असल सन्तानकी आमा भएकी हुनाले नै इन्द्राणी (इन्द्रकी पत्नी) आफूलाई सबैभन्दा सुखी र संरक्षित अनुभव गर्थिन् र आफ्नो भाग्यमाथि गर्व गर्थिन्।[१३४] मनुकी पुत्री पर्शु (स्पर्शा)ले एकैपटकमा बीसजना वीर पुत्र जन्माएकी थिइन्। यसकारण उनको विशाल पेटको कल्याणको लागि प्रार्थना गरिएको छ।[१३५] अथर्ववेदमा विविध दिशाहरूबाट आइपर्ने आपद विपदहरूलाई नाश गरिदिने प्रार्थना तथा माता अदीतिलाई आफ्ना पुत्रहरूको सहायताले पूर्व दिशाबाट आउने शत्रु रूपी सङ्कटबाट रक्षा गरिदिने आह्वान गरिएको छ।[१३६] ऋषि बार्हस्पत्यले मानिसको कल्याणको लागि इन्द्रदेवप्रति सूर्यजस्तै कान्तियुक्त, शत्रुमाथि प्रहार गर्न सक्ने, प्रभावशाली प्रतिकार गर्न सक्ने र भूमिलाई उर्बर बनाउन सक्ने हजारौँ प्रकारका ऐश्वर्यले पूर्ण उत्तम पुत्रहरू प्रदान गरिदिने प्रार्थना गरेका छन्।[१३७] यस ऋचाबाट सन्तान पिताको धन र ऐश्वर्य वृद्धि गर्ने ऊर्जा मानिएको छ भन्ने कुरा स्पष्ट हुन्छ। सन्तानहरू युद्धवीर हुनाका साथै यज्ञशाली, वेदज्ञ औ यज्ञरूपी सत्कर्ममा आस्था राख्ने हुनाले पिताको यश र कीर्तिलाई बढाउने शक्ति मानिएको छ।[१३८] सन्तानले मनुष्यलाई ऋषिऋण, देवऋण, पितृऋण

१३१. आ रोह तल्पं सुमनस्यमानेह प्रजां जनय पत्ये अस्मै, इन्द्राणीव सुबुधा बुध्यमाना ज्योतिरग्रा उषसः प्रति जागरासि। अथर्ववेद ११-३१, पूर्ववत्, पृष्ठ ४४९

१३२. यस्ते हन्ति पतयन्तं निषत्सु यः सरीसृपम्, जातं यस्ते जिघांसति तमितो नाशयामसि।। ऋग्वेद १०-१६२-३, पूर्ववत्, पृष्ठ १०२८

१३३. अथर्ववेद, पूर्ववत्, पृष्ठ ४३९-४५४

१३४. न मत्स्त्री सुभसत्तरा न सुयाशुतरा भुवत, न मत् प्रतिच्यवीयसी न सक्थ्युद्यमीयसी विश्वस्यादिन्द्र उत्तरः। अथर्ववेद २०-६, पूर्ववत्, पृष्ठ ६६४

१३५. पर्शुर्ह नाय मानवी साक ससुव विंशतिम्, भद्रं भल त्यस्या अभूद्र यस्या उदरमामयद् विश्वस्यादिन्द्र उत्तरः।। २०-२३, पूर्ववत्, पृष्ठ ६६६

१३६. पूर्ववत्, पृष्ठ ६८६

१३७. ऋग्वेद, ६-२०-२४, पूर्ववत्, पृष्ठ ४७८

१३८. अग्निःसप्तिं वाजंभर ददात्यग्निवीरं श्रुत्यं कर्मनिःष्ठाय। अग्नी रोदसी वि चरत्समञ्जन्नग्निर्नारीं वीरकुक्षिं पुरन्धिम्। १०-८०-१, पूर्ववत्, पृष्ठ ९४१

र मनुष्यऋणबाट मुक्त गर्न सक्छ।[१३९] यस्ता चार ऋणहरूबाट मुक्त गरेर सफल लौकिक जीवन र परलौकिक जीवन प्रदान गर्ने भएकाले सन्तान अनिवार्य मानिएको हो। पितापछि पुत्र नै वशं परम्पराको परिचालक हुन्छ र आफ्ना पितृ समुदायलाई अमरत्व प्रदान गर्ने भएको कारणले नै मनुले सन्तानलाई अमृतसँग पनि तुलना गरेका छन्।[१४०] पुत्रले नै पुं नामक नरकबाट पितृहरूलाई उद्धार गर्ने विश्वास छ।[१४१] यसरी सन्तान मनुष्यको मोक्ष प्राप्तिको श्रेष्ठ माध्यम हो। पितृतर्पणका सम्पूर्ण कार्य पुत्रद्वारा नै सम्पन्न हुने भएकाले पुत्र प्राप्ति सबैको अनिवार्य कामना थियो। यति धेरै महत्त्वपूर्ण कार्यहरू सम्पादन गर्नुपर्ने भएकाले सन्तान सधैँ उत्तम र श्रेष्ठ हुनुपर्छ भन्ने कुरामा जोड दिइएको छ। विवाह गर्ने उम्मेद्वारहरूको योग्यता जोख्ने काम पनि यही उद्देश्यलाई ध्यानमा राखेर गरिएको हो, किनभने उत्तम कूल र चरित्र भएका पात्र पात्राबाट नै उत्तम र श्रेष्ठ सन्तानको जन्म हुनसक्छ भन्ने विश्वास थियो।[१४२] छलकपटद्वारा उत्तम पात्रसित अद्यम पात्रको विवाह सम्पन्न गराउनु दण्डनीय मानिएको छ।[१४३] पुत्रको महत्त्व अधिक भएकै कारणले शास्त्रमा भ्रातृविहीन कन्यालाई विवाह गर्नु वर्जित गरिएको छ किनभने ती कन्याबाट जन्मेका सन्तानमाथि कन्याको पिताको अधिकार रहन्छ जसलाई 'पुत्रिका' भनिएको छ।[१४४] कुनै पनि पितालाई आफ्नो सन्तान अरूलाई सुम्पनु भनेको ठूलो क्षति बहन गर्नु थियो।

हिन्दू शास्त्रहरूमा विवाह सम्बन्धी अवधारणा अन्तर्गत पुरुष परिप्रेक्ष्य नै सर्वोच्च छ। नारीवादी विचारधाराले यसलाई गम्भीरतापूर्वक अध्ययन गरेको पाइन्छ। यस धारणाअनुसार नारी पत्नीको रूपमा पूर्ण हुनसक्छ वा सक्दैन तर आमाको रूपमा अवश्य पूर्ण हुनसक्छे। सन्तान नै उसको सुख र अस्तित्वको सार्थक रूप हो। अतः गर्भाधारणद्वारा नै उसको विवाहको अर्थ पूरा हुनसक्छ।[१४५] तर शास्त्रमा सन्तान प्रजनन प्रक्रियामा पनि पुरुषको प्राथमिक र नारीको गौण भूमिका छ। बीज र योनीमा बीज प्रथम महत्त्वको छ किनभने संसारका सबै सन्तानमा बीजको लक्षण भरिपूर्ण पाइन्छ भन्ने मनुस्मृतिको धारणा रहेको छ।[१४६]

२.२.२.४. विवाहका प्रकारहरू

आचार्य मनुले विवाह र विवाहका प्रकारहरूबारेमा स्पष्ट र निश्चित आचार संहिता तयार गरेका छन्।

१३९. यस्मिननृणं सन्नयति येन चानन्त्यमश्नुते। स एव धर्मजःपुत्रःकामजानितरान् विदुः।। मनुस्मृति ९-१०७, पूर्ववत्, पृ. ४४६
१४०. पूर्ववत्
१४१. पुन्नाम्नो नरकाद् यस्मात् त्रायते पितर सुत। तस्मात पुत्रम इति प्रोक्तः स्वयमेव स्वयम्भुवा। ९-१३८, पूर्ववत्, पृ. ४५१
१४२. अनिन्दितैःस्त्रीविवाहैरनिन्द्या भवति प्रजा। निन्दितैर निन्दिता नृणां तस्मान् निन्द्यान विवर्जयेत। मनुस्मृति ३-४२, पूर्ववत्, पृष्ठ १५२
१४३. पूर्ववत्, पृष्ठ १५२
१४४. अभ्रातृकां प्रदास्यामि तुभ्यं कन्यामलङ्कृताम्। अस्यां यो जायते पुत्रः स मे पुत्रो भवेदिति। ९-१२७, पूर्ववत्, पृष्ठ ४५०
१४५. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ २३३
१४६. वीजस्य चैव योन्याश् च वीजभुत्कृष्टमुच्यते। सर्वभूतप्रसूतिर् हि वीजलक्षणलक्षिता। मनुस्मृति ९-३५, पूर्ववत्, पृष्ठ ४३३

उनले तयार गरेका यस आचार संहितालाई हिन्दू विवाहको बुनियादी अवधारणा मानिएको छ। मनुस्मृतिको धारणाअनुसार चार वर्णका निम्ति लोक र परलोकमा कल्याणको लागि आठ प्रकारका विवाह अनुष्ठानको विधान स्थापित छ।[१४७] ती आठ प्रकारका विवाह यसप्रकार छन् - ब्राह्म विवाह, दैव विवाह, आर्ष विवाह, प्रजापत्य विवाह, आसुर विवाह, गान्धर्व विवाह, राक्षस विवाह र पैशाच विवाह।[१४८]

२.२.२.४.१. ब्राह्म विवाह

वेदज्ञाता र सदाचारी वरलाई निम्त्याएर मधुपर्कद्वारा अभिषेक गरी वस्त्राभूषणहरूले सजाएर कन्यादान गर्नु नै ब्राह्म विवाह हो।[१४९] यसलाई विवाहको उत्तम प्रकार बताइएको छ। वास्तवमा आचार्य मनुले यस्तो विवाह अनुष्ठान ब्राह्मण जातिका निम्ति अनिवार्य रूपमा निश्चित गरेका थिए। आज पनि पारम्परिक हिन्दू विवाहमा ब्राह्म विवाहको विधि विधान र कर्मकाण्डको अनुकरण गरिन्छ। कुनै भौतिक (शारीरिक) शक्ति र आर्थिक शर्तहरूको दबाउदेखि मुक्त सम्मानजनक विवाह प्रकार हो ब्राह्म विवाह। तर वर्तमान समयमा दाइजोको रूपमा धनको खुल्ला विनिमयले यसको मर्यादालाई ध्वस्त बनाइदिएको छ।[१५०] मनुस्मृतिको व्याख्याअनुसार ब्राह्म विवाहद्वारा पुण्य कर्मशील पुत्रको जन्म हुन्छ जसले आफू पूर्वका दस पुस्ताका पितृहरूका र भविष्यका दस पुस्ता लगायत आफ्नो पनि (१०+१०+१=२१) मिलाएर एक्काइस पुस्ताको पाप मोचन गरेर उद्धार गर्न सक्छ भन्ने धारणा रहेको छ।[१५१]

२.२.२.४.२. दैव विवाह

यज्ञ अनुष्ठान गरेपछि वेदज्ञानी ब्राह्मण पण्डितलाई दक्षिणास्वरूप कन्यादान गर्नु दैवी विवाहको लक्षण हो।[१५२] यस्तो विवाह संस्कार प्राचीन समयमा प्रचलित थियो। देवताहरूको यज्ञकार्यमा धार्मिक संस्कारगत दान गर्दा यजमान पिताले आफ्नी कुमारी कन्याहरूको दान गर्थे। देव यज्ञमा समर्पित गरिइएकी हुनाले यसलाई दैवविवाह भनिएको हो। यस्ता कन्याहरूलाई 'वधू' भनिन्थ्यो। तर सभ्यताको विकास सँगसँगै यस्तो विवाहको अभ्यास युक्तिसङ्गत रहेन अथवा कुनै पण्डितको अवस्थान नबुझीकन कन्यादान गर्नुको औचित्य समेत रहेन।[१५३] यस किसिमको विवाहले तत्कालीन वेदज्ञानी पण्डितहरूको सामाजिक सर्वोपरिता कायम रहेको बुझिन्छ। यस किसिमको विवाहमा प्राप्त भएका कन्याहरूले पत्नीको दर्जाको सट्टा रखौटीको दर्जा मात्र

१४७. चतुर्णामपि वर्णानां प्रेत्य चेह हिताहितान्। अष्टाविमान् समासेन स्त्रीविवाहान् निबोधत।। ३-२०, पूर्ववत्, पृष्ठ १४७
१४८. ब्राह्मो दैवस्तम् तथैवार्षः प्राजापत्सम् तथासुरः। गान्धर्वो राक्षसश चैव पैशाचश चाष्टमोग्धमः।। ३-२१, पूर्ववत्, पृष्ठ १४७
१४९. आच्छाद्य चार्श्वयित्वा च श्रुतिशीलवते स्वयम्। आहुय दानं कन्यामा ब्राह्मो धर्मः प्रकीर्तितः।। ३-२७, पूर्ववत्, पृष्ठ १४९
१५०. सोसियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०४
१५१. दस पर्वान् परान वश्यानात्यानं चैकविशंकम्। ब्राह्मीपुत्रः सुकृतकृन् मोचयत्येनसः पितृन।। मनुस्मृति, ३-३७, पूर्ववत्, पृष्ठ १५१
१५२.यज्ञे तु विततते सम्यगृत्विवजे कर्म कुर्वते। अलङ्कृत्य सुतादानं दैवं धर्मं प्रचक्षते।। ३-२८, पूर्ववत्, पृष्ठ १४९
१५३. सोसियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०५

पाउँथे।[१५४] दैव विवाह ब्राह्म विवाहको तुलनामा निम्न स्तरको हो तापनि दैव विवाहद्वारा सात पुस्ता पूर्वका पितृगण, सात पुस्ता आगत र स्वयं आफ्नो (७+७+१=१५) गरेर पन्ध्र पुस्ताको पाप मोचन गरेर उद्धार गर्ने पुत्र प्राप्त गर्न सकिन्छ भन्ने धारणा रहेको छ।[१५५]

२.२.२.४.३. आर्ष विवाह

धर्मको लागि वरबाट एक जोडी गाई अथवा गोरु लिएर कन्यादान गरिने विधान आर्ष विवाहको हो।[१५६] वर पक्षबाट लिइने गाई वा गोरु कन्याशुल्कका रूपमा विवादित भए तापनि मनुस्मृतिअनुसार यो कन्याशुल्क नभएर कन्याको पूजन तथा अभिनन्दन हो। यदि यसलाई शुल्क मानियो भने कन्याको विक्रय गरिएको हो भन्ने अर्थ लाग्छ अनि यस्तो शुल्क लिने व्यक्ति पातकी हुन्छ।[१५७] आर्ष विवाहमा वरबाट उपहार प्राप्त गर्नु कन्याशुल्क होइन तर कन्या प्रदान गर्ने पिता तथा माइतीप्रति कृतज्ञता प्रकट गरिएको हो किनभने कन्या प्राप्तिबिना वरलाई गृहस्थाश्रम धर्म पालन गर्नु सम्भव छैन।[१५८] यद्यपि, यसप्रकारको विवाह आज प्रायः प्रचलनमा छैन।

आर्ष विवाहद्वारा पुण्य कमाउने तथा तीन पुस्ता पूर्व-पितृगण अनि तीन पुस्ता आगतगण अनि आफू स्वयं (३+३+१=७) गरेर सात पुस्तालाई ऋणमुक्त गरेर मुक्ति दिलाउने पुत्र प्राप्ति हुन्छ भन्ने धारणा रहेको छ।[१५९]

२.२.२.४.४. प्रजापत्य विवाह

कन्याको पिता अथवा माइती पक्षले दुवै एकसाथ रहेर धर्मको आचरण गर्नु भन्ने आशीर्वादसहित वरलाई कन्या सुम्पने विधिअनुसार गरिएको विवाहलाई प्रजापत्य विवाह भनिन्छ।[१६०] यस किसिमको विवाहमा वर र वधू पक्षमाझ स्पष्ट सहमतिका आधारमा कन्यादान गरिन्छ अनि दुवैले एकात्म भएर नैतिक र धार्मिक कर्तव्यलाई पालन गर्नुपर्ने विधि राखिएको छ।[१६१] ब्राह्म, दैव र आर्ष विवाहभन्दा प्रजापत्य विवाह निम्न स्तरको

१५४. प्राचीन भारतीय समाज र चिन्तन, पूर्ववत्, पृ. १५
१५५. मनुस्मृति, ३-३८, पूर्ववत्, पृष्ठ १५१
१५६. एक गोमिथुनं छे वा वरादादाय धर्मतः, कन्याप्रदानं विधइवदार्षो धर्मः स उच्चते।। ३-२९, पूर्ववत्, पृष्ठ १४९
१५७. आर्षे गोमिथुनं शुल्क केचिदाहुर् मृषैत तत्। अल्पोप्येवं महान् वापि विक्रयस् तावदेव सः।। ३-५३, पूर्ववत्, पृष्ठ १५४
१५८. सोसियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०५
१५९. मनुस्मृति ३-३८, पूर्ववत्, पृष्ठ १५१
१६०. सहोभौ चरतां धर्ममिति वाचानुभआष्य च। कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः।। ३-३०, पूर्ववत्, पृष्ठ १४९
१६१. मनुस्मृति, पूर्ववत्, पृ १४९

मानिएको छ[१६२] तापनि वर वधूमाझ समान सहभागिताको अपेक्षा भएको पुत्रले आफू पूर्वका छः पुस्ता पितृगण र आफ्नो आगत छः पुस्ता सन्तानलाई अनि स्वयं आफूलाई (६+६+१=१३) गरेर जम्मा तेह्र पुस्तालाई पापबाट मुक्त गराउँछ भन्ने धारणा रहेको छ।[१६३]

२.२.२.४.५. गन्धर्व विवाह

नर-नारीको पारस्परिक प्रीति र एकान्तिक शरीर सुख भोगद्वारा भएको मिलनलाई गन्धर्व विवाह भनिन्छ।[१६४] यसमा वर वधूका माता पिता, अभिभावक र बन्धु बान्धवहरूको सहमति, सहभागिता र समर्थन आवश्यक छैन। यो पूर्णतः नर नारीको वैयक्तिक इच्छामा आयोजित हुने प्रणय मिलन हो। यसमा नर-नारी एकअर्काप्रति आफूलाई समर्पित गर्छन् र पछि विवाहको घोषणा गर्छन्। हिमालयको घाटीमा बास गर्ने गन्धर्वहरूले यस किसिमको विवाह गर्ने प्रथा चलाएको हुनाले यसलाई गन्धर्व विवाह भनिएको छ।[१६५] शकुन्तला र दुष्यन्तको विवाह गन्धर्व विवाहको ठोस उदाहरण मानिएको छ। यस उदाहरणले राजाहरूमा पनि गन्धर्व विवाह गर्ने प्रचलन रहेको थियो भन्न सकिन्छ। प्राचीन समयमा क्षत्रीय राजाहरूले राज्यमा आफ्ना कन्याहरूका लागि उत्तम वर चयन गरेर वरण गर्ने व्यापक अवसरलाई ध्यानमा राखेर 'स्वयम्बर उत्सव' आयोजित गर्थे। राज कन्याद्वारा पतिवरण गर्ने शानदार राजकीय अनुष्ठानलाई स्वयम्बर भनिन्छ। ऋग्वेदका ऋचाहरूमा उल्लेख भएअनुसार तत्कालीन समाजमा प्रेम र कामुकतालाई विवाह प्रसङ्गमा विशेष मान्यता दिइन्थ्यो। कन्याहरू पूर्ण यौवना हुनु आवश्यक थियो भने माता पिता आफ्नी तरुणी कन्याहरूलाई साज श्रृङ्गार गरेर मेलामा पठाउँथे जहाँ पुरुषहरूको विशाल जमातमा कन्याहरूले आफू सुहाउँदो वर चयन र वरण गर्थे।[१६६] अथर्ववेदमा पनि गन्धर्व विवाहको प्रचलनको उल्लेख पाइन्छ। माता-पिताले आफ्ना कन्याहरूलाई प्रेमप्रीतिका लागि प्रोत्साहित गर्थे र असल पति प्राप्तिको कामना राख्थे तथा अविनाशी ऐश्वर्यको नौकामा चढेझैँ आफूले रुचाएको ऐश्वर्यशाली पति प्राप्त गर भन्ने आशीर्वाद दिन्थे।[१६७] प्रेम र कामभावनालाई प्रोत्साहन प्राप्त भएकै कारणले धेरै कन्याहरू कुमारी अवस्थामा नै गर्भवती हुन्थे। यस प्रकारका गतिविधिद्वारा उत्पन्न सन्तानलाई 'कानीन पुत्र' भनिन्थ्यो।[१६८] यद्यपि, यस्ता घटनालाई त्यस समयमा अनैतिक मानिन्थ्यो।[१६९] शिशुलाई जन्मिने

१६२. सोसियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०५
१६३. मनुस्मृति ३-३८, पूर्ववत्, १५१
१६४. सोसियलोजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृ. १०५
१६५. ऋग्वेद १०-२७-१२, पूर्ववत्, पृष्ठ ८७६
१६६. भगस्य नावमा राहे पूर्णामनुपदस्वतीम्। तयोपप्रतारय यो वरःप्रतिकाम्यः।। अथर्ववेद २-३६-५, पूर्ववत्, पृष्ठ ४३
१६७. पूर्ववत्, पृष्ठ ४३
१६८. पितृवेश्मनि कन्या तु यं पुत्रं जनयेद् रहः। तं कानीनं वेदन् नाम्ना वोढुः कन्यासमुद्भवम्।। मनुस्मृति ९-१७२, पूर्ववत्, पृष्ठ ४५७
१६९. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ ४१

बित्तिकै त्याग गर्नुमा यही लोकलाज र नैतिकताको प्रश्न प्रबल भएको देखिन्छ।[१७०] पौराणिक कथाहरूमा कृष्ण र रूक्मिणी, शकुन्तला र दुष्यन्त, भीम र हिडिम्बा, अर्जुन र सुभद्रा प्रेम विवाहका उत्तम उदाहरणहरू हुन्।[१७१] आधुनिक समयमा प्रेम विवाह नर नारी सम्बन्धको स्थायीत्वको उत्तम संस्था हुनसक्ने सम्भावना राखिएको छ यद्यपि, सिमोन वुभाको भनाइअनुसार विवाह प्रेममा आधारित होस् अथवा परम्परामा पुरुषतान्त्रिक मानसिकतामा सकारात्मक परिवर्तनको आवश्यकता प्राथमिक छ।[१७२] बाइबलको व्याख्याअनुसार माता मरियमको मगनी युसुफसँग तय भइसकेको थियो तापनि विवाहभन्दा पूर्व नै उनी पवित्र आत्मा (परमेश्वर)द्वारा गर्भवती भइन्। यस कुरालाई युसुफले बुझेका हुनाले मानसिक द्वन्द्वमा परेका थिए, तर ईश्वरीय आदेश पालन गरेर उनले मरियमलाई विवाह गरे अनि सन्तान (यीशु) नजन्मिएसम्म पत्नीसँग सहवास गरेनन्।[१७३]

२.२.२.३.६. असुर विवाह

कन्याका पिता, भाइ, रक्त सम्बन्धी अथवा कन्या स्वयंलाई पनि यथाशक्ति धन दिएर स्वेच्छाले कन्या ग्रहण गर्ने विधि असुर विवाहमा पाइन्छ।[१७४] यस विधिका आधारमा वधूको क्रय र विक्रय पनि हुनसक्छ भन्ने कुरा बुझिन्छ। मनुस्मृतिको आचार संहिताअनुसार विवाहको यो विधि कुप्रथा हो किनभने वधू (कन्या)को धन व्यवहार गर्ने बन्धु बान्धव सबै पापका भागी बन्छन् र नरक जान्छन्।[१७५] मनुको व्याख्याअनुसार विवेक सम्पन्न पिताले कुनै किसिमको कन्याशुल्क लिनुहुँदैन। कन्याशुल्क लिनु भनेको आफ्नो सन्तानको विक्रय गर्नु हो जो पातकी व्यवहार हो।[१७६] तर ऋग्वेदमा उल्लेख भएअनुसार आर्थिक लाभको ध्येय राखेर पनि केही कन्याहरूले पति वरण गरेका हुन्थे।[१७७]

२.२.२.४.७. राक्षस विवाह

कन्या पक्षका मानिसहरूलाई मारेर, अङ्गच्छेदन गरेर, तोडफोड आदि ध्वंशात्मक कर्मद्वारा रूइकराइ गरिरहेकी कन्यालाई जबर्जस्ती अपहरण गर्नु राक्षस विवाहको लक्षण हो।[१७८] यस विवाहमा वर पक्षको एक्लो र एकोहोरो दबाउ हुन्छ। यद्यपि, यसप्रकारका बलप्रयोग गरिने प्रक्रियामा वरको नायकत्व उठेर आउँछ जो

१७०. संक्षिप्त महाभारत, वि.सं. २०७१, जगदयाल गोयन्दका (सम्पा.) गीता प्रेस गोरखपुर, पृष्ठ १४५
१७१. पूर्ववत्
१७२. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ १५३
१७३. नयाँ नियम, १८ लुका, सन् १९८१ द बाइबल सोसाइटी अफ इन्डिया, पृष्ठ १
१७४. ज्ञातिभ्यो द्रविणं दत्त्व। कन्यामै चैन शक्तितः। कन्याप्रदानं स्वाच्छन्धादासुरो धर्म उच्यते।। मनुस्मृति ३-३१, पूर्ववत्, पृष्ठ १४९
१७५. मनुस्मृति ३-५१, पूर्ववत्, पृष्ठ १५४
१७६. न कन्यामाः पिता विद्वान गृह्वीयाच छुल्कमण्वपि, गृह्णत्र छुल्कं हि लोभेन स्यान् नरोपल्यविक्रयी। मनुस्मृति ३-५१, पूर्ववत्, पृष्ठ १५४
१७७. ऋग्वेद १०-२७-१२, पूर्ववत्, पृष्ठ ८७६
१७८. हत्वा छित्वा च भित्वा चक्रोशन्ती रूदती गृहात्। प्रसह्य कन्याहरणं राक्षसो विधिरूच्यते। मनुस्मृति ३-३३, पृष्ठ १५०

कन्याका लागि आकर्षणको कारण हुनसक्छ, जसको परिणामस्वरूप प्रेम सम्बन्ध स्थापित हुन्छ।[१७९] अर्जुन र सुभद्राको विवाह यसप्रकारको विवाह हो भन्न सकिन्छ। विभद ऋषिको विवाह पुरुमित्रकी कन्यासँग यसै विधिद्वारा सम्पन्न भएको उल्लेख पाइन्छ।[१८०]

२.२.२.४.८. पैशाच विवाह

एकान्तमा सुतेकी, मदपानद्वारा बेहोश भएकी नारीको बलपूर्वक शीलभङ्ग गरेर आफ्नो बनाउने पैशाच विवाहको विधि हो।[१८१] मनुस्मृतिअनुसार विभिन्न किसिमका विवाहहरूमध्ये सबैभन्दा निकृष्ट स्तरको पैशाच विवाह मानिएको छ। यस किसिमको विवाहमा वरको कन्याप्रति एकोहोरो बल मिचाइ भएको बुझिन्छ।

२.२.२.५. जोडी छनौटका नियमअनुसार विवाहका प्रकार

समाज विभिन्न व्यक्ति, वर्ण, धर्म, जाति, सम्प्रदाय आदिको सामूहिक रूप हो। विवाह सम्बन्धमा समाज आफै उपादान र निमित्त कारण हो। जे जति संसाधन छन् समाजले समाजभित्रैबाट लिनुपर्ने हुन्छ। विवाहमा जोडी छनौट गर्ने विषयमा कसले कुन कुरा लिने अथवा नलिने भन्ने विषयमा नियमहरू प्रत्येक समाजमा नै पूर्व निर्धारित छ। यस विषयमा दुईवटा प्रकारहरूका विवाह भएको पाइन्छ[१८२] ती हुन् -

२.२.२.५.१. अन्तःजाति विवाह

यस विवाहको नियमानुसार व्यक्तिले आफ्नै जात, वर्ण, धर्मका जोडीलाई विवाहको निम्ति रोज्न सक्छन्। भारतीय सन्दर्भमा भन्नु पर्दा ब्राह्मण वरको विवाह ब्राह्मण कन्यासित, राजपूतको राजपूतसित, क्षत्रीयको विवाह क्षत्रीयसित मात्र गर्न सकिन्छ। भारतमा यो अन्तःजाति विवाह विशिष्ट र जटिल पनि छ। किनभने राजपूत जाति सूर्यवंशी, चन्द्रवंशी, नागवंशी र अग्निवंशी चार मुख्य उपजातिहरूमा विभाजन भएको छ। यी उपजातिहरू पनि विभिन्न थरीका छन्।[१८३] अन्तःजाति विवाहको नियमानुसार जाति, उपजाति र थरी पनि एकै हुनु आवश्यक छ। यसरी एउटै जातिभित्र विवाह गर्ने प्रचलन मानव सभ्यताको प्राथमिक चरणतिर थियो। राम अहुजाले यसका निम्नलिखित मुख्य कारणहरू बताएका छन्[१८४] –

१७९. मनुस्मृति, ३-३३, पूर्ववत, पृ. १५०
१८०. सियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०६
१८१. ऋग्वेद, १-११२-१९, पूर्ववत्, पृष्ठ ११६
१८२. सोसियलोजी अफ् इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०८
१८३. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ १२४
१८४. पूर्ववत्, पृष्ठ १२५

क. यस्तो विवाहले पेशागत अक्षुण्णता बनिरहन सक्थ्यो।

ख. जाति समुदायमा सदभावना बनिरहन सक्थ्यो।

ग. निश्चित जाति समुदायको जनशक्ति र समृद्धिको मूल्याङ्कन गर्न सकिन्थ्यो।

तर यस्ता अभिप्राप्तिहरू हुँदाहुँदै पनि आधुनिक समयमा अन्तःजाति विवाहबाट आउने नकारात्मक प्राप्तिहरूको चर्चा पनि उल्लेख्य छन्। जस्तै -

क. अन्तःजाति सम्बन्धले देशको अन्तर्जातीय एकबद्धतालाई पोषण दिन सक्दैन।

ख. जोडी छनौटको अवसर अत्यन्त सीमित हुनाले वैवाहिक सामन्जस्यको सम्भावना न्यून हुन्छ।

ग. यस व्यवस्थामा बालविवाह, दाइजो प्रथाको समस्या अधिक हुन्छ।

२.२.२.५.२. अन्तर्जातीय विवाह

अन्तर्जातीय विवाहलाई बर्हिविवाह विधि पनि भन्न सकिन्छ। सपिण्ड र सगोत्र कुमार र कन्याबिच विवाह सम्बन्धलाई धर्मशास्त्रले निषेध गरेको छ। मनुस्मृतिको व्याख्याअनुसार पितृसगोत्री, मातृसगोत्री, पितृसपिण्डी र मातृसपिण्डी व्यक्तिहरूबिच विवाह वर्जित छ।[१८५] यस विधिअनुसार विवाह आफ्नो गोत्र र पिण्डदेखि बाहिर मात्र सम्भव छ। आधुनिक समयमा सूचना संस्कृतिको व्यापक विकास भएको कारणले यस्ता अन्तर्जातीय विवाहहरू सम्पन्न गर्न सहज छ। यस विधिले मानवीय सदभावना र मैत्रीलाई पनि विकास गरेको छ। अन्तर्जातीय विवाह विधिले जोडी चयनको क्षेत्रलाई उदार बनाइदिएको छ।

२.२.२.५.३. एकविवाह

एकजना नरले एकजना मात्र नारी र एकजना नारीले एकजना मात्र नरसँग जीवनभर स्थापित र निर्वाह गर्ने सम्बन्ध एक विवाह हो। वैदिक समाजमा समयको आवश्यकता र प्रयोजनको कारणले एक विवाह प्रथा प्रचलित हुन सकेको थिएन। तर सभ्यताको विकास सँगसँगै प्रायः सबै समाज (मुस्लिम समाजबाहेक)मा यो विवाह विधिवत मान्य र लोकप्रिय पनि भएको छ। यद्यपि, ऋग्वेदमा विवाह अनुष्ठानमा वरले वधूलाई जीवनभर सुख, प्रेम र सौभाग्य प्रदान गर्ने वचन दिनुले पत्नीप्रति पतिले एक्लो भक्ति र समर्पण राखेको कुरा स्पष्ट हुन्छ।[१८६] एकअर्कामा सम्पूर्ण समर्पित बनेर आनन्दपूर्वक सारा जीवन निर्वाह गर्ने आशीर्वाद पनि ऋषिहरूद्वारा नव वर-वधूलाई दिइएको छ।[१८७] सि.एन. शङ्कर राव पनि एक विवाह संस्थामा पति-पत्नीमाझ

१८५. असपिण्डा च या मातुरसगोत्रा च या पितुः। सा प्रशस्ता दिवजातीनां दारकर्मणि मैथुन।। मनुस्मृति ३-५, पूर्ववत्, पृष्ठ १४४

१८६. ऋग्वेद, १०-८३-३६, पूर्ववत्, पृष्ठ ९४९

१८७. इहैव स्तं मा वि यौष्टं विश्वमायुर्व्यश्नुतम्। क्रीडन्तौ पुत्रैर्नप्तृभिर्मोदमानौ स्व गृहे।। १०-८३-४२, पूर्ववत्, पृष्ठ ९४९

उच्च किसिमको प्रणयपूर्ण आत्मीयता कायम रहन्छ जसले परिवारको सुख, शान्ति र समृद्धिमा सम्पूर्ण योगदान दिन्छ भन्ने कुरामा विश्वास राख्छन्।[१८८] एक विवाह सम्पूर्ण सामाजिक दृष्टिकोणले एक आदर्श विवाह भन्न सकिन्छ। यस विवाहमा पति पत्नीको पारस्परिकता रहन्छ तथा भावनात्मक, नैतिक र सामाजिक सम्मान सामञ्जस्य समेत सुरक्षित रहन्छ। रामायणमा रामचन्द्रको मर्यादा पुरुषोत्तम चरित्रले एक विवाह व्यवस्थामा जनमानसको आस्थालाई सुदृढ बनाइदिएको छ। मनुस्मृतिको आचार संहिताअनुसार एक मात्र पतिसँग विवाह गर्ने नारीहरू पति बाँचुन्जेलसम्म क्षमायुक्त, संयमी र ब्रह्मचर्यमा स्थिर हुन्छन् र विधवा रूपमा सती बन्छन्।[१८९] नैतिक ब्रह्मचर्य (पत्नीव्रता) पालन गर्ने नर हजार हजार पुरुष कुल विस्तार नगरीकनै स्वर्गलाभ गर्छन्।[१९०]

२.२.२.५.४. बहुविवाह

एकजना नरले धेरै पत्नीहरू र एउटी नारीले धेरै पतिहरू विवाह गर्नुलाई बहुविवाह भनिन्छ। बहुपत्नी व्यवस्था र बहुपति व्यवस्था नै बहुविवाहको विशेषता हो। यस आधारमा बहुविवाहका विभिन्न प्रकार छन् भन्ने कुरा स्पष्ट हुन्छ। कमलराज शर्माले तीन प्रकारका बहुविवाहहरूको उल्लेख गरेका छन्। ती हुन् -
बहुपत्नी विवाह, बहुपति विवाह र समूह विवाह।[१९१]

२.२.२.५.४.१. बहुपत्नी विवाह

एकजना नरले धेरैजना नारीहरूसँग विवाह सम्बन्ध स्थापित गर्नु नै बहुपत्नी विवाह हो। प्राचीनकालमा जनसाधारणमा भन्दा कुलीन र सम्पन्न मानिसहरूमा यो प्रथा अधिक थियो। नवाव र ठुल्ठुला जमिनदार अनि राजा महाराजाहरूका अन्तःपुरमा अनेक सङ्ख्यामा रानीहरू हुन्थे।[१९२] एक पतिका अनेक पत्नीहरू हुनाले प्रयोजनअनुसार पतिसुख सबै रानीहरूले नपाउने भएपछि यौनविकृति, परपुरुष गमन, समलैङ्गिक सहवासजस्ता घटनाहरू घट्ने कुरा उल्लेख गरेका छन्।[१९३] प्राचीन समयमा बहुपत्नी विवाहका मुख्य दुईवटा प्रेरक कारण छन्। पहिलो हो, आर्थिक समृद्धि र सामाजिक सुरक्षा। तत्कालीन जीवनशैलीको लागि मानव संसाधन आर्थिक समृद्धिको एउटा मूल आधार थियो। एउटा व्यक्तिसँग धेरै पत्नीहरू हुनु र धेरै पत्नीहरूबाट धेरै सन्तानहरू प्राप्त गर्नु आर्थिक समृद्धिको दिशामा महत्त्वपूर्ण कदम थियो। कृषि र पशुपालनजस्ता श्रमसाध्य

१८८. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०८

१८९. असीता मरणात् क्षान्ता नियता ब्रह्मचारिणी। यो धर्म एकपत्नीनां काङ्क्षन्ती तमनुत्तमम्।। मनुस्मृति ५-१५८, पूर्ववत्, पृष्ठ २८०

१९०. अनेकानि सहस्राणि कुमारब्रह्मचारिणाम्। दिवं गतानि विप्राणामकृत्वा कुलसन्ततिम्।। ५-१५९, पूर्ववत्, पृष्ठ २८०

१९१. आधारभूत समाजशास्त्र तथा मानवशास्त्र, पूर्ववत्, पृष्ठ १०६-१०७

१९२. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ 106

१९३. नान्तःपुराणां रक्षणमोत्पुरुषसंदर्शनं विद्यते पत्युश्चैकत्वादनेक साधारणत्वाच्चातृप्ति तस्मात्तानि प्रयोगत एन परस्परं रन्जयेमुः। वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ २५१

जीविका भएको समयमा जनशक्ति नै आर्थिक शक्ति भन्न सकिन्थ्यो। यसका साथै आन्तरिक द्वन्द्व अनि बाहिरी आक्रमणको सामना गर्नलाई पनि शक्तिशाली सन्तानहरूको आवश्यकता थियो। यसरी आर्थिक समृद्धि र सुरक्षा प्राप्त परिवारले स्वाभाविक रूपले सामाजिक मर्यादा प्राप्त गर्थ्यो। यो बहुपत्नी विवाहको परिणाम थियो। दोस्रो कारण, प्रयोजन र परिस्थितिमाथि आधारित छ। यस्ता प्रयोजनलाई शास्त्रको मान्यता पनि प्राप्त थियो। विभिन्न असामान्य परिस्थितिमा पूर्वीय शास्त्रले पुनर्विवाहको आचार संहिता निर्माण गरेको छ। मदपान गर्ने, प्रतिकूल व्यवहार गर्ने, हिंसक, धन क्षति गर्ने, दीर्घ रोगले पीडित नारीमाथि सौता हालिदिनु उचित हुन्छ।[१९४] पतिको हित चाहने तर दीर्घरोगिनी पत्नीको अनुमति प्राप्त गरी पतिले दोस्रो विवाह गर्नु न्यायसङ्गत मानिएको छ।[१९५] बन्ध्या पत्नीहरू पनि सौता पाउन योग्यका बताइएको छ। प्रथम रजदर्शन भएको आठ वर्षभित्र मृत शिशु जन्माउनेलाई, जन्मको केही क्षणमा नै मरण हुने शिशु जन्माउनेलाई, दश वर्षमा केवल कन्या सन्तान मात्र जन्माउने पत्नीलाई, पुत्रहीन अनि अप्रियवचन बोल्ने पत्नीलाई तुरून्तै सौता ल्याइदिनु उचित छ।[१९६]

२.२.२.५.४.२. बहुपति विवाह

एउटी पत्नीको धेरै पति हुनु बहुपति विवाह हो। बहुपति विवाहको प्रचलन तिब्बती समाज, अफ्रिकाको वाहाम, भारतको केरलाका नामर, नागाल्याण्डका खासी, कोटा र डोटा, पन्जाबका पहाडी भेकका लद्दाख, काङ्गडा आदिका आदिवासी समाजमा पाइन्छ।[१९७] महाभारत महाकाव्यमा द्रौपदीको विवाह पाँच पाण्डवहरूसँग सम्पन्न हुनु पनि सामान्य घटना मानिएको थिएन। आधुनिक समयमा बहुपति विवाहको मुख्य कारणमध्ये पुरुषका तुलनामा नारीको सङ्ख्या कम हुनु हो अर्थात् लिङ्ग अनुपातको असन्तुलन हो।[१९८]

बहुपति विवाह कुनै नारीको लागि कुनै विशेष महत्त्वाकांक्षा देखिँदैन। पुरुषझैँ चार पुरुषार्थ लाभको अवसर पनि यसमा पाइँदैन। कुनै विशेष अर्थलाभद्वारा सामाजिक प्रतिष्ठा प्राप्त गर्ने अभीष्ट पनि पाइँदैन। केही आदिवासी समाजमा यो एउटा पारम्परिक रिवाजको रूपमा पाइन्छ अनि आदिवासी समाज मूलतः मातृसत्तात्मक शासन व्यवस्थामा परिचालित हुनाले पारिवारिक संरचनाको ढाँचा 'बहुपतिमूलक' भएको पाइन्छ। वास्तवमा अधिकांश मात्रामा, बहुपति विवाह समयानुकूल प्रयोजनद्वारा प्रेरित छ जहाँ अधिकतर नै नारीहरूको पुनर्स्थापनाको अवसर खोजिएको छ। ऋग्वेदको ऋचामा उल्लेख भएअनुसार उर्वशीले पुरुवालाई सम्बोधन गर्दै के भनेकी छन् भने नारीले कुनै पनि वीरताहीन र प्रजनन शक्तिहीन नरप्रति आफ्नो प्रतिबद्धता

१९४. मद्यपाऽसाधुवृत्ता च प्रतिकूला च या भवेत्। व्याधित्ता वाधिवेत्तव्या हिंस्रार्ज्यध्री च सर्वदा। मनुस्मृति ९-८०, पूर्ववत्, पृष्ठ ४४१

१९५. पूर्ववत्, ९-८२, पृष्ठ ४४१

१९६. वन्ध्याष्टमेधिवेद्याडब्दे दशमे तु मृतप्रजा। एकादशे स्त्रीजननी सद्यस् त्वप्रियवाहिनी।।पूर्ववत्, ९-८३ पृष्ठ ४४१

१९७. आधारभूत समाजशास्त्र तथा मानवशास्त्र, पूर्ववत्, पृष्ठ १०६

१९८. पूर्ववत्

राख्न सक्तिन।[१९९] विदुर नीतिअनुसार पनि पुरुषत्वहीन पतिलाई पत्नीले त्याग गर्न सक्छे।[२००] मनुस्मृतिमा पनि पतिव्रता धर्मपालन गर्ने पत्नीहरूका निम्ति केही उदार आचार बनाइएका छन्। जस्तै, धर्मकार्यको लागि परदेश गएका पतिलाई आठ वर्षसम्म, विद्यार्जनको निम्ति गएका भए छः वर्षसम्म र अन्यको निम्ति गएका भए तीन वर्षसम्म पत्नीले प्रतीक्षा गर्नु उचित छ।[२०१]

यसरी हिन्दू आचार संहिताले नारीलाई वैवाहिक जीवनको कष्ट र विसङ्गतिबाट मुक्तिको बाटो प्रशस्त गरेको छ। यद्यपि, यी विच्छेदित पत्नीहरूलाई नयाँ जीवन स्थापनाको स्पष्ट दिशा निर्देश गरेको पाइँदैन। नरका निम्ति विभिन्न आपदकालीन स्थितिमा पुनर्विवाहको निश्चित प्रावधान राखिएको छ भने नारीको पुनर्विवाहलाई शास्त्रीय मान्यता प्राप्त थिएन।[२०२] यस्ता नारीहरूले मर्यादित कर्मद्वारा जीविका आर्जन गर्नु आवश्यक बताइएको छ किनभने पतिच्युत पत्नीहरूप्रति अधिकतर अनैतिक धारणा रहने सम्भावना रहन्छ।[२०३] पतिको मृत्यु भए पुत्रहीन पत्नीले आफ्नो देवरसँग नियोग धर्मद्वारा पुत्र प्राप्त गर्न सक्छे। यस विधिद्वारा परिवारको धन परिवारभित्रै रहने दूरदर्शिता राखिएको छ।[२०४] हिन्दू शास्त्रीय विधानअनुसार बहुपति विवाह मान्य नभए तापनि लौकिक रूपमा व्यवहारमा आएको पाइन्छ। यसकारण व्यवहारिकतामा यसका प्रभावहरूलाई खोज्न सकिन्छ। उत्तराधिकार तथा धन सम्बन्धी विवादमा यसका लक्षणहरू पाइन्छ। जस्तै, दुई पुरुषका एउटै नारीबाट जन्मेका पुत्रमाझ धनसम्बन्धी विवाद भएमा पिताको धनमाथि असली छोराको अधिकार रहन्छ भन्ने विधान बताइएको छ।[२०५] मृत, नपुंसक अथवा दीर्घरोग पीडित पुरुषको आफ्नो धर्मद्वारा नियुक्त पत्नीमा दोस्रो पुरुषद्वारा जुन पुत्र उत्पन्न हुन्छ त्यसलाई 'क्षेत्रज पुत्र' भनिन्छ।[२०६] गर्भवती कन्यालाई जान अन्जान कुनै स्थितिमा विवाह संस्कारद्वारा संस्कृत गरेर ग्रहण गर्ने वरले पूर्वस्थित गर्भलाई पनि स्वीकार गर्छ। यस स्थितिबाट जन्मेको पुत्रलाई 'सहोढ पुत्र' भनिन्छ।[२०७] पतिद्वारा च्युत अथवा विधवा नारी आफ्नो इच्छाले अन्य पुरुषको पत्नी बनेर पुत्र प्राप्त गर्छे, त्यस पुत्रलाई 'पौनरभव' भनिएको छ।[२०८] यस्ता सामाजिक

१९९. ऋग्वेद, १०-९५-५, पूर्ववत्, पृष्ठ ९६८

२००. प्रसादो निष्फलो यस्य क्रोधश्चापति निरर्थक। न तं भर्तारमिच्छन्ति षठाष्ढं पतिमिव स्त्रियः।। नीति २-३२, पूर्ववत्, पृष्ठ १६६

२०१. प्रोषितो धर्मकार्मार्थ प्रतीक्ष्योज्ष्टौ नरः समाः। विद्यार्ज्वा षठ् यशोर्थ वा कामार्थ त्रींसु तु वत्सरान्।। मनुस्मृति ९-७६, पूर्ववत्, पृष्ठ ४४०

२०२. नोद्वाहिकेषु मन्त्रेषु नियोगः कीर्त्यते क्वचित्। न विवाहविद्यावुक्तं विधवावेदनं पुनः। ९-९६, पूर्ववत् पृष्ठ ४३८

२०३. विधाय प्रोषिते वृत्ति जीवेन नियममास्थिता। प्रोषिते त्वविधायैव जीवेच्च छिल्पैरगर्हितैः।। ९-०५, पूर्ववत्, पृष्ठ ४४०

२०४. धनं यो विभृयाद् भ्रातुर मृतस्य स्त्रियमेव च। सोपत्यं भ्रातुरुत्पाध दद्यात् तस्यैव तद् धनम।। ९-१४६, पूर्ववत्, पृष्ठ ४५३

२०५. यस् तल्पजः प्रमीतस्य क्लीवस्य व्याधितस्य वा। स्वधर्मेण नियुक्तायां स पुत्रः क्षेत्रजः स्मृतः।। ९-१६७, पूर्ववत्, पृष्ठ ४५६

२०६. द्वौतु यौ विवदेयातां द्वाम्भां जातौ स्त्रिया धने। तयोर यद् यस्य पित्र्यं स्मात् तत् स गृह्वीत नेतरः।। ९-१९१, पूर्ववत्, पृष्ठ ४६१

२०७. पूर्ववत्, ९-१७३, पृष्ठ ४५८

२०८. पूर्ववत्, ९-१७५, पृष्ठ ४५८

गतिविधिहरूबाट समाजमा नारी-पुनर्विवाह प्रचलित थियो भनी बुझिन्छ। वेद तथा मनुस्मृतिमा सतीदाहको उल्लेख पाइँदैन तर बहुपति व्यवस्थाको स्पष्ट उल्लेख वेदमा पाइन्छ। वेदमा कन्यालाई सर्वप्रथम सोम त्यसपछि गन्धर्व त्यसपछि अग्नि अनि अन्त्यमा मनुष्यका पत्नी बताइएको छ।[२०९]

बहुपति विवाह धर्म, अर्थ, काम, मोक्षजस्ता चार पुरुषार्थ प्राप्तिको उद्देश्यले प्रेरित छैन न त धर्म, रति र प्रजाको महत्त्वाकांक्षाले नै आयोजित छ। विविध आदिवासी समाजलाई छोडेर हिन्दू समाजमा यो लोक प्रयोजन हो। आधुनिक समयमा कुनै पनि समयमा नारीहरू धेरै पतिहरूको झुण्ड लिएर बाँच्दैनन्। तर आपदकालीन स्थितिमा नारी पुनर्विवाहको प्रावधान भने सर्वमान्य छ। इसाई र इस्लाम समुदायमा पनि बहुपति विवाह व्यवस्था मान्य छैन।

यसको अनुपालनाद्वारा धर्म, अर्थ, काम, मोक्ष प्राप्त गर्ने विराट उद्देश्य पूरा हुने हुनाले विवाह बढी महत्त्वाकांक्षी आयोजन हो। वैदिक अवधारणाले प्रशस्त गरेको विवाहका तीन कामनाहरू धर्म, रति र प्रजा प्राप्तिका निम्ति (विशेष पुरुषहरूका निम्ति) विकल्पहरूको अवसर खुला राखिएका थिए। वात्सायनले बहुपत्नी विवाहका चार मुख्य कारणहरू बताएका छन् -

१. मूर्खता
२. चरित्रहीनता
३. सन्तान अप्राप्ति
४. कन्या सन्तान मात्र जन्म
५. पुरुषको चन्चल वृत्ति अथवा कामुकता।[२१०]

वात्सायनले दुई प्रकारका पत्नीको चर्चा गरेका छन् - पहिलो, एकचारिणी र दोस्रो सपत्नीका (सौताहरू भएकी)। पतिप्रति पूर्णरूपले अनुरक्त, पतिको विश्वास पात्रा पतिलाई परमेश्वर मानेर सेवा गर्नमा आफ्नो जीवन समर्पित गरिदिने एकचारिणी पत्नीको विशेषता हुन्छ।[२११] बहुपत्नी अथवा धेरै सौताहरूले भरिएको घरलाई अशान्ति, कलह र निन्दाको गुँड मानेर वात्सायनले यस्तो व्यवस्थालाई नियन्त्रण गर्ने विधिहरू कामसूत्रको चतुर्थ प्रकरणमा उल्लेख गरेका छन्। यद्यपि, सपत्निक नारीहरू निकृष्ट जीवनशैली जिउँछन्। सौता पाउनु नारीको नियति हो। यसकारण धेरै सौताहरूको झुण्डमा हरेक प्रकारको सम्झौता गरेर जिउनु नै उसको नियति

२०९. सोमः प्रथमो विविदे गन्धर्वो विविद उत्तरः। तृतीयोग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजनः। सोमोद्दद गन्धर्वाय गन्धर्वोज्द्ददग्नये। रयिं च पुत्राश्चादोदग्निर्मह्मथोइमाम्।। ऋग्वेद १०-८५, ४०-४१, पूर्ववत्, पृ. ९४९

२१०. जाड्यदौःशील्यदौभाग्येम्पः प्रजानुत्पत्तेराभीक्ष्ण्येन दारिकोत्पत्तेनायकचापलादा सपत्न्यधिवेदनम्। वात्सायनको कामसूत्र, भार्माधिकारिक नामक, पूर्ववत्, पृ. १९८

२११. पूर्ववत्, पृ. १८९

हो भन्ने व्याख्या वात्सायनको छ।[२१२] राजा तथा सामन्तहरूको अन्तःपुर र रनिवासमा सपत्निक नारीहरूले भोग्ने शारीरिक र मानसिक पीडाको चर्चा पनि वात्सायनले गरेका छन्। यस्ता नारीहरूको विसङ्गतिपूर्ण जीवनलीलाले सिङ्गो समाजको गतिविधिलाई कसरी प्रभावित गरेको छ भन्ने चिन्तन पनि गरिएको छ।[२१३] अतः बहुपत्नी विवाह सामाजिक विशृङ्खलताको एउटा कारण हो भन्न सकिन्छ। दैव विवाहमा पुरोहितहरूले एकैपल्टमा धेरै कन्याहरू दक्षिणा स्वरूप पाउँथे। यस्ता गतिविधिले बहुपत्नी विवाहलाई प्रोत्साहन दिएको थियो। 'वधू' नामले चिनिइने यी कन्याहरूले पुरोहितकी रखैलका रूपमा जीवन काट्नु पर्थ्यो। यसबाट बहुपत्नी विवाहमा नारीको सामाजिक अवस्थान निम्न स्तरको भएको र नारीहरूले सामाजिक प्रतिष्ठा नपाउने कुरा स्पष्ट हुन्छ।

इसाई आस्थामा बहुपत्नी विवाहको विधान पाइँदैन। मुस्लिम समाजमा बहुपत्नी विवाहको विधान छ तापनि धेरै पत्नीहरूप्रति न्यायसङ्गत व्यवहार गर्ने क्षमता नभए पतिले एक पत्नी मात्र विवाह गर्नु उचित हो भन्ने व्याख्या कुरानमा पाइन्छ।[२१४]

२.२.२.५.४.३. समूह विवाह

समूह विवाह भन्नाले एक समूह पुरुष र एक समूह नारीबिच सामुहिक विवाह सम्पन्न हुनु हो। विशेष गरी एउटा कूलको एक पुस्ता सन्तानहरू अर्को कूलको एक पुस्ता सन्तान (विपरीत लिङ्ग)सँग विवाह गर्छन्। यो विवाह वैयक्तिक हुँदैन। समूहभित्रका प्रत्येक पुरुष प्रत्येक नारीका पति बन्छन्। अथवा यहाँ साझा पति र पत्नीको विधान हुन्छ। यस्ता समूहबाट उत्पन्न भएका सन्तानहरू सबैका साझा हुन्छन्। सन्तान पोषणको दायित्व पनि साझा हुन्छ। मानव सभ्यताको प्रारम्भिक कालमा यसप्रकारको समूह विवाहको प्रचलन थियो। तर सभ्यताको विकास सँगसँगै यस किसिमको विवाह लुप्त हुँदै गयो।[२१५] आज पनि अस्ट्रेलिया, भारत र श्रीलङ्काका सुदूवर्ती इलाकामा निवास गर्ने आदिवासीहरूमा समूह विवाहको प्रथा प्रचलित छ।[२१६]

२.२.२.५.४.४. अनुलोम विवाह

उच्च वर्ण, जाति र श्रेणीका वरले निम्न वर्ण, जाति र श्रेणीको कन्यालाई विवाह गर्ने विधिलाई अनुलोम

२१२. वात्सायनको कामसूत्र, पूर्ववत्, पृ २५१-२५९
२१३. पूर्ववत्, पृ. २५१-२५९
२१४. Marry woman of your choice, two or three or four; but if you fear that you shall not be able to deal justify (with them), than only one, or (captive) that your right hands possess, that will be more suitable, to prevent you from doing injustice. द कुरान, २०१० अब्दुल्लाह युसुफ अली (अनु.), गुडवर्ड बुक्स, १, निजामुद्दीन, नयाँ दिल्ली, पृष्ठ ४९
२१५. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ १०६
२१६. पूर्ववत्

विवाह भनिन्छ। वैदिक कालमा अन्तर्वर्णीय र अन्तर श्रेणीय विवाहको प्रचलन थियो। मनुस्मृतिमा सवर्ण विवाहलाई मान्यता दिइएको छ भने अनुलोम विवाहलाई निषेध मानिएको छ। यस्तो विवाहले आफ्नो कूलको नाश गरिदिन्छ भन्ने धारणा राखिएको छ[२१७] तापनि प्राचीन हिन्दू ग्रन्थहरूमा अनुलोम विवाह भएका उदाहरणहरू पाइन्छ, जस्तै - अगस्त्य ऋषिकी पत्नी लोपामुद्रा क्षत्रिय थिइन्। ऋषि वशिष्टका छोरा शक्तिको एक वैश्यकन्या अदृश्यन्तीसँग विवाह भएको थियो।[२१८] सन्तानको कामना राखेर कृष्णद्वैपायनको सम्बन्ध नियोग धर्मानुसार राजा विचित्रवीर्यका पत्नीहरूसँग स्थापित गरिएको थियो जसबाट पाण्डु र धृतराष्ट्रको जन्म भएको वर्णन महाभारतमा पाइन्छ।[२१९] यसलाई पनि अनुलोम विवाहको उदाहरण मान्न सकिन्छ। एम.एन. श्रीवास्तवलाई उद्धृत गर्दै सि.एन. शङ्कर रावले बङ्गालका ब्राह्मण, गुजरातका अनवली ब्राह्मण र लेभा पण्डित, राजस्थानका राजपूत र महाराष्ट्रका मराठा र नैयर अनि केरलाका क्षत्रीय र अम्वालाभासिस जातिहरूमा अनुलोम विवाहको चलन रहेको बताएका छन्।[२२०]

२.२.२.५.४.५. प्रतिलोम विवाह

निम्न वर्ण, जाति र श्रेणीका वरले उच्च वर्ण, जाति र श्रेणीका कन्यासित विवाह गर्ने विधिलाई प्रतिलोम विवाह भनिन्छ। यसमा धेरै क्षत्रिय राजाहरूले ब्राह्मण कन्याहरूलाई विवाह गरेका घटनाहरू छन्। राजा प्रियव्रतले ब्रह्मर्षि कर्दमकी छोरी काव्यासँग विवाह गरेका थिए। राजा ययातिले शुक्राचार्य ब्राह्मणकी छोरी देवयानीलाई विवाह गरे।[२२१] हिन्दू शास्त्रमा प्रतिलोम विवाहलाई मान्यता दिइएको छैन र निम्न जातिसँगको विवाह सम्बन्धले उत्तम सन्ततिको जन्म हुँदैन भन्ने धारणा भएको पाइन्छ।

२.२.२.५.४.६. सपिण्डीय र सगोत्रीय विवाह

प्राचीनकालीन मानव समाजमा सगोत्रीय रक्त सम्बन्धमा विवाह भएका उदाहरणहरू पाइन्छ। जसलाई 'युथ विवाह' भनिन्थ्यो।[२२२] श्रीमदभागवत महापुराणमा गरिएको व्याख्याअनुसार ब्रह्माद्वारा उत्पन्न आदिपुरुष स्वायम्भव मनु र आदि नारी रानी शतरूपाका जेठी छोरी आकूतिको विवाह माता पिताको अनुमतिमा पुत्रिका धर्मअनुसार आकूतिका भाइ रुचि प्रजापतिसँग सम्पन्न गरिएको थियो।[२२३] दक्ष प्रजापतिले पनि आफ्नी छोरीहरू

२१७. हीनजातिस्त्रियं मोहादुद्वहन्तो दिवजातयः। कुलान्येव नयन्त्याशु ससन्तानानि शूद्रताम।। मनुस्मृति ३-१५, पूर्ववत्, पृष्ठ १४६
२१८. हिन्दू विवाहको इतिहास, विसं २०६९, मधुसुदन सुवेदी, सानुमैयाँ सुवेदी, ललितपुर नेपाल, पृष्ठ ११
२१९. नीति, पूर्ववत्, पृष्ठ ८
२२०. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १०९
२२१. हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृष्ठ ११
२२२. श्रीःशाश्वत नारी, पूर्ववत्, पृष्ठ ६
२२३. आकूतिं रुचये प्रादादपि भ्रातृमतीं नृपः। पुत्रिकाधर्ममाश्रित्य शतरूपानुमोदितः। श्रीमदभागवत महापुराण, पूर्ववत्, पृ. ३२१

आफ्नै काका ऋषि कश्यपलाई पत्नीको रूपमा दान दिएका थिए।[२२४] ऋग्वेदमा उल्लेख भएको ऋषि विश्वासनका जम्ल्याहा सन्तानहरू यम र यमीको प्रसङ्ग पनि यस सम्बन्धमा प्रासङ्गिक छ। यसमा यमीले आफ्नै दाज्यू यमप्रति विवाहको प्रस्ताव राखेकी छ तर यमले भने एकै गर्भबाट जन्मेका सन्तानबिच यस्तो रागात्मक सम्बन्ध स्थापित हुनु अनैतिक हो भन्दै त्यस प्रस्तावलाई अस्वीकार गरेको छ। यमीको भनाइअनुसार ईश्वरले चेली माइतीलाई गर्भदेखि नै दाम्पत्य धर्म निर्वाह गर्नका निम्ति जोडी निश्चित गरिदिएका हुन्छन् र परिवारमा नै योग्य उम्मेद्वार हुँदाहुँदै कन्याले बाहिर वरको खोज गर्नु आवश्यक छैन। यमको संवादअनुसार भने दाज्यू-बहिनी सगर्भीय सन्तान भएको हुनाले नै दुईमाझ नैतिक मर्यादा र पवित्रता हुन्छ जहाँ प्रणय, काम र रागको स्थान हुनुहुँदैन।[२२५] मनुस्मृतिको व्याख्याअनुसार आमा र बाबु दुवैतिर सगोत्र र सपिण्ड भएका नर-नारीमाझ विवाह वर्जित छ।[२२६] आफ्नी बहिनी, छोरी, मित्रकी पत्नी, छोराकी बुहारी, गुरुपत्नीसँग कामनात्मक (वैवाहिक) सम्बन्ध राख्ने व्यक्तिलाई पातकी भनिएको छ।[२२७] मुस्लिम समुदायमा भने विवाहको लागि जोडी छान्ने प्रक्रिया पारिवारिक सदस्य अनि नजिकको रक्त सम्बन्धी सदस्यहरूबाट सुरु हुन्छ। काका, मामा, फुपू आदिका सन्तानहरूमाझमा नै विवाह गर्नु मुस्लिम समुदायलाई वाह्य रक्त मिश्रणबाट अक्षुण्ण राख्नु हो। यसरी मुस्लिम कानुनमा रक्त सम्बन्धको पवित्रता र नैतिकताको धारणा नै अलग देखिन्छ।[२२८] नेपाली समाजमा मगर र गुरुङ जातमा फुपू मामाका छोरा-छोरीमाझ विवाह हुने प्रावधान छ।[२२९] तर अधिकत्तर नेपाली जातगोष्ठीहरूमा यस्ता सङ्गोत्रीय विवाहको संस्कार पाइँदैन। मितेरी साइनो परेका परिवारबिचमा पनि विवाह सम्बन्ध वर्जित छ। नेपाली समाजमा यस्ता रक्त सम्बन्धमा भएको विवाहलाई हाडफोरा विवाह भनिन्छ।[२३०] महाभारतको कथामा उर्वशीले अर्जुनप्रति प्रणय निवेदन गरेकी छ तर अर्जुनले भने आत्मिक रूपले आमा मानिएकी नारीसँग रति सम्बन्ध अनुचित मानी क्षमा याचना गरेको छ।[२३१] यसरी सनातन परम्परामा रक्तगत, वंशगत सम्बन्धभित्र विवाह निषेध गरिएको पाइन्छ।

२.२.२.५.४.७. जारी विवाह

अर्काकी पत्नीलाई आफ्नो पत्नीको रूपमा ग्रहण गर्नु जारी विवाह हो। यसमा विवाह गर्ने पुरुषलाई जार भनिन्छ अनि पत्नी लगिएको पुरुषलाई साधु भनिन्छ। यसमा एउटा विवाह र परिवार स्थापनाको लागि अर्को

२२४. श्रीः शाश्वत नारी, पूर्ववत्, पृष्ठ ६
२२५. ऋग्वेद १०-१-१२, पूर्ववत्, पृष्ठ ८५६
२२६. मनुस्मृति, ३-५, पूर्ववत्, पृष्ठ १४४
२२७. पूर्ववत्
२२८. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १११
२२९. हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृष्ठ १४३
२३०. श्रीःशाश्वत नारी, पूर्ववत्, पृष्ठ ४
२३१. संक्षिप्त महाभारत, पृष्ठ २६१

विवाह र परिवार भत्काउने प्रक्रिया स्पष्ट छ जसलाई एउटा सामाजिक समस्याकै रूपमा चिन्हित गरिएको छ।[२३२] यसको समाधान हेतु समय समयमा विधि विधानहरू पनि निर्माण गरिएका छन्। हिन्दू शास्त्रअनुसार जारी विवाह वर्जित छ। मनुस्मृतिमा परपत्नी गमन गर्नेलाई स्पष्ट रूपमा पातकी भनिएको छ।[२३३] जार भएका ब्राह्मणद्वारा कुनै किसिमको वैदिक कार्य गराउनु वर्जित गरिएको छ।

जारी विवाहको महत्त्वपूर्ण समस्या सन्तान सम्बन्धी छ। हिन्दू शास्त्रअनुसार उत्पादन कार्यमा क्षेत्रभन्दा बीजको महत्त्व प्रथम छ किनभने फलमा बीजको गुण सर्वोच्च हुन्छ। यसैकारण सन्तानमाथि पिताको गुण अधिकार र कर्तव्य प्रथम मानिन्छ।[२३४] तर फलको सम्बन्धमा क्षेत्रस्वामी र बीज पुरुषको बिचमा कुनै औपचारिक सम्झौता नभएसम्म फलमाथि प्रत्यक्ष रूपले क्षेत्रस्वामीकै अधिकार सर्वोपरि हुन्छ। यसकारण कुनै पुरुषले परपत्नीबाट सन्तान उत्पन्न गर्नु निष्फल कार्य हो। जसरी परपत्नीबाट जन्मेका सन्तानमाथि बीजपुरुषको स्वामित्व सिद्ध नभए जस्तै गाई, घोडी, दासी, बाख्री, भैँडी, पक्षी र भैँसीहरूको सन्तान विषयमा यही नियम प्रयोग हुन्छ।[२३५]

अनियुक्त नारीको परपुरुषद्वारा उत्पन्न सन्तान, पुत्रवती नारीको देवरबाट र जारबाट उत्पन्न सन्तान कामभावनाले मात्र प्रेरित उत्पत्ति हुनाले सम्पतिको उत्तराधिकारी बन्न सक्दैन।[२३६] आफ्नो पति छोडेर अर्को पुरुषद्वारा उत्पन्न सन्तान, अर्काकी पत्नीद्वारा उत्पन्न सन्तान तथा कुनै साधवी नारीले दोस्रो पति ग्रहण गर्नु पनि शास्त्रसम्मत छैन।[२३७] आफ्नो पति छोडेर अर्को पतिसँग पोइल जाने नारी निन्दनीय मात्र होइन अर्को जुनीमा स्यालको रूपमा जन्म लिई अनेक असाध्य रोगले पीडित रहन्छे भनिएको छ।[२३८]

पतिद्वारा परित्यक्ता पत्नी अथवा अक्षतयोनी विधवा नारीलाई आश्रित पतिदेखि पुनः फर्काइल्याउन सकिन्छ अथवा आफ्नो पति छोडेर दोस्रो पतिसँग पोइल जाने पत्नी फेरि फर्केर पहिलो पतिसँग आउन चाहन्छे भने उसलाई स्वीकार गर्न सकिन्छ।[२३९] अतः जारी विवाहमा महत्त्वपूर्ण तत्व काम-शुद्धता नै मानिएको देखिन्छ।

नेपालको भदौ १, २०२० मा संशोधित नेपाली मुलुकी ऐनभन्दा अघिको कानुनी प्रावधानअनुसार साधुले जारलाई दिनसक्ने सजायहरू निम्नप्रकार छन् भन्ने जानकारी मधुसुदन सुवेदीले दिएका छन्[२४०] –

२३२. हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृ. ८७-८९
२३३. मनुस्मृति ११-४, पूर्ववत् पृ. ५३३
२३४. पूर्ववत्, ९-३५, पृ. ४३३
२३५ पूर्ववत्, ९-४१, पृ. ४३७-४४९
२३६. पूर्ववत्, ९-१४३, पृ. ४५३
२३७. नाऽन्योत्पन्ना प्रजास्तीह न चाप्यम्पपरिग्रहे। न दिवतीयश च साध्वीनां क्वचिद भर्तोपदिश्यते। ९-१६२, पूर्ववत्, पृष्ठ २८०
२३८. पूर्ववत्, ९-१६५, पृष्ठ २८१
२३९. सा चेदक्षतयोनिः स्याद् गतप्रत्यागतापि वा। पौनरभवेन भर्त्रा सा पुनः संस्कारमर्हाति। ९-१७६, पूर्ववत्, पृष्ठ ४५८
२४०. हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृ. ९०

१. साधुले जारलाई काटी मार्ने।

२. टाउको मुड्याइदिने, जनै हुनेको जनै फुकालेर र नहुनेलाई चाहिँ मान्छे, गाई आदिको मासु अथवा
अभक्ष खुवाएर जात पतीत गराउने।

३. कानुनअनुसार अंश अथवा विवाह खर्च लिने।

४. पैँताला चाट्न लाउने।

५. टाङमुनि छिराएर गाउँ बहिष्कार गर्ने।

वि.सं. २०२० मा संशोधित मुलुकी ऐनले उपर्युक्त प्रावधानहरू निषेध गरी नयाँ व्यवस्था लागु गरेको छ। नवीन अधिनियमअनुसार जारी विवाहको नालिस भयो भने जार र जारी गरिएको पत्नीलाई एक अथवा दुई महिनासम्मको कारावास र एकदेखि दुई हजार रुपियाँसम्मको जरिमाना तिर्नुपर्ने दण्ड व्यवस्था तय गरिएको छ।[२४१] यसरी जारी गरेको दोषीलाई ज्युँदै काट्ने अथवा मार्न पाउने विधान समाप्त भएको देखिन्छ। यो विधान मानवताको मर्यादा राख्ने उद्देश्यद्वारा प्रेरित भएको बुझिन्छ।

२.२.२.६. मुस्लिम विवाह

मुस्लिम समाज मुख्यतः सिया र सुन्नी गरी दुई समुदायमा विभक्त छ। यीबाहेक असरफ, अजलावर र अरजाल गरी तीन उपसमुदाय पनि छन्। सैयद, शेख र पठान आदि केही असरफ समुदायभित्र पर्छन्, मोमिन, इब्राहिम (हजाय), मनसुरी आदि अजलाव समुदायका हुन् भने हलालखोर आदि अरजल समुदायका जाति हुन्। असरफ उच्च र पवित्र श्रेणीमा आउँछ। अजलाव अस्पृश्य मानिन्छ र मस्जिद औ सार्वजनिक मसानघाटमा तिनलाई प्रवेश निषेध गरिएको छ। मुस्लिम समाजको यस्तो व्यवस्था धार्मिक नभएर सामाजिक र आर्थिक विभाजन हो।[२४२] समाजका यी श्रेणीहरूमाझ विवाह सम्बन्धलाई निषेधचाहिँ गरिएको छैन तर प्रोत्साहन पनि दिइँदैन। विशेषतः सुन्नी समुदायमा सामाजिक, आर्थिक स्तर विवाह सम्बन्ध स्थापना गर्ने एउटा महत्त्वपूर्ण आधार हो।[२४३]

मुस्लिमहरू विवाहलाई 'निकाह' भन्छन्। निकाह धार्मिक संस्कार नभएर नर-नारीमाझ सहजीवन यापनलाई वैधता दिने निरपेक्ष 'नागरिक अनुबन्ध' (Civil contract) हो। मुस्लिम विवाहका उद्देश्यहरूमध्ये

२४१. हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृष्ठ ९०
२४२. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ११९
२४३. इन्डियन सोसिअल सिस्टम, पृष्ठ १४७

यौन आचरण नियन्त्रण, परिवार सङ्घटन, प्रजनन र सन्तान पोषण मुख्य हुन्।[२४४] रोनाल्ड विल्सनको सन्दर्भ लिँदै सि.एन. शङ्कर रावले मुस्लिम विवाहको उद्देश्य यौनकार्य र सन्तान प्रजननलाई वैधता प्रदानको लागि गरिएको अनुबन्ध हो भनेका छन्।[२४५] यसप्रकारले मुस्लिम विवाहमा धार्मिक संस्कार र परम्परा आदि भन्ने अवधारणा पाइँदैन। तर शङ्कर रावको भनाइअनुसार मुस्लिम विवाहमा धार्मिक सम्बद्धता रहेको हुन्छ र मुस्लिमहरूका लागि विवाह धार्मिक कर्तव्य भएकाले यसलाई 'इवादत' पनि भनिएको छ।[२४६] यसरी निकाह पूर्णतः वस्तुगत व्यवस्था मात्र नभएर ईश्वरीय आस्था र समर्पण पनि हो भनी बुझिन्छ।

२.२.२.६.१. मुस्लिम विवाहका विशेषताहरू

क. विवाह प्रस्ताव अनि स्वीकारोक्ति (इजाब र कुबुल)

मुस्लिम विवाह सामाजिक अनुबन्ध भएको कारणले विवाहको प्रस्ताव राख्नु र त्यसको स्वीकारोक्ति प्राप्त हुनु महत्त्वपूर्ण चरण हो। वरद्वारा वधूको अघि विवाह अनुष्ठानको प्रथम बेलामा दुईजना धर्मगुरु (मौलवी र काजी)को साक्षीमा विवाहको प्रस्ताव राखिन्छ। यस प्रस्तावनालाई 'इजाब' भनिन्छ। प्रस्तावको उत्तरमा स्वीकारोक्ति प्राप्त हुनु आवश्यक हुन्छ जसलाई 'कुबुल' भनिन्छ। वर-वधूमाझ भएको यस प्रस्ताव र स्वीकारोक्तिको कार्यक्रम विवाह अनुष्ठानमा भेला भएका सबै उपस्थितिमा स्पष्ट रूपले सार्वजनिक हुन आवश्यक छ। यो प्रस्ताव र स्वीकारको कार्यक्रम एउटै ठाउँ र एउटै समारोहमा हुनु अनिवार्य छ जसलाई 'शाही निकाह' भनिन्छ। यसलाई विवाह हुन लागेका नर-नारीको वैयक्तिक इच्छा अनिच्छालाई व्यक्त गर्ने मुक्त अवसरको रूपमा लिन सकिन्छ। यद्यपि, यस्ता निर्णयहरू अघिबाटै तय गरिएका हुन्छन् र विवाह मण्डपमा औपचारिकता पूरा गर्ने काम मात्र गरिन्छ। मुस्लिम नियमअनुसार चारजना पत्नी जीवित रहुन्जेलसम्म पाँचौँ पत्नी विवाह गर्न निषेध छ। पाँचौँ पत्नी विवाह 'फासिद' विवाहभित्र पर्छ र सो अवैध मानिएको छ।

ख. मेहरको प्रावधान छ

विवाहको समयमा कन्याले वरबाट प्राप्त गर्ने धनलाई 'मेहर' भनिन्छ। मेहर दिनु वरको वधूप्रति सम्मान र कर्तव्य बुझाउने माध्यम हो। यसका साथै आपदकालीन स्थितिमा पत्नीको आर्थिक सम्बल पनि हो। परिस्थितिअनुसार विवाह विच्छेद अनि पतिको असामायिक मृत्यु भएको अवस्थामा मेहर वधूको जीविकाको आश्रय हुनसक्छ। मेहरको राशि वधूको सामाजिक स्तर र व्यक्तिगत गुणमाथि भर पर्ने कुरा हो। यद्यपि, यो दश

२४४. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ११९
२४५. पूर्ववत्, पृष्ठ ११९
२४६. पूर्ववत्

दिनार भन्दा कम हुन सक्दैन। मुस्लिम नियमानुसार मेहरको राशिमाथि वधूको पूर्ण अधिकार हुन्छ।[२४७]

ग. विवाहको योग्यता, वैधता र निषेधाधिकार

विवाहको उम्मेद्वार वयस्क तथा मानसिक रूपले स्वस्थ हुनु आवश्यक छ। बाल विवाह र मानसिक रूपले अस्वस्थ व्यक्तिहरूको विवाह अवैध मानिन्छ। मुस्लिम पुरुषले चार पत्नीहरू रहँदै पाँचौँ पत्नी विवाह गर्न सक्तैन। मुस्लिम नारीले पनि पहिलो विवाह विच्छेद नभएसम्म दोस्रो विवाह गर्न पाउँदिन।

मुस्लिम विवाहमा वर वधूको सामाजिक स्तरको समानता हुनु आवश्यक मानिएको छ। वर वधूले स्वेच्छाले गर्ने विवाहलाई 'कीफा विवाह' भनिन्छ। यस्ता विवाहलाई सामाजिक मान्यता प्राप्त छैन। सामाजिक असमानता विवाह सम्बन्ध स्थापित नहुने एउटा विशेष आधार मानिएको छ।

मुस्लिम विवाहमा जोडी छनौटमा प्राथमिकताको प्रावधान छ। जोडी छनौटमा प्रथम स्थान आफ्ना समानान्तर सम्बन्धीहरू (काका अथवा बाबुका सन्तान) र त्यसपछि मामा अथवा आमाका सन्तान पर्छन्। यद्यपि, आधुनिक समयमा यस्ता रक्त सम्बन्धभित्र हुने विवाहलाई प्राथमिकता दिने प्रथा कम भएको छ। यसबाहेक व्यक्तिले आफ्नी विच्छेद भएकी पत्नीकी बहिनीसँग विवाह गर्न सक्ने विधि पनि पाइन्छ।

मुस्लिम कानुनले शाही निकाहलाई मात्र वैध विवाह मानेको छ। यस कानुनबाहिर भएका सबै विवाहहरू अवैध हुन् जसलाई 'बातिल' भनिन्छ। विवाहित मुस्लिम नारीलाई आफ्नो जीवित पतिबाट पारपाचुके नपाइन्जेलसम्म दोस्रो विवाह गर्ने अधिकार प्राप्त छैन।

२.२.२.७. विवाहको वर्तमान स्वरूप

भूतकालीन सामाजिक ढाँचा र मान्यताका तुलनामा वर्तमानकालमा तुमूल परिवर्तन आएको छ। यस परिवर्तनले मान्छेको विचार, अवधारणा र जीवनशैलीमा ठूलो प्रभाव परेको छ। तथा समाजका स्थूल अनि सूक्ष्म बुनियादलाई समेत व्यापक रूपले हल्लाइदिएको छ। विवाह र परिवारजस्ता सूक्ष्म संस्थाका आधारभूत ढाँचा र मान्यताहरू परिवर्तनशील बनेका छन्। यस्ता द्रूत परिवर्तनका प्रमुख कारणहरू निम्नप्रकार छन् -

२.२.२.७.१. औद्योगीकरण

औद्योगीकरणले समाजको मेरुदण्ड मानिने अर्थतन्त्रलाई सोझो रूपमा प्रभावित गरेको छ। एउटा

२४७. And give the women (on marriage) their lower as a frace gift, but if they of their own good pleasure, remit any part of it to ypu, take it and enjoy it with right good cheer. द कुरान, पूर्ववत्, पृष्ठ ४९

परिवार सम्पूर्ण रूपमा आर्थिक गतिविधिसित युक्त बनेको छ। अर्थनैतिक भाषाले नै परिवारको विश्लेषण गर्ने भएकोले 'सानो परिवार सुखी परिवार'को नारा पनि समाजमा स्थापित गर्ने चेष्टा भएको छ। पुरातन यसरी

संयुक्त परिवारहरूको अस्तित्व हराउँदै एकल परिवारको धारणा बढी प्रचलित भएको देखिन्छ। परिवारका अधिकतर सदस्यहरू अर्थोपार्जन गर्न देश परदेशगमन गरिरहेका छन्। यसले वैयक्तिक स्वाधीनताको अवधारणालाई विकास गरेको छ। आज मानिसले समाज, परिवारभन्दा अधिक एक व्यक्तिको रूपमा आफूलाई स्थापित गर्नमा बढी रुचि राख्छ। घर परिवारका आन्तरिक व्यवस्थालाई थामेर बसेका नारीहरू पनि औद्योगिक अर्थतन्त्रमा सक्रिय रूपले सहभागी बनिरहेका छन्। नारीहरूले आर्थिक मुक्ति साथै वैचारिक मुक्तिका अवसर पाइरहेका छन्। यसकारण, अर्थ वर्तमान समयको अत्यन्त लोकप्रिय मिशन बनेको देखिन्छ। परिवारका अन्य विषयहरूजस्तै विवाह सम्बन्धमा पनि सचेत असचेत रूपले यस्ता आर्थिक गतिविधिको प्रभाव परेको पाइन्छ। आर्थिक आत्मनिर्भरताले नर र नारी दुवैको आत्मसम्मानलाई उच्च बनाएको छ जसले पारस्परिक सम्मान र साझेदारीलाई विकास गर्नमा सहयोग पुऱ्याएको छ। आर्थिक स्वतन्त्रताको कारणले वर्तमानकालमा विवाह एउटा सामाजिक अनुष्ठान मात्र होइन तर वैयक्तिक अभिप्राप्ति पनि हो भन्ने कुरा बोध गराउँछ। यस्ता स्थितिमा दाइजोको अनावश्यक लेनदेनको समस्या गौण हुन थालेको देखिन्छ।

२.२.२.७.२. सहरीकरण

गाउँहरू बिस्तारै सहरमा परिणत हुने क्रम चलिरहेको छ र गाउँमा बाँचिरहेका पारम्परिक मूल्य र मान्यताहरूमा पनि सहरिया प्रभाव परिरहेको बोध हुन्छन्। सहरिया जीवनशैलीले मानिसलाई सामुहिकको सट्टा एक्लो बनाउँदै वैयक्तिक घेराभित्र सीमित बनायो। मान्छेका सबै गतिविधिहरू व्यक्तिगत र वस्तुगत हुन थालेपछि सामाजिक समन्वयको अवकाश सानो भयो। विवाह न त धार्मिक संस्कार रह्यो न त सामाजिक अनुष्ठान। यो व्यक्तिगत निर्णयमाथि भर पर्ने कुरा भयो। व्यस्ततम जीवनशैलीमा जिउने सहरिया मानिसहरू प्रौढावस्थासम्म अविवाहित रहन थाले फलस्वरूप बाल विवाहको प्रथा स्वतः निर्मूल हुन पुग्यो। सहरको सीमित परिवेश, सुविधा र सहुलियतलाई ध्यानमा राख्नुपर्दा विवाहका धेरै कर्मकाण्ड, रीतिथितिहरूलाई कटौती वा स्थगित गर्नुपर्ने स्थिति आइपऱ्यो। अतः सहरीकरणको प्रभावमा धेरै पारम्परिक मूल्य र रीतिथितिहरू अमान्य हुनथाले।

२.२.२.७.३. शिक्षा

आधुनिक शिक्षाले आधुनिक समाजको प्रत्येक क्षेत्रलाई व्यापक रूपमा प्रभाव पारेको छ। शिक्षाले मान्छेलाई तार्किक, बौद्धिक र प्रगतिशील बनाएको छ तथा प्रत्येक विषयमा युक्तिसङ्गत विचार र तथ्यको

खोज गर्न समर्थ बनायो। शिक्षित मान्छेको गतिविधिले समाजमा भएका सबै किसिमका अन्धविश्वास, रूढी र तर्कहीन विचारहरू ध्वस्त हुनथाले। नियम, मान्यता र सिद्धान्त भन्ने कुरामाथि पनि युक्तिसङ्गत र न्यायसङ्गत विमर्श हुन थाल्यो। अतः परम्परागत रीतिरिवाज र संस्कारहरू बहसका विषय हुन पुगे। वैयक्तिक स्वाधीनता, निरपेक्षता र प्रजातान्त्रिक जीवनदर्शनमा विश्वास राख्ने नवीन पुस्ताले शिक्षा, यौन, विवाह आदि विषयमा वैयक्तिक निर्णयलाई सर्वोपरि राखेका छन् अनि विवाहको लागि जोडी चुनाउको बारेमा पनि शिक्षित व्यक्तिहरू उदार र प्रगतिशील हुन थालेका छन्। उनीहरू पारिवारिक सीमादेखि बाहिर पनि विकल्पहरू खोज्छन् र 'म्याट्रिमोनियल', विज्ञापन, 'म्यारिज ब्यूरो'सम्म पुगेर मनपर्दो र सुहाउँदिलो जीवन साथीको खोज गर्छन्। आज इन्टरनेटको 'सोसियल नेटवर्किङ साइड'मा यस प्रकारका अवसर अझ सहज र सुलभ रूपमा प्राप्त भइरहेका छन्।

शिक्षितहरूमा दाइजोको समस्या हुँदैन भन्ने धारणा रहे तापनि अल्पशिक्षित र अशिक्षितभन्दा धेर दाइजोको समस्या शिक्षितहरूमा छ भन्ने सिएन शङ्कररावको विचार छ।[२४८] विवाहमा जति उच्च शिक्षा र उच्च ओहोदा छ उति नै उच्च दाइजो तोकिए तापनि सो समस्या समाधान भएको देखिन्छ। यद्यपि, भारतमा नर-नारीको साक्षरता दर समान छैन। शिक्षित र अशिक्षित अघि साक्षर र निरक्षर व्यक्तिहरूमा विवाहको सम्बन्ध पनि एउटा समस्याको कारण हुन्छ। भारतमा पुरुष नारी साक्षरता दर निम्नप्रकार छ,[२४९]

सेन्सस वर्ष	जम्मा प्रतिशत	पुरुष	नारी	अन्तर
१९५१	१८.३३	२७.१६	८.८६	१८.३०
१९६१	२८.३	४०.४	१५.३५	२५.०५
१९७१	३४.४५	४५.९६	२१.९७	२३.९८
१९८१	४३.५७	५६.३८	२९.७६	२६.६२
१९९१	५२.२१	६४.१३	३९.२९	२४.८४
२००१	६४.८३	७५.२६	५३.६७	२१.५९
२०११	७४.०४	८२.१४	६५.४६	१६.६८

२४८.सोसियोलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ११६

२४९.www.feindia.nic.in/mlid/50yrsedn/s/3N १४.७.२०१४

२.२.२.७.४. ऐन

विवाह सामाजिक अनुष्ठान र धार्मिक संस्कार मात्र होइन व्यवहारिक विधि पनि हो जसमा समयअनुसारको प्रभाव हुनु स्वाभाविक हुन्छ। व्यवहारका रूपमा कतिपय विधिको स्वरूप परिवर्तन र कतिपयको अतिव्याख्या र अपव्याख्या पनि भएको छ। विवाहका विभिन्न पक्षहरूलाई व्याख्या गर्ने भारतमा निम्न कानुनी प्रावधान रहेका छन् -

क. सती प्रथा उन्मुलन ऐन १८२९

हिन्दू धर्मशास्त्रमा पत्नीका निम्ति निर्मित उल्लेखनीय धार्मिक कानुन आचार संहिता पतिव्रता धर्म हो। पतिव्रता धर्मलाई अतिव्याख्या र अपव्याख्याद्वारा अमानवीय आचरण बनाउने परम्परा उत्तरवैदिककालपछि सुरु भएको देखिन्छ। वेदमा यसप्रकारको प्रथाको कुनै उल्लेख पाइँदैन अनि मनुस्मृतिमा पनि सतीदाहको प्रसङ्ग पाइँदैन। मनुस्मृतिमा विभिन्न आपतकालीन स्थितिमा पत्नीले पतित्याग गर्न पाउने, पुत्रहीन विधवाहरूले नियोग धर्मानुसार पुत्रलाभ गर्न पाउने तथा अनिन्दनीय कर्म गरेर जीविका चलाउन सक्ने नियम बताइएको छ।[२५०] नारीले बाल्यकाल पिताका अधीनमा यौवनकाल पतिको अधिनमा र बुढेसकाल पुत्रको अधीनमा बस्नुपर्छ भन्ने नियमले पनि पतिको मृत्युमा पत्नीले सती जानुपर्ने व्यवस्थालाई अस्वीकार गर्छ।[२५१] उत्तरवैदिक कालपछि समाजमा नारीहरूको हीन स्तरको हैसियत, कर्मकाजी अन्धविश्वास र सम्पतिको उत्तराधिकार सम्बन्धमा पुरुषतन्त्री हैकमवादले प्रेरित भएर 'सतीदाह'लाई प्रथाको रूप दिइएको पाइन्छ।[२५२] यस प्रथालाई उन्मूलन गर्नका निम्ति राजा राममोहन रायको नेतृत्वमा ब्रह्मसमाजी सदस्यहरूले चलाएको आन्दोलनको फलस्वरूप सतीप्रथा उन्मूलन ऐन १८२९ मा पारित हुनसक्यो। यस ऐन अन्तर्गत सतीप्रथा दण्डनीय अपराध हो र यस अपराधको लागि आर्थिक दण्ड र कारावासको सजाय तोकियो।[२५३]

ख. हिन्दू विधवा विवाह ऐन १८५६

हिन्दू विधवा विवाह ऐन १८५६ सतीप्रथा उन्मूलन ऐन १८२९ को सम्पूरकको रूपमा पारित भएको हो। हिन्दू विधवाहरूलाई पुनर्वास र पुनर्स्थापना गर्ने उद्देश्यले कानुनको यो प्रावधान तयार भएको हो। पण्डित ईश्वरचन्द्र विद्यासागर र अन्य समाज सुधारकहरूले यस विधिलाई पारित गराउनमा ठुलो अभियान चलाएका थिए।[२५४]

२५०. मनुस्मृति, ९-७५, पूर्ववत्, पृष्ठ ४४०
२५१. पूर्ववत्, ९-३, पृष्ठ ४२७
२५२. इन्डियन सोसिअल सिस्टम, पूर्ववत्, पृष्ठ २१५
२५३ सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ११७
२५४. पूर्ववत्

ग. नागरिक (विशेष) विवाह ऐन १८७२

यस ऐनले हिन्दू विवाहलाई नागरिक विवाहको रूपमा परिभाषित गरेको छ र अन्तर्जातीय अथवा अन्तर्धर्मी विवाह तथा पञ्जीकृत विवाहको कानुनी प्रावधान निर्माण गरिदिएको छ। यस ऐनलाई विशेष विवाह ऐन १९५४ मा परिशोधन गरी पन्जीकृत विवाह गर्न चाहने नर-नारीले एक महिनाअघि पञ्जीकरण कार्यालयमा दुईजना साक्षीका साथमा आवेदन गर्नुपर्ने प्रावधान राखिएको छ।

घ. बाल विवाह उन्मूलन ऐन १९३०

कानूनको यो प्रावधान १ अप्रेल १९३० मा पारित भएको थियो। यस ऐन अन्तर्गत विवाहको उमेर वरको लागि १८ वर्ष न्यूनतम अनि वधूका निम्ति १४ वर्ष न्यूनतम तय गरियो। समाजमा बालविवाह रोकथाम गर्न भारतमा यस्तो कानुन पारित गरिए तापनि वर-वधूको विवाह उमेर सम्बन्धमा यस ऐनले युक्तिसङ्गत परिणाम दिन नसकेको बुझिन्छ।

ङ. हिन्दू विवाह ऐन १९५५

हिन्दू विवाह ऐन १९५५ को भारतीय समाजमा महत्त्वपूर्ण स्थान छ। जम्मु-कश्मीरलाई छोडेर भारतका सबै प्रान्तहरूमा यो ऐन समान रूपले लागु हुने प्रावधान राखिएको छ। यस अधिनियमले जैन, सिख, बुद्धिस्ट अनि सबै अनुसूचित जनजातिहरूलाई 'हिन्दू'को श्रेणीमा अन्तर्भुक्त गरेको छ। हिन्दू विवाह ऐन १९५५ अनुसार विवाहका शर्तहरू र यसका विशेषताहरू -

१. विवाहका निम्ति इच्छुक उम्मेद्वारहरू दुवैका पूर्वपति र पूर्वपत्नी जिउँदो भएको हुनुहुँदैन।

२. वर वधू दुवै मानसिक रूपले स्वस्थ हुनपर्छ।

३. वरको उमेर न्यूनतम २१ वर्ष अनि वधूको उमेर न्यूनतम १८ वर्ष हुन आवश्यक छ।

४. यसले अन्तर्जातीय विवाह, अन्तर्धर्मीय विवाहलाई मान्यता प्रदान गर्छ।

५. यसले नर नारीमाझ समानताको अधिकारलाई मान्यता दिन्छ।

६. यसले नर नारीलाई विवाह अनि विच्छेद दुवै स्थितिमा समान अधिकारको प्रावधान राख्छ।

७. यसले विवाह विच्छेद सम्बन्धमा विशेष अधिकार र सहुलियतहरू प्रदान गर्छ।

च. दाइजो उन्मूलन ऐन १९६१

विवाह कार्यमा दाइजो प्रथा रोक्नका निम्ति २० मई १९६१ मा दाइजो उन्मूलन ऐन पारित गरियो। मुस्लिम समुदायमाथि यो अधिनियम लागु गर्न सकिँदैन। यस विधिअनुसार वरपक्ष र कन्यापक्षमाझ दुई

हजारभन्दा अधिक मूल्यका उपहारहरू आदान-प्रदान गर्न सकिँदैन। यसको उल्लङ्घन दण्डनीय अपराध हो जसका निम्ति ६ महिनाको कारावास र पाँच हजार रुपियाँ जरिमाना तोकिएको छ।

उपर्युक्त ऐनहरूले विवाहको पारम्परिक स्वरूप परिवर्तन गरिदिनका साथै यसलाई संवैधानिक र कानुनी रूपले औपचारिक व्यवस्था बनाएको छ।

२.२.२.८. भारतमा लिङ्ग अनुपातको दर

भारतमा प्रति हजार पुरुष सङ्ख्यामा नारीको सङ्ख्या निम्न प्रकार छ[२५५]

वर्ष	नारी दर
१९०१	९७२
१९११	९६४
१९२१	९५५
१९३१	९५०
१९४१	९४५
१९५१	९४६
१९६१	९४१
१९७१	९३०
१९८१	९३५
१९९१	९२७
२००१	९३३
२०११	९४०

२५५.www.censusindia.gov.in/census_and_gender_composition_aspt and www.educationforallindia.com/page 172.html २७.४.२०१५

२.२.२.९. विवाह-विच्छेद

२.२.२.९.१. हिन्दू विवाह विच्छेद प्रक्रिया

हिन्दू धर्म शास्त्रअनुसार विवाह धर्म, अर्थ, काम, मोक्ष तथा चार पुरुषार्थलाई प्राप्त गर्ने अनुष्ठान हो।

आजीवन यस अनुष्ठानसँग प्रतिबद्ध भए मात्र शास्त्रसम्मत अभिप्राप्ति प्राप्त हुने हुनाले ऋग्वेदमा विवाहलाई नर-नारीमाझको चिरञ्जीवी प्रीतिपूर्ण सम्बन्ध भनिएको छ।[२५६] अथर्ववेदमा पनि विवाहमा नर नारीको आजीवन साथ सुख र समृद्धिको कामना गरिएको छ।[२५७] यी पूर्वाधारहरू हुँदाहुँदै हिन्दू विवाह विच्छेदको प्रसङ्ग अनौठो र गैरशास्त्रीय मानिन्छ। मनुस्मृतिमा आपदकालीन स्थितिमा नर-नारीमाझ हुने सम्बन्धका विकल्पबारे चर्चा गरिएको पाइन्छ। मनुस्मृतिमा सोझो रूपमा विवाह विच्छेदको चर्चा गरिएको छैन। विशेष परिस्थितिमा पतिले सौता ल्याउनुपर्ने विधान र पत्नीले पनि पतित्याग गर्ने अधिकारको चर्चा पाइन्छ। विभिन्न स्थितिमा पतिले दोस्रो विवाह गरे तापनि पत्नीलाई त्याग गरिदिनुपर्छ भन्ने विधान तोकिएको छैन।[२५८] यद्यपि, सौता ल्याइदिएकोमा रूष्ट भएर घरत्याग गर्ने पत्नीलाई कुलवृद्धहरूको साक्षीमा त्याग गरिदिनु उचित हो भनिएको छ।[२५९]

विदुर नीतिअनुसार पुरुषत्वहीन पतिलाई पत्नीले त्याग गर्न सक्छे।[२६०] मनुस्मृतिमा धर्मकार्यका निम्ति परदेश गएका पतिलाई आठ वर्षसम्म, विद्यार्जनको निम्ति गएका भए छः वर्षसम्म र अन्य कार्यले गएका पतिलाई तीन वर्षसम्म प्रतीक्षा गर्नु उचित छ भनिएको छ।[२६१] जुवामा हार्ने पुरुषका पत्नीहरूमाथि जित्नेको अनैतिक दृष्टि रहने हुनाले जुवाडे पतिलाई त्याग गरिदिनु उचित ठानिएको छ। नारद स्मृतिलाई सन्दर्भमा लिँदै मधुसुदन सुवेदीले पति बेपत्ता भएमा, सन्यासी भएमा, नपुङ्सक भएमा अथवा जातिबाट च्यूत भएमा पत्नीले त्याग गर्न सक्ने कुरा उल्लेख गरेका छन्।[२६२]

नर-नारी तथा पति पत्नीको सम्बन्ध जति मनोहारी छ त्यति नै जटिल पनि छ। यस सम्बन्धमा दुवैका शारीरिक र मानसिक संवेदनशीलता र व्यवहारिकताहरू दबाउ र तनाउका कारणहरू हुन्छन्। गृहस्थीमा यस्ता दबाउ र तनाउको मात्रा अधिक हुँदा पति पत्नीको सम्बन्धमा कटुता आउने र विच्छेद हुने अवस्था आइपर्ने हुन्छ। विवाह विच्छेद एउटा सामाजिक त्रासदी हो। यसबाट आउने विभिन्न समस्याहरूलाई समाधान गर्नका निम्ति

२५६. ऋग्वेद १०-४२, पूर्ववत्, पृष्ठ ९४९

२५७. अथर्ववेद, १०-५०, पूर्ववत्, पृष्ठ ४४४
२५८. मनुस्मृति, ९-८१, पूर्ववत्, पृष्ठ ४४१
२५९. पूर्ववत्, ९-८३, पृष्ठ ४४१
२६०. नीति २-३२, पूर्ववत्, पृष्ठ १६६
२६१. मनुस्मृति, ९-७६, पूर्ववत्, पृष्ठ ४४०

२६२.हिन्दू विवाहको इतिहास, पूर्ववत्, पृष्ठ १५

कानुनी अधिनियमहरू पारित गरिएका छन् जसले पति-पत्नी दुवैको अवस्थालाई युक्तिसङ्गत ढङ्गमा व्याख्या गर्ने उद्देश्य राख्छ।

हिन्दू विवाह अधिनियम १९५५ ले विवाह विच्छेदको निम्ति प्रावधान पारित गरेको छ[२६३] -

१. पति पत्नी कोही पनि यौनिक रूपले असक्त (नपुङ्सक) भएमा।

२. यदि विवाहको समयमा कोही पागलपन र मानसिक विकृतिको शिकार भएमा।

३. विवाह यदि धोखा र बलप्रयोगद्वारा सम्पन्न गरिएको भएमा।

४. यदि पत्नी विवाहपूर्व नै अन्य कसैद्वारा गर्भवती भएमा।

उपर्युक्त अधिनियम १९५५ लाई १९७६ अनि १९८१ मा संशोधन गरियो। यस संशोधनअनुसार न्यायिक विवाह विच्छेदका निम्न कारणहरू राखिएका छन् [२६४]-

१. यौनशोषण गरिएमा

२. धर्म परिवर्तन गरिएमा

३. मानसिक अस्वस्थ भएमा

४. कुष्ठरोग र अन्य असाध्य रोगग्रस्त भएमा

५. बहुविवाह गरेमा।

यसका अतिरिक्त हिन्दू विवाह अधिनियम १९७६ अनुसार कमभन्दा कम एक वर्षदेखि अलग बसोबास गरिरहेका पति-पत्नीले आपसी सहमतिमा विवाह सम्बन्ध विच्छेद गर्न सक्छन्। विच्छेदपछि दुवैले पुनर्विवाह गर्न पनि सक्छन्। तर पतिले भने पत्नीको आर्थिक अवस्थालाई ध्यानमा राखेर जीविकाको लागि आर्थिक क्षतिपूरण दिनुपर्ने प्रावधान छ। यसरी कानुनी अधिनियमले विवाह विच्छेद प्रक्रियालाई औपचारिक साथै गतिशील बनाइदिएको छ। विवाह विच्छेदको कानुनी प्रावधानले अब हिन्दू विवाह पनि जन्म जन्मान्तरको अखण्ड बन्धन हो भन्ने कुरा अकाट्य रहेको छैन। विवाह मानवीय सम्बन्ध हो र यो असहज, असामान्य र असहनीय भएको खण्डमा विच्छेद नै यसको अन्तिम विकल्प हो भन्ने कुरा कानुनले नै परिभाषित गरिदिएको छ।

२६३. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १२८
२६४. पूर्ववत्

२.२.२.९.२. मुस्लिम कानुनअनुसार विवाह विच्छेदको प्रावधान[२६५]

भारतमा मुस्लिम समुदायका निम्ति कतिपय विशेष र निश्चित कानुन व्यवस्था छ। मुस्लिम पारम्परिक कानुनअनुसार विवाह विच्छेदको लागि 'खुल्ला' र 'मुबारत' दुई प्रकारका अनौपचारिक प्रक्रियाहरू छन् जसका निम्ति कुनै न्यायिक प्रावधानको आवश्यकता छैन।[२६६]

१. खुला र मुबारत

मुस्लिम पति-पत्नीले पारस्परिक सहमतिमा लिने विच्छेदका दुई प्रकारहरू खुला र मुबारत हुन्। खुला प्रक्रिया भन्नाले पत्नीद्वारा प्रस्तुत गरिएको विच्छेदको अनौपचारिक स्वरूप हो। अनि मुबारत भन्नाले पति पत्नी दुवैको सहमतिमा कुनै पनि एक पक्षबाट प्रस्तुत गरिएको विच्छेदको प्रक्रिया हो।

२. तलाक

तलाक विवाह विच्छेदको एउटा विशेष प्रक्रिया हो। मुस्लिम कानुनअनुसार पतिलाई विवाह रद्द गर्ने सूत्र तीनपल्टसम्म उच्चारण गरेर पत्नीलाई आफ्नो सम्बन्धबाट बर्खास्त गर्ने अधिकार रहन्छ। 'तलाक' मौखिक रूपमा अनि 'तलाकनामा' लिखित रूपमा प्रस्तुत गर्न सकिन्छ। तलाकको स्थिति र स्वरूप तीन प्रकारका छन् -

क. तलाक-ए-अहसान – 'इदाद'को अवधि समाप्त भएपछि सम्पन्न हुने विच्छेद प्रक्रिया हो।

ख. तलाक-ए-हसन – यसमा तीन उद्घोषणा तीन मासिक धर्मको चक्रलाई सफलतापूर्वक पूर्ण गर्ने अनि यस अवधिमा पति पत्नीमाझ कुनै यौनिक सम्बन्ध स्थापित नभएको अवस्थामा गरिन्छ।

ग. तलाक-ए-विदात – यस विधि अन्तर्गत निम्न कुनै पनि प्रकारले विवाह सम्बन्धलाई विच्छेद गर्न सकिन्छ,

एकल वाक्यमा – 'म तिमीसँग सम्बन्ध विच्छेद गर्छु'

तीनवटा अलग अलग वाक्यमा – 'म तिमीसँग सम्बन्ध विच्छेद गर्छु', 'म तिमीसँग सम्बन्ध विच्छेद गर्छु', 'म तिमीसँग सम्बन्ध विच्छेद गर्छु।'

एकल तर स्पष्ट उद्घोषणा – म तिमीसँग सम्बन्ध विच्छेद गर्छु।

अघिल्ला दुई प्रकारका उदघोषणालाई परिवर्तन गर्ने र पुनर्स्थापनाको अवसर हुन्छ तर अन्तिम प्रकारलाई परिवर्तन गर्न सकिँदैन।

२६५. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १२१
२६६. पूर्ववत्

२.२.२.९.२.१. सरीह अधिनियम १९३७ मा विवाह विच्छेद [२६७]

मुस्लिम विवाह विच्छेदका निम्ति सरीह अधिनियम १९३७ पारित भएको छ। यस अधिनियमअनुसार मुस्लिम विवाह अदालतमा न्यायिक प्रक्रियाद्वारा विच्छेद गरिन्छ। यस अन्तर्गत तीन प्रकारका विच्छेद विधि तय गरिएका छन् -

क. **इला**

पतिले आफ्नी पत्नीसँग चार महिना अथवा एउटा विशेष अवधिसम्म कुनै शारीरिक सम्बन्ध नरहेको कुरा प्रमाणित गर्न सक्यो भने विवाह विच्छेद हुन्छ। यस विधिलाई इला भनिन्छ।

ख. **जिहार**

स्वस्थ मानसिकता भएको पतिले दुईजना साक्षीहरूका गवाहीमा आफ्नी पत्नीलाई आमासमान प्रतीत भएको कुरा प्रमाणित गर्न सक्यो भने विवाह विघटन भइहाल्न सक्दैन तर पत्नीले अदालतमा न्यायको लागि आवेदन गर्न सक्छे।

ग. **लियान**

यदि कुनै पतिलाई शोषणको आरोप लागेको छ भने पत्नीलाई अदालत जाने अवसर दिइन्छ। अनि पतिमाथिको आरोप सिद्ध गर्ने अथवा आरोप फिर्ता लिने परामर्श दिइन्छ।

२.२.२.९.२.२. मुस्लिम विवाह अधिनियम १९३९ मा विवाह विच्छेदको प्रावधान

घ. मुस्लिम विवाह अधिनियम १९३९ अनुसार मुस्लिम नारीले निम्न आधारमा विवाह विच्छेदको लागि आवेदन गर्न सक्छे -

१. चार वर्षदेखि पति अज्ञात र निखोज भएको खण्डमा।

२. दुई वर्षदेखि पतिले पत्नीको गाँस-बासको व्यवस्था गर्न नसकेको खण्डमा।

३. सात वर्षदेखि पति जेलमा बन्दी रहेको खण्डमा।

४. कुनै असाध्य रोगादिले ग्रस्त भएको खण्डमा।

५. पति शारीरिक र मानसिक रूपले क्रूर भएको खण्डमा।

२६७. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, १२३

२.२.२.९.३. इसाई विवाह विच्छेदका कानुनी प्रावधानहरू [२६८]

भारतीय विवाह विच्छेद अधिनियम १८६९ मा इसाई विवाह विच्छेदका प्रावधान तय गरिएका छन्। यस अधिनियमअनुसार एक इसाई पतिले यौन शोषणको आरोपमा पत्नीसँग सम्बन्ध विच्छेद गर्न सक्छ अनि पत्नीले पनि सोही रूपमा निम्न कारणहरूको आधारमा विवाह विच्छेद गर्न सक्छे -

१. पतिले धर्म परिवर्तन अथवा दोस्रो विवाह गरेको खण्डमा।

२. यौन उत्पीडन गरेको खण्डमा।

३. बलात्कार र

४. निर्दयी आचरण गरेको खण्डमा।

भारतीय विवाह विच्छेद अधिनियम १८६९को सेक्सन २२ अनुसार इच्छुक प्रार्थीहरूलाई न्यायिक विच्छेद दिइन्छ अनि यसले पत्नीको अधिकारको सुरक्षा पनि गर्छ। भारतमा विवाह विच्छेदको दर संसारका अन्य कतिपय देशहरूभन्दा कम छ। यद्यपि, शिक्षा, बजारीकरण रोजगारको अवसर आदिले गर्दा यस दरमा वृद्धि भएको देख्न सकिन्छ। राजधानी दिल्लीको सर्वेक्षणले के देखाउँछ भने सन् १९६० मा दिल्ली सहरमा प्रति वर्ष १ देखि २ विवाह मात्र विच्छेद भएको पाइन्छ। सन् १९८० को दसकमा प्रति वर्ष १०० देखि २००, सन् १९९० को दसकमा प्रति वर्ष १००० र सन् २००० को दसकमा प्रति वर्ष ९००० को सङ्ख्यामा विवाह विच्छेद भएको आँकडा पाइन्छ। सम्पूर्ण भारतको विवाह विच्छेदको आँकडाअनुसार सन् १९९० मा १००० विवाहमध्ये ७ वटा विच्छेद भएको छ भने आजको समयमा प्रति हजार विवाहमा ११ वटा विच्छेदमा टुङ्गेको पाइन्छ। भारतमा औपचारिक रूपले विवाह विच्छेदको साङ्ख्यकी राखिएको छैन तर पश्चिमी मुलुकहरूको तुलनामा यो दर कम थोरै छ।[२६९] नेपाली जातिको विविध जात गोष्ठीहरूमा विवाह विच्छेदका विभिन्न विधिहरू पाइन्छ। नेवार जातिमा पत्नीले सिह्रानीमुनि सुपारी राखेर घर छोडेकी भए पतिले विवाह विच्छेद भएको बुझ्नुपर्छ।[२७०] गुरुङ जातमा टीका लगाएर विवाह विच्छेद गर्ने चलन पाइन्छ।[२७१] राई लिम्बू जातमा साइमुन्द्री तथा वाग्दाता वरलाई सुम्पिएको छैन भने विवाह नै पूर्ण मानिँदैन र यस्तो अवस्थामा सहज रूपले विवाह विच्छेद हुनसक्छ।

२६८. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृ. १२२
२६९. www.divercepad.com/rate/divorce-rate-ir, १९.१०.२०१४
२७०. हिन्दू विवाहको इतिहास, पूर्ववत, पृष्ठ ७५
२७१. पूर्ववत्

२.२.२.२. परिवार

नर-नारी सम्बन्धको औपचारिक स्वरूपको एउटा मूल संस्था परिवार हो। परिवार समाजको आधारभूत एकाई हो। केही मानिसहरू विशेष रूपमा रक्त सम्बन्धलाई आधार गरेर एउटा साझा छानामुनि साझा जीवनयापन गर्छन् त्यसलाई परिवार भनिन्छ।[२७२] इलास्ट्रेटेड अक्सफोर्ड डिक्सनेरीअनुसार एउटा गृहस्थीका सदस्यहरूको समूह, एउटै पूर्वजका सन्तानहरूको समूह अथवा एउटै स्रोतबाट आएका सदस्यहरूको समूहलाई परिवार मानिएको छ।[२७३] राम अहुजाले परिवारलाई विविध आधारहरूबाट परिभाषित गर्न सकिन्छ भनेका छन्। जैविक एकाईको रूपमा परिवार भन्नाले नर नारीको यस्तो साङ्गठनिक संस्था हो जसमा वैध यौनिक सम्बन्ध, प्रजनन तथा सहचार्य सम्पन्न हुन्छ।[२७४] सामाजिक एकाईको रूपमा परिवार भन्नाले दुवै लिङ्गका, वैवाहिक अथवा रक्त सम्बन्ध अथवा दत्तक सम्बन्धबाट सम्बन्धित मान्छेहरूको सामुहिक समूह बुझिन्छ जहाँ उमेर, लिङ्ग र नाताहरूको आधारमा सबैले आ-आफ्ना भूमिका पालन गर्छन् र सामाजिक रूपले वैध एकल गृहस्थी अथवा उप गृहस्थी बनाउँछन्।[२७५] परिवार सांस्कृतिक मूल्य र मान्यताको सृजना गर्ने साझा निवास भएका पारिवारिक सदस्यहरूको समूह हो भने तिनीहरूको समस्त आवश्यकताहरू पूरा गर्ने एक यन्त्रको रूपमा हेर्दा यो संस्था हो। आर्थिक दृष्टिकोणबाट हेर्दा उत्पादनको एकाई, शैक्षिक दृष्टिकोणबाट हेर्दा प्रथम पाठशाला एवम् समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा दुई वा दुईभन्दा बढी व्यक्तिहरूको अन्तरसम्बन्ध हो।[२७६] ऋग्वेदमा विवाहद्वारा निर्माण भएको परिवार, पारिवारिक व्यवस्था र स्वरूपबारे ऋचाहरू लेखिएका छन्। पत्नीलाई पति अनि सम्पूर्ण परिवारका निम्ति शान्तिदृष्टियुक्त, दुःखनिवारक र मङ्गलदायिनी बन्ने तथा पशुहरूका लागि कल्याणकारी, देवताहरूको उपासना गर्ने, वीर सन्तान जन्माउने अनि सबै बन्धु-बान्धवहरूको लागि हितकारी बन्ने आशीर्वाद दिइएको छ।[२७७] यस कुरालाई विश्लेषण गर्दा परिवार यस्तो महायज्ञ हो जहाँबाट परिजनको कल्याण, चौपायाहरूको हित, ईश्वर उपासना, प्रजनन र लोक मङ्गलको कार्य पूरा गर्न सकिन्छ। अथर्ववेदमा पनि परिवारलाई एक शक्तिशाली केन्द्रको रूपमा महत्त्व दिइएको छ। गृहस्थ तथा परिवारलाई अनेकौँ धागाहरू एकत्र भएको डोरी भनिएको छ भने धन सम्पति, सुसन्तान विजय प्राप्त गर्ने स्रोत भनिएको छ।[२७८] यस आधारमा परिवार सामाजिक जीवनको आधारशिला हो जसमा एकै रक्त सम्बन्धका मानिसहरू

२७२. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ ५७
२७३. इलासट्रेटेड अक्सफोर्ड डिक्सनेरी, पूर्ववत्, पृष्ठ २८५
२७४. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ २४
२७५. पूर्ववत्
२७६. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ ११९
२७७. ऋग्वेद, १०-८५-४४, पूर्ववत्, पृष्ठ ९५०
२७८. अथर्ववेद, १४.२.७४, पूर्ववत्, पृ. ४५४

निवास गर्छन्। समाजमा मनुष्यका विभिन्न आवश्यकताहरू हुन्छन् जो समाजस्वीकृत माध्यमद्वारा नै पूरा हुनसक्छन्। कामेच्छाको पूर्ति जस्ता व्यक्तिगत कार्य तथा सन्तान प्रजनन र पालन-पोषणजस्ता सामाजिक कार्य परिवारको माध्यमद्वारा नै सम्भव छ।[२७९] मातृस्नेह, पितृप्रेम, दाम्पत्यआसक्ति, अपत्यप्रीति, सहवर्तिता परिवारका पाँच आधार हुन्।[२८०]

हिन्दू धर्मशास्त्रले विवाहलाई जस्तै परिवारलाई पनि एउटा धार्मिक संस्थाको रूपमा परिभाषित गर्छ। मनुष्यले जीवनभरमा साधना गर्नुपर्ने चारवटा पुरुषार्थहरू धर्म अर्थ काम मोक्षको प्राप्ति हो।[२८१] यसको लागि मनुष्यको सम्पूर्ण आयुलाई चार आश्रम व्यवस्थामा बाँडिएको छ। ती हुन्, गार्हस्थआश्रम, आचर्यमूल आश्रम (ब्रह्मचर्य), मौन आश्रम (सन्यास) र वानप्रस्थ आश्रम।[२८२] प्रत्येक आश्रममा एउटा पुरुषार्थको साधना गर्नुपर्ने व्यवस्था बनाइएको छ। तर गार्हस्थ आश्रम यस्तो केन्द्र हो जहाँ एकै समयमा, एकै साधनामा चार पुरुषार्थ प्राप्त गर्न सकिन्छ। यही गार्हस्थ आश्रम नै परिवार संस्था हो।

२.२.२.२.१. परिवारका विशेषताहरू

परिवार आफ्ना मौलिक विशेषताहरूले संरचित छ। ती विशेषताहरूलाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ -

क. **सर्वव्यापकता**

मानव सभ्यताको सुरुदेखि आधुनिककालसम्म नै संसारका प्रायः सबै ठाउँमा परिवारको अस्तित्व छ। जुनै स्तर, जाति, समुदाय सबैमा परिवार नै समाजको बुनियादी एकाई हो। यस कुराले मनुष्यको एकबद्धता र समूहमा बाँच्न चाहने प्रकृति बोध गराउँछ। आत्मीयहरूको जमातमा एकबद्ध भएर बाँच्ने कामनाले नै संसारमा परिवारको रचना भएको हो। यसकारण संसारका सबै मनुष्य समुदायमा परिवार सर्वत्र र सर्वव्यापक छ।

ख. **विवाह र रक्तसम्बन्ध**

नर नारीमाझ हुने विवाह नै परिवार रचनाको मूल माध्यम हो। विवाहद्वारा नै नर-नारीको यौन सम्बन्धलाई वैधता प्राप्त हुन्छ अनि सन्तानहरूले सामाजिक मान्यता प्राप्त गर्छन्। परिवार मूल रूपमा

२७९. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ २४
२८०. पूर्ववत्
२८१. पूर्ववत्
२८२. आश्रमभ्येन्ति श्रेयोर्थिनः पुरुषा येषुते आश्रमाः।गार्हस्थ्यमाचार्यकुलम् मौनं, वानप्रस्थमिति। आपस्तम्व धर्मसूत्र, पूर्ववत्, पृष्ठ २३७

दुई विपरीत लिङ्गी मनुष्यहरूले स्थापित गर्ने नीतिगत वैध संस्था हो जसको माध्यमबाट एउटा विशेष

वंश विस्तारको प्रक्रिया चलिरहन सक्छ। विवाहका विभिन्न प्रकारहरू छन्, जस्तै बहुपति विवाह, बहुपत्नी विवाह, समूह विवाह इत्यादि। विवाहको यहीँ स्वरूपअनुसार परिवारको स्वरूप पनि तयार हुन्छ।

ग. भावनात्मक सम्बन्ध

विवाह र रक्त सम्बन्धलाई भावनात्मक मूल्यले प्रगाढ बनाउँछ। यसकारण एउटा परिवार एउटा छानोमुनि बसेपछि आपसी प्रेम, माया, ममता, सहयोग, प्रेरणा आदिले एकअर्काका आत्मीय बन्छन्। परिवार संस्था दिगो र उच्च हुनुको एउटा प्रमुख तत्व परिवारका सदस्यहरूमाझ भावनात्मक सम्बन्ध हो।

घ. व्यक्तित्व निर्माणको केन्द्र

परिवार समाजको आधारभूत एकाई हो। परिवारमा नै उत्तम सामाजिक संसाधनहरू तयार हुन्छन्। परिवार व्यक्तित्व निर्माणको आदर्श केन्द्र हो। परिवारबाट प्राप्त भएका उत्तम संस्कारादिको सहयोगमा एकजना सदस्यले सिङ्गो समाजको आदर्श संस्कृति निर्माणमा योगदान दिन्छ। यसकारण सामाजिक संरचनाको केन्द्रीय एकाई नै परिवार हो। व्यक्तिका गतिविधिहरूलाई नियन्त्रण गर्ने नीति तथा सामाजिक आचार संहिता पनि व्यक्तिले सबैभन्दा पहिले परिवारबाटै सिक्छ।

ङ. वंशको निर्धारक

वंश निर्धारित हुने आधार परिवार नै हो। परिवारको पितृसत्तात्मक र मातृसत्तात्मक व्यवस्थाले परिवार पितृवंशीय हुने अथवा मातृवंशीय हुने भन्ने कुरालाई निश्चित गर्छ। भारतमा मातृवंशीय र पितृवंशीय दुवै थरीका व्यवस्था पाइन्छ।

२.२.२.२.२. परिवारका प्रकारहरू

सदस्य सङ्ख्याको आधारमा परिवार दुई प्रकारका मानिएका छन्-[२८३]

२८३. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ १२१

संयुक्त परिवार र एकल परिवार।

२.२.२.२.२.१. संयुक्त परिवार

संयुक्त भन्नाले साझा कर्म, विधि र आस्थाले युक्त भएका अथवा जोडिएका भन्ने बुझिन्छ। संयुक्त परिवारमा सबै सदस्यहरू साझा संस्कार, साझा संसाधन र साझा व्यवहारलाई एकैसाथ एउटै मञ्चमा जिउँछन्। विवाह, रक्तसम्बन्ध, दत्तक सम्बन्ध र वंश परम्परा यसका मूलाधार हुन्। इरावती कारभेलाई सन्दर्भमा लिँदै एस.सी. शङ्कर रावले संयुक्त परिवार एउटै आश्रयमुनि बस्ने, एउटै चुल्होमा पाकेको खाना खाने, साझा सम्पत्ति राख्ने, एउटै पूजा अर्चना गर्ने, एउटै विशेष किसिमको पालन पोषणको विधि अप्राउने मानिसहरूको समूह हो भनेका छन्।[२८४] दुई वा दुईभन्दा अधिक पुस्तासम्म रक्तसम्बन्ध भएका, एउटै छानोमुनि बास गर्ने र एउटै साझा विधिको अधीन काम गर्ने मानिसहरूको समूह नै संयुक्त परिवार हो।[२८५] संयुक्त परिवार धेरै पुस्ताका धेरै सदस्यहरू एकसाथ जीवनयापन गर्ने केन्द्र हो। प्राचीन हिन्दू समाजको आदर्श संस्था संयुक्त परिवार हो। श्रम र सुरक्षाको महत्त्व भएको ऋग्वैदिक समाजमा परिवारको स्वरूप संयुक्त हुनु नै धेरै सम्भव थियो।[२८६] ऋग्वेदमा गृहवधूलाई सासू, ससुरा, नन्द, देवर आदि सबैमाथि शासन गर्ने हुनु भन्ने आशीर्वाद दिएकोबाट पनि तत्कालीन परिवार नाता गोताहरूले भरिएको संयुक्त स्वरूपको थियो।[२८७] अथर्ववेदमा पनि पारिवारिक सदस्य, कुटुम्ब सबैसँग प्रेम, सौहार्द्र रहेको बुझिन्छ र ऐक्यको भाव बनाइराख्ने कामना राखिएको छ। सबै मानिसको पानी खाने ठाउँ एउटै होस्, अन्नको भागसँगै होस्। मानिसहरू सबै पारस्परिक प्रेमले आबद्ध भइरहन सकोस्। जसरी पाङ्ग्राका अरहरू एउटै धुरामा आश्रित भएका हुन्छन् त्यसरी नै सबैजना एउटै धुरीमा, एउटै मनोकामना राखेर मनुष्य जीवनको सबैभन्दा ठूलो अभीष्ट पाँच यज्ञ (ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ र मनुष्ययज्ञ)हरू सम्पन्न गर्न सक्छन्।[२८८] यी यज्ञहरूद्वारा मनुष्यले सांसारिक जीवनलाई सार्थक पार्दै मोक्ष प्राप्त गर्न सक्छन्।[२८९] यति मात्र नभएर आफ्ना पूर्वज र आगतका सन्ततिहरूलाई समेत यी पाँच ऋणबाट मुक्त गरेर मोक्ष दिलाउन सक्छन्।[२९०] यस आधारमा हिन्दू आस्थाअनुसार गार्हस्थ आश्रमको महत्त्व उच्च छ। यसमा भएका सम्पूर्ण

२८४. सोसियोलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १३०
२८५. पूर्ववत्
२८६. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ २२
२८७. ऋग्वेद १०-८५-४६, पूर्ववत् पृष्ठ ९५०
२८८. स्वाध्यापेनार्चयेतर्षीन होमैर् देवान यथाविधि। पितृल, छ्राद्धेश च नृनन्नैर भूतानि कलिकर्ममा। मनुस्मृति ३-८१, पूर्ववत्, पृष्ठ १५९
२८९. एवं यः सर्वभूतानि ब्राह्मणो नित्यमर्चति। स गच्छति परं स्थानं तेजोमूर्ति पथर्जुना। ३-९३, पूर्ववत्, पृष्ठ १६१
२९०. पूर्ववत्, ३-३८, पृष्ठ १५१

गतिविधिहरू संस्कारको रूपमा पालन गरिन्छ। एउटा परिवारमा साधना गरिल्याउने धर्म, अर्थ, काम, मोक्ष सबै जनकल्याण र जगत मङ्गलको कामनाले प्रेरित छ भन्ने बुझिन्छ। एउटा हिन्दू परिवारलाई सांस्कृतिक संरचना पनि भन्न सकिन्छ। यसरी हिन्दू आस्थामा परिवार पवित्र, श्रेष्ठ र महान केन्द्र हो। जसरी वायुको आश्रय लिएर सबै प्राणीहरू जिउँछन् त्यसरी नै गृहस्थको आश्रयमा सबै आश्रमका मानिसहरूले जीवन पाउँछन्।[२९१] उत्तर वैदिककालको अन्तिम चरणपछि भने संयुक्त परिवारको विघटनका घटनाहरू घटेका हुन् भन्ने चन्द्रदेव सिंहको भनाइ पाइन्छ।[२९२] यद्यपि, यी प्राचीन ग्रन्थहरूको व्याख्याअनुसार संयुक्त परिवार प्रेम, सौहार्द्र र सहभागिताको मिलीजुली व्यवस्था हो तथा मानवीय सम्बन्धहरूको विस्तृत व्यवस्थापन हो।[२९३]

२.२.२.२.२.१. हिन्दू संयुक्त परिवारका विशेषताहरू

हिन्दू संयुक्त परिवार आफ्नो आदर्श स्वरूप, भव्यता र पारम्परिक मौलिकतामा विशिष्ट छ। यस परिवारका मूलभूत विशेषताहरूलाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ -

क. **वंशको प्रगाढता**

एउटा संयुक्त परिवारभित्र तीनदेखि चार पुस्ताका सदस्यहरू एकसाथ बसोबास गर्छन्। यस सहवासमा बाजे-बोजु, आमा-बाबु, छोरा-छोरी, नाति-नातिनी, काका-काकी, भतिजा-भतिजी, दत्तक सन्तान आदि सबै एउटै व्यवस्थापनमा बाँधिएका हुन्छन्। रक्त सम्बन्धमा परेका तीन पुस्ताका सन्तानहरूलाई 'सपिण्डी' भनिन्छ। संयुक्त परिवारमा सपिण्डीहरूमाझ पारस्परिक आत्मीयता प्रगाढ हुन्छ।

ख. **साझा आश्रय**

साझा आश्रय भन्नाले अथर्ववेदमा भनिएको 'एउटै धुरी'[२९४] बुझिन्छ जसमा साझा धर्म, साझा अर्थनीति, साझा समाज, साझा संस्कृतिको पालन गरिन्छ। संयुक्त परिवारका सबै सदस्यहरू यी साझा माध्यमहरूद्वारा एकअर्कामा घनिष्ठ बनिरहन्छन्। सबै कुरा साझा र समान भएको कारणले सदस्यहरूमा भावनात्मक सम्बन्ध गहिरो हुन्छ।

ग. **साझा भान्सा**

संयुक्त परिवारको अर्को महत्त्वपूर्ण विशेषता सबैका निम्ति साझा भान्साको व्यवस्था हो। यस्ता

२९१. यथा वायु समाश्रित्य सर्वे जीवन्ति जन्तवः। तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः। ३-७७, पूर्ववत्, पृष्ठ १५१
२९२. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १८३
२९३. पूर्ववत्
२९४. अथर्ववेद ३-३०-६, पूर्ववत्, पृ. ७०

परिवारमा पारिवारिक मुखेनीको निर्देशनमा नारी सदस्यहरूले विशेष रूपमा भान्सा बनाउने काम गर्छन्। सबैलाई भोजन बाँडचुँड गर्ने काम पनि नारीहरूले नै गर्छन्। साझा योजनाको कारणले आपसी सदभाव र आदन प्रदानको भावना बनिरहने सम्भावना हुन्छ। यी सबै कामहरू संयुक्त परिवारमा प्रायः धार्मिक संस्कार र कर्तव्यको रूपमा पालन गरिन्छ। परिवारमा यज्ञदानद्वारा देवतालाई, पिण्डदानद्वारा पितृहरूलाई, बलिद्वारा भूतादि गणहरूलाई अनि अन्नद्वारा अतिथि मनुष्यहरूलाई सेवा गर्नु अनिवार्य मानिएको छ।[२९५] अतिथिको सत्कार गर्नु परिवारको प्रथम कर्तव्य हो किनभने आतिथ्य संस्कारको धुरी नै परिवार हो। अतिथिलाई सबैभन्दा पहिले भोजन गराउनु अनिवार्य छ। यदि आवश्यकता पऱ्यो भने घरमा भएका ससाना बालिका वधूहरू, पितृघरमा रहेका बुढीकन्ये सदस्यहरू, कन्याहरू, रोगीहरू र गर्भवती नारीहरूलाई अतिथिभन्दा अघि भोजन गराउन सकिन्छ।[२९६] आफ्ना सबै आश्रित र पोष्यहरूलाई तृप्त गरेपछि मात्र पति पत्नीले भोजन गर्न सक्छन्।[२९७] यसरी हिन्दू धर्मशास्त्रले गृहस्थी धर्मको अवधारणा संयुक्त परिवारको पृष्ठभूमिमा निर्माण गरेको पाइन्छ।

घ. साझा आस्था

संयुक्त परिवारका सबै सदस्यहरू एउटै धार्मिक आस्था, संस्कार र रीतिरिवाजमा संस्थित बनेका हुन्छन्। वैदिक संस्कारअनुसार पालन गरिने पाँच यज्ञ संयुक्त परिवारका नियमित रिवाजहरू हुन्। संयुक्त परिवारमा 'कुलदेवता'को पूजा गरिन्छ। यस पूजामा परिवारका सम्पूर्ण सदस्यहरूको धार्मिक आस्था एकत्र हुन्छ भने परिवारदेखि छुटेर गएका शाखा परिवारहरू तथा एकल परिवारहरू पनि यस अवसरमा 'ठूलो घर' (Grand Home) मा भेला हुन्छन्। यसरी साझा आस्थाले सदस्यहरूमाझ सामुहिक सदव्यवहार र भावनात्मक एकात्म्यलाई पनि जोडेको हुन्छ। पितृपूजा र श्राद्ध कर्महरूले पनि सदस्यहरूमा पारिवारिक श्रद्धा र गौरवको बोध गराउँछ।

ङ. साझा सम्पत्ति

संयुक्त परिवारमा साझा सम्पतिको धारणा छ। परिवारका मुखिया सम्पतिका मूल व्यवस्थापक हुन्छन्। परिवारका अन्य सदस्यहरूले पारिवारिक सम्पतिबाट आफ्नो अंश व्यवहार गर्न सक्दैनन्। परिवारको कल्याणलाई ध्यानमा राखेर मुखियाले सम्पति सम्बन्धी मुख्य निर्णयहरू लिन सक्छन्। परिवारका सबै कमाउ सदस्यहरूको आयलाई पारिवारिक भण्डारमा जमा गरिन्छ अनि त्यसैबाट खर्च व्यवहार गरिन्छ।

२९५. मनुस्मृति, ३-८१, पूर्ववत्, पृष्ठ १५९
२९६. सुनासिनीः कुमारीश् च रोगिणो गर्भिणीःस्त्रियः।अतिथिम्योङ्ग्र एवैतान भोजयेदविचारयन। ३-११४, पूर्ववत्, पृष्ठ १६५
२९७. पूर्ववत्, ३-११६, पृ. १६६

च. **केन्द्रीय सत्ता**

पितृसत्तात्मक व्यवस्थाको संयुक्त परिवारमा सबैभन्दा पाको उमेरका पुरुष सदस्य परिवारको केन्द्रीय सत्ता सञ्चालनकर्ता हुन्छन्। त्यस्तै प्रकारले मातृसत्तात्मक संयुक्त परिवारमा सबैभन्दा वरिष्ठ नारीले परिवारको केन्द्रीय सत्ता सन्चालन गर्छिन्। हिन्दू संयुक्त परिवार प्रायः नै पारम्परिक संरचनामा आधारित हुन्छ। यस व्यवस्था अन्तर्गत शक्ति र निर्णायक क्षमताको उपभोग एक केन्द्रीय व्यक्तिले गर्छन् भन्न सकिन्छ। परिवारका मुखिया अथवा मुखेनीले धेरथोर वैयक्तिक स्वाधीनता भोग गर्छन्। विशेषतः परिवारका प्रमुख विषयहरू जस्तै, सम्पत्ति, व्यापार, प्रमुख क्रय-विक्रय, नानीहरूको शिक्षा, पेसा र विवाह आदि सम्बन्धी अन्तिम निर्णयमा परिवारका सबै सदस्यहरूको मत र सिद्धान्त सोधिरहने आवश्यकता बुझिँदैन।

छ. **पारम्परिक विवाह व्यवस्था**

परिवारका मुखिया अथवा 'कर्ता'को विशेष निर्णय सर्वोपरि हुनाले संयुक्त परिवारमा प्रायः नै पारम्परिक विवाह सम्पन्न गरिन्छ। वैदिक आचार संहिताले निर्दिष्ट गरेका शर्तहरू जस्तै, जाति, वर्ण, स्तर, लक्षण, गुण आदिलाई जोखेर, जन्मपत्री मिलाएर यस्ता विवाह सम्बन्ध स्थापित गरिन्छ। कुल मर्यादालाई ध्यानमा राख्ने यस्ता अनुष्ठानमा अनुज उम्मेद्वारहरूको इच्छा अनिच्छालाई कुनै महत्त्व दिइँदैन।

२.२.२.२.२.३. हिन्दू संयुक्त परिवारका गुणहरू [२९८]

क. स्थायी र दिगो व्यवस्था

संयुक्त परिवार एकल परिवारभन्दा अधिक स्थायी र दिगो रहने सम्भावना अधिक देखिन्छ। परिवारका सदस्यहरू आउँछन् जान्छन् तर परिवार एक स्थायी अस्तित्वको रूपमा दिगो भइरहन सक्छ।

ख. आर्थिक उन्नतिको निश्चितता

संयुक्त परिवारका सदस्यहरूलाई भोजन, वस्त्र र आश्रयको सुविधा प्राप्त हुन्छ। यी तीन कुराहरू नै व्यक्तिको आर्थिक उन्नतिको पहिलो शर्त हुन्। संयुक्त परिवारले व्यक्तिको आर्थिक अभिरुचिलाई प्रेरित गर्छ जसले समाजको आर्थिक उन्नतिलाई निश्चित गर्छ।

ग. श्रम विभाजनको लाभको निश्चितता

संयुक्त परिवारमा श्रमको विभाजन सदस्यहरूको आयु र लिङ्गको आधारमा हुन्छ। साझा सम्पति उपभोग गर्ने हुनाले सबै सदस्यहरूले परस्पर सहकार्य गर्छन्। विशेषतः कृषि कार्यमा संयुक्त परिवारको विशाल

२९८. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १३७

जनसंसाधन उपयुक्त शक्ति हुन्छ।

घ. सामाजिक बिमा कम्पनी सरह सेवाकार्य

अनाथ, विधवा, परित्यक्ता, विच्छेदित र अवहेलितहरूको लागि संयुक्त परिवारले बिमा कम्पनी सरह सेवा प्रदान गर्छ। यी सबै एकाईहरू संयुक्त परिवारमाथि भोजन, आश्रय र सुरक्षाका निम्ति आश्रित हुन्छन्।

ङ. फुर्सदको लाभ प्राप्ति

संयुक्त परिवारमा प्रायः सबै सदस्यहरूले सामुहिक रूपमा कार्य गर्छन्। धेरै सदस्यहरू भएकाले थोरै समयमा धेरै काम सम्पन्न हुनसक्छ र फुर्सदको लाभ भोग गर्न सक्छन्। यसकारण संयुक्त परिवारमा मनोविनोदको अवसर बढी हुन्छ। हाँसखेल, गफठट्टा आदिद्वारा मानसिक स्वास्थ्यलाई बनाइराख्ने मौका पाइन्छ। यसले मानसिक सुख वृद्धि गर्छ।

च. सहकारिताको भावनामा वृद्धि

संयुक्त परिवार स्वयं सेवा, सहकार्य, सहनशीलता, अनुशासन, विश्वास, उदारता, त्याग, कर्मशीलता अनि आज्ञाकारिता आदिलाई विकास गर्ने एउटा साझा आँगन हो। यहाँ 'सबैको निम्ति एक र एकको निम्ति सबै'को धारणा उच्च रहन्छ। साना शिशुहरूले आफ्ना अग्रजहरूको स्नेह, माया ममता र पूर्ण वात्सल्यमा हुर्कने अवसर पाउँछन् भने बुजुर्ग अभिभावकहरूले पनि अनुजहरूबाट आदर, प्रेम र सेवा पाउँछन्।

२.२.२.२.२.४. हिन्दू संयुक्त परिवारका अवगुणहरू

हिन्दू संयुक्त परिवारका कतिपय अवगुणहरू पनि पाइएका छन्। शङ्कररावले निम्न अवगुणहरू चिन्हित गरेका छन् [२९९]-

व्यक्तित्व विकास गर्ने अवसरको कमी

संयुक्त परिवार एक केन्द्रमा केन्द्रित भएको कारणले सबै सदस्यहरूका निम्ति आफ्नो व्यक्तित्व विकास गर्ने पर्याप्त अवसर प्राप्त हुँदैन। परिवारका वरिष्ठ सदस्यहरूले प्रायः सबै उत्तरदायित्वहरू बहन गरिदिने हुनाले अनुज सदस्यहरूले आफ्नो वैयक्तिकता, मौलिकता र सृजनात्मक प्रतिभालाई निखार्ने मौका कम पाउँछन्। सहभागिताको अवसर प्राप्त नहुँदा अनुज सदस्यहरूले आत्मविश्वास विकास गर्न सक्दैनन्।

२९९. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १३९

क. आलस्य प्रवृत्तिलाई प्रोत्साहन

सबै सदस्यहरूका आधारभूत आवश्यकताहरू संयुक्त परिवारमा पूर्ण भए तापनि सबैले उत्पादनमूलक कार्यमा रुचि राख्दैनन्। कमाइ गर्ने सदस्यले कमाइ नगर्ने सदस्य बराबरकै मान्यता परिवारमा पाउँछ। यसकारण अझ बढी परिश्रम गर्ने रुचि राख्र सक्दैन। यसले परिवारभित्र भूल भ्रान्तिहरू उत्पन्न हुने र पारिवारिक सदभावना नष्ट हुने सम्भावना अधिक रहन्छ। उत्तरदायित्वबोध नहुने हुनाले कतिपय सदस्यहरू आलस्य प्रवृत्तिका बन्ने र परजीवी बन्ने आशङ्का पनि रहन्छ। परिवारमा सबै बुनियादी आवश्यकताहरू सहजै उपलब्ध हुनाले सम्पत्ति जोहो गर्ने र निवेशका अवसरहरू खोज्ने धारणाको विकास हुन सक्दैन। यो आर्थिक क्षति संयुक्त परिवारको एउटा अवगुण हो।

ख. पारिवारिक कलहको गुँड हुनु

सङ्ख्या गुरुत्व संयुक्त परिवारको विशेषता हो। यसकारण यो विभिन्न मानसिकताका मानिसहरूको आन्तरिक तानाबानासहित क्रियाशील हुन्छ। यस्तो अवस्थामा पारिवारिक कार्य, घरेलु दिनचर्या औ अन्य कतिपय विषयहरूमा सदस्यहरूमाझ आपसी मनमुटाउ हुने, भ्रम, भ्रान्ति, आशङ्का आदिले पीडित हुने घटनाहरू भइरहन्छन्। नानीहरू, नारीहरू अनि वृद्ध नागरिकहरूको संवेदनशील मानसिकताको कारणले भूल बुझाबुझको वातावरण तयार हुन्छ। सम्पत्ति, अधिकार र कर्तव्यसम्बन्धमा वरिष्ठ नागरिकहरूमाझ आपसी द्वन्द्व सृजना हुनसक्छ। उत्तराधिकार र सत्ताभोगका सम्बन्धमा पनि परिवारका सदस्यहरूमाझ विवाद उत्पन्न हुने गर्छ। नारी सदस्यमाझ प्रायः नै आपसी ईर्ष्या, निन्दा खोजी र भनाबैरीको स्थिति आइरहन्छ। पुरानो पुस्ता र नयाँ पुस्ताबिच वैचारिक द्वन्द्वले संयुक्त परिवार दबाउमा परिरहन्छ।

ग. एकान्त आत्मीयताको अभाव

संयुक्त परिवारमा सबै सदस्यहरू सामूहिक परिवेशमा समय बिताउँछन्। यहाँ एक्लो, एकान्त र आत्मीय अवसर ज्युने दिनचर्या प्रायः नै हुँदैन। यस अवस्थामा नवविवाहित जोडीलाई पारस्परिक आत्मीयता विकास गर्ने मौका कम मात्र मिल्छ। संयुक्त परिवारमा यस्ता वैयक्तिक भावनाहरू अव्यक्त नै रहन्छ। पति पत्नीमाझ अन्तरङ्ग सहचार्य र छोरा-छोरीहरूको आत्मीय देखरेखको अभाव पनि संयुक्त परिवारको अवगुण मान्न सकिन्छ।

घ. नारीहरूको दोयम दर्जा

पितृसत्तात्मक संयुक्त परिवारमा नारीहरू दोस्रो दर्जाका सदस्यहरू मानिन्छन्। नारीहरूलाई आफ्नो व्यक्तित्व विकास गर्ने र स्वभावनाहरूलाई अभिव्यक्त गर्ने अवसर दिइँदैन। परिवारमा उनीहरूले स्थान एक आज्ञाकारी दासी समान हुन्छ।

ङ. सामाजिक गतिशीलताको अभाव

संयुक्त परिवार पूर्णतः पारम्परिक बान्कीको संस्था हो। यसले आधुनिक प्रवृत्तिहरूलाई ढीलो गरी आफूमा समावेश गर्छ। आफ्ना सदस्यहरूलाई समयसापेक्षित परिवर्तनका निम्ति प्रोत्साहित गर्दैन। परम्परालाई बचाइराख्नु नै संयुक्त परिवारको सामाजिक प्रतिष्ठा मानिन्छ।

२.२.२.२.२.५. हिन्दू संयुक्त परिवारमा परिवर्तन

हिन्दू संयुक्त परिवारका संरचनात्मक स्वरूपका विविध आयामहरूमा समय सँगसँगै विविध परिवर्तनहरू देखिएको छ। यस्तो प्रवृत्ति उत्तरवैदिककालमा नै सुरु भएको थियो जसमा धार्मिक, आर्थिक र नारीहरूको सहभागिता मुख्य कारण मानिएको छ।[३०० संयुक्त परिवारमा आएका परिवर्तनहरूलाई यसप्रकार अध्ययन गर्न सकिन्छ –

क. परिवारको आकार र पुस्तैनी प्रगाढता

संयुक्त परिवारको सदस्य सङ्ख्या घटेर अधिकमा आठदेखि दसजनाको समूह बनेको छ। आज बीस पच्चीस सदस्य भएका विराट संयुक्त परिवार विरलै पाइन्छ। प्राचीन समयमा एउटै वंशका अनेक पुस्ता सन्तानहरू एउटै परिवारमा बस्थे तर अधिकभन्दा अधिक दुई अथवा तीन पुस्ताका सदस्यहरूको एउटा संयुक्त परिवार बनेको हुन्छ।

ख. सम्पत्तिको स्वामित्व

उत्तर वैदिककालपछि युद्धको स्थिति कम भएको र मानिसहरूको जीविकामा स्थिरता आउन थालेको थियो, यस्तो अवसरमा मानिसहरूलाई खेती र व्यवसाय आदि गरेर अधिक आय उपार्जनको समय प्राप्त भएको थियो। यसरी आर्जन गरिएको सम्पत्तिको अंशबन्डा गर्ने तथा स्वामित्वको अधिकारको प्रश्न उठ्न सुरु भइसकेको

३००. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १८५

थियो।[३०१] मनुस्मृतिमा र अन्य नीति शास्त्रहरूमा यस्ता अंश बन्डाको प्रसङ्ग पाइन्छ। नारीहरूले आफ्नो माइतीघरबाट ल्याएका धनलाई स्त्रीधन मानेर त्यसमाथि उनीहरूको स्वायत्त अधिकारलाई मान्यता दिइयो।[३०२] आधुनिक भारतमा ऐन १९५६ ले पारिवारिक सम्पत्तिमाथि पनि नारीहरूको अधिकार वैध गरिदियो। आफ्नो आयलाई आफ्नै हिसाबले प्रयोग गर्ने अधिकार भएकोले आज कमाइ गर्ने सबै सदस्यहरूको सम्पत्तिमाथि व्यक्तिगत स्वामीत्व छ। आज नारीहरू पनि सोझो रूपमा उत्पादनमूलक कार्यमा जोडिएका हुनाले उनीहरूको आर्थिक हैसियत उच्च भयो। यसरी संयुक्त परिवारको पारम्परिक केन्द्रीय धुरी मानिएको अर्थनीति विघटित भएको देखिन्छ।

ग. सत्ताको विघटन

परिवारको मुखिया तथा मुखेनी अथवा 'कर्ता' नै संयुक्त परिवारको अन्तिम सत्ता हुन्। तर आज आर्थिक गतिविधि शिक्षा औ नारी सचेतनाले संयुक्त परिवारको पारम्परिक स्वरूपलाई परिवर्तित गरिदिएको छ। आर्थिक गतिविधिद्वारा परिवारका सदस्यहरूले वैयक्तिक स्वाधीनता पाइरहेका छन्। आधुनिक शिक्षा पाएका नयाँ पुस्ताका सदस्यहरूले छिटो, सजिलो साथै युक्तिसङ्गत ढङ्गमा प्रभावकारी कार्य सम्पादन गरिरहेका छन्। नारी सचेतनता र सशक्तिकरणले जटिल परम्पराको रूपमा बसेको नारी पराधीनता, शोषण र दमन उन्मूलनको परिवेश तयार भइरहेको छ। देशका वैधानिक अधिनियमहरूले पनि एकतन्त्रीय सत्ता विघटनलाई राजकीय मान्यता दिइरहेका छन्। अभिभावकहरूले पनि आफ्ना अनुजहरू र सन्तानमाथि आफ्नो सत्ताको दबाउ दिनका सट्टा उनीहरूको स्वाधीन व्यक्तित्व विकास र अभिप्राप्तिको लागि उदार र खुला परिवेश निर्माण गरिदिने चेष्टा गर्छन्।

घ. नारीको सम्मानित सामाजिक अवस्थान

आधुनिक सभ्यताको एउटा प्रमुख उपलब्धि हो नारीको सम्मानजनक सामाजिक अवस्थान। यसले संयुक्त परिवारको बुनियादी स्वरूपलाई नै परिवर्तन गरिदियो। शिक्षा, रोजगारको अवसर, आर्थिक उपलब्धि, कानुनी प्रावधान आदिले नारीलाई पारम्परिक मूर्तिको स्थानमा आधुनिक संसाधनहरूले युक्त शक्तिको रूपमा स्थापित गरिदियो। परिवारभित्र महत्त्वपूर्ण विषयमा नारीलाई निर्णयको अधिकार र सहभागिता सुनिश्चित भएको पाइन्छ। यसरी संयुक्त परिवारभित्र पुरुषतन्त्री एक्लो हैकम समाप्त भएको बुझिन्छ।

३०१. प्राचीन भारतीय समाज औ चिन्तन, पूर्ववत्, पृ.१८५

३०२. मनुस्मृति ९-१९४, पूर्ववत्, पृ. ४६२

ङ. जोडी छनौट र दाम्पत्य सम्बन्ध

आधुनिक शिक्षाले आजका नर नारीलाई जोडी छान्ने व्यापक क्षेत्र र अवसर उपलब्ध गराएको छ अनि उनीहरूले पनि यसलाई आत्मविश्वासपूर्वक ग्रहण गरिरहेका छन्। यसकारण आज पारिवारिक कर्ताको एक्लो दबाउमा विवाह सम्पन्न गर्न सकिँदैन। पारम्परिक विवाह पनि नर नारीको इच्छा अनिच्छालाई ध्यानमा राखेर नै गरिन्छ किनभने विवाहमा वैयक्तिक निर्णय नै सर्वोपरि हुन्छ। संयुक्त परिवारमा दाम्पत्य सम्बन्ध पनि अत्यन्त पारम्परिक र यान्त्रिक भएकोले र नर नारीले भावनात्मक सङसर्ग गर्ने अवसर पनि कम पाउने स्थिति हाल परिवर्तन भएको देखिन्छ। वैयक्तिक स्वाधीनता र आत्मविश्वास राख्ने नर नारीहरूले आफ्नो दाम्पत्य सहचार्यलाई प्रबल भावनात्मक प्रगाढतासँग जिउने परिवेश बनाइरहेका छन्।

च. एकल परिवारको निर्माण

संयुक्त परिवारका संरचनात्मक र कार्यात्मक घटकहरूमा परिवर्तनको परिणामस्वरूप एकल परिवारहरूको स्थापना भएका छन्। आजको व्यस्त जीवनशैली, वैयक्तिक स्वाधीनता, रोजगार, शिक्षा आदिका कारणहरूले संयुक्त परिवारका सदस्यहरू विखण्डित अवस्थामा बसोबास गर्नु पनि आधुनिक समयको आवश्यकता भइरहेको छ। स्थानकाल वातावरण सापेक्ष प्रयोजन, शारीरिक, मानसिक र आर्थिक सुविधा र सहुलियत, शक्ति र सत्ता, स्वामीत्व आदिको महत्त्वाकाङ्क्षाको कारणले पनि आज संयुक्त परिवारभन्दा एकल परिवारको लोकप्रियता बढिरहेको छ।

२.२.२.२.२.२. एकल परिवार

परिवारको सानो स्वरूप नै एकल परिवार हो। पारम्परिक संयुक्त परिवारहरू विघटन हुँदै बनेका ससाना एकाई समूह नै एकल परिवार स्थापनाका उपादान हुन्। यसकारण संयुक्त परिवारको विघटन र एकल परिवारको स्थापना परस्पर सम्पूरक घटना हुन्। धेरै लामो समयको समाज मनोवैज्ञानिक प्रक्रियाबाट मानव समाजको यस्तो स्वरूप तयार भएको हो। यसै प्रक्रियाद्वारा निर्मित एकल परिवारका विशेषताहरूलाई निम्न प्रकारले अध्ययन गर्न सकिन्छ -

क. सदस्य लघुता

अधिकभन्दा अधिक तीन अथवा चार सदस्यहरूद्वारा एकल परिवार निर्माण भएको हुन्छ। पति पत्नी र छोराछोरी गरेर प्रायः दुई पुस्ताका मानिसहरू एउटा एकल परिवारभित्र बस्छन्। यसमा सङ्ख्यात्मक जटिलता हुँदैन अनि पुस्तैनी सन्जाल पनि हुँदैन।

ख. एकल आश्रय

कुनै विशेष नर नारी विवाहपछि पति पत्नी बन्छन् र एउटा छुट्टै आश्रय बनाउँछन्। आफूले जन्माएका सन्तान भने त्यस एकल परिवारभित्रको अनिवार्य सदस्य बन्छन्। पुस्तैनी शाखाहरू एकल परिवारका सदस्य हुन सक्दैनन्। यसरी प्रायः दुई पुस्ताका सदस्यहरूको एकल, एकान्त र छुट्टै आश्रय नै एकल परिवारको विशेषता हो। हल्ला, भीड, कोलाहलदेखि छुटेर आफ्ना मुख्य आश्रयीहरूलाई मात्र लिएर एकान्त आश्रयको लाभ उठाउनु पनि एकल परिवारको स्वभाव हो। वर्तमान समयमा अनेक संयुक्त परिवारहरू विघटन भएर अनेकौँ पृथक आश्रय (घर)हरू निर्माण भएका छन् र गाउँ सहर सबैतिर घरहरूको सङ्ख्यामा व्यापक वृद्धि भइरहेको छ।

ग. एकल भान्सा

संयुक्त परिवारमा विविध समस्याहरूको मूल जड भान्सा पनि हो। प्रतिकुल पारिवारिक स्थितिहरूको पहिलो प्रभाव भान्सामा परिरहेको हुन्छ किनभने भान्सा दैनिक चर्याको केन्द्रस्थल हो। संयुक्त परिवारमा विघटन र विभाजनको प्रथम सङ्केत पनि भान्साबाटै भएको पाइन्छ। एकल परिवारमा थोरै सदस्यहरूको निम्ति रहेको एक्लो भान्साघरले एक्लो स्वामित्वबोध गराउँछ। एकल भान्सामा मीठो मसिनो, पौष्टिकता, स्वास्थ्य, मितव्ययिता र सञ्चय आदि बारेमा सचेत दृष्टिकोण राखिन्छ। यसले एकल परिवारको स्वायत्तता र आर्थिक एकाधिकारलाई परिभाषित गर्छ।

घ. एकल आस्था

एकल आश्रयको स्थापना गरे तापनि प्रायः भारतीयहरू सांस्कृतिक रूपले आफ्नो जडसँग विच्छिन्न हुन सकेका

हुँदैनन्। आफ्नो कूलधर्म, संस्कृति संस्कार, परम्परा आदिलाई सबैले नै पालन गर्छन्। तापनि एकल परिवारभित्र त्यो पारम्परिक सांस्कृतिक आस्था बनिरहनु अनिवार्य छैन। पारम्परिक आस्थामा बसे तापनि धेरैजना कर्मकाण्डमा अभिरुचि राख्दैनन्। धेरैले अलग आश्रयजस्तै अलग आस्था पनि ग्रहण गरी पैतृक परिवारभन्दा भिन्न र एकल आस्थाको अनुयायी बन्छन्। आधुनिक शिक्षा, मौलिक अधिकार प्रदत्त विकल्पहरूलाई आजका नागरिकहरूले आत्मविश्वाससँग प्रयोग गर्छन्।

ङ. सम्पत्तिमा एकाधिकार

एकल परिवारमा कमाउने व्यक्तिको अधीनमा नै सम्पत्तिको अधिकार रहन्छ र आफ्नो सम्पत्ति नाता-गोताहरूमा साझा गर्नुपर्ने आवश्यकता पर्दैन। पति-पत्नी (आमा-बाबु) बाँचुन्चेलसम्म सम्पत्तिको एकमात्र

अधिकारी हुन्छन् भने उनीहरूको मृत्युपछि छोरा छोरीहरूले त्यो एकाधिकार भोग गर्छन्। यसप्रकार एकल परिवार आर्थिक रूपले स्वायत्त र स्वावलम्बी संस्था हो।

२.२.२.२.२.२.१. हिन्दू एकल परिवारका गुणहरू

क. सङ्ख्या लघुता

थोरै सदस्य भएकोले सङ्ख्या बहुल परिवारमा हुने बुनियादी समस्याहरू एकल परिवारमा हुँदैनन्। तिनमा एकअर्काको मनोविज्ञानलाई बुझ्ने तथा एकअर्कामा प्रेम, आत्मीयता र सौहार्द्रताको धरातल बलियो हुन्छ। सानो परिवारमा सबैको सबै सदस्यप्रति ध्यान पुग्ने र स्याहार सुसार, सहयोग, सहभागिता आदिको उत्तम वातावरण बन्ने अवसर रहन्छ।

ख. आर्थिक स्वाधीनता

एकल परिवारमा सम्पत्तिको स्वामित्व कमाउ व्यक्ति (पति-पत्नी)माथि केन्द्रित हुनाले तिनीहरूको वैयक्तिक अधिकार र उत्तरदायित्वको बोधले विस्तार पाएको देखिन्छ। सम्पूर्ण आर्थिक दबाउ कमाउ व्यक्तिमाथि पर्ने हुनाले हैसियत अनुरूप रहेको निर्दिष्ट अर्थनीति एकल परिवारका लागि कल्याणकारी मानिन्छ। सम्पत्तिमा एकाधिकार हुनाले व्यय, सञ्चय, निवेश आदिका निर्दिष्ट योजना बनाउन र त्यसलाई कार्य रूपमा परिणत गर्नु पनि सहज हुन्छ। असङ्ख्य एकल परिवारहरूको लाभकारी अर्थनीतिले देशको अर्थनीतिलाई पनि विकास गर्छ। प्रत्येक एकल परिवारलाई एउटा सिङ्गो र आश्रय (घर)को आवश्यकता पर्छ। यसकारण आज अधिकभन्दा अधिक आश्रय तथा घरको माग बढिरहेको छ। अन्य मूलभूत समस्याहरूको समाधानको लागि पनि रोजगार र आय आर्जनका साधनहरूसँग जोडिनु अनिवार्य हुन्छ। यस्ता आर्थिक गतिविधिले गर्दा मानिसहरू अल्छी, परजीवी र परतन्त्री हुनका सट्टा उत्पादनमूलक कार्यहरूसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन्।

एकल परिवारमा पारम्परिक नीतिको बन्धन नहुनाले वैयक्तिक स्वाधीनताका लागि पनि नारीहरू रोजगारमुखी भएर पारिवरिक आर्थिक सहभागिताका साथै कामकाजी नारीको व्यक्तित्व निर्माण गर्न सक्षम हुन्छन्। एकल परिवारलाई नारी मुक्तिको दिशामा क्रियाशील प्रभावशाली संस्था मान्न सकिन्छ।

ग. पारिवारिक सौहार्दता

एकल परिवार दुई अथवा तीन पुस्ताका सदस्यहरूको समूह हुनाले यसमा संयुक्त परिवारमा पुस्ता पुस्तामाझ हुने सम्पर्कहीनता, द्वन्द्व, विवाद आदि पाइँदैन। सानो परिवारमा आत्मीयता र व्यक्तिगत मनोविज्ञानलाई क्षति नगर्ने उदारता विकसित हुन्छ। थोरै सदस्य भएको कारणले तथा एकअर्कामा भौतिक र मानसिक दुवै रूपले निर्भरशील हुनाले एकल परिवारमा हार्दिकता बनिरहन्छ।

घ. एकल भान्सा

एकल परिवारमा भान्सा पारिवारिक आत्मीयताको केन्द्रीय स्थल हो। थोरै सदस्यहरू भएका कारणले सबैको रुचि अरुचि र स्वास्थ्यमाथि ध्यान पुऱ्याउन सकिन्छ।

ङ. आस्थामा स्वाधीनता

एकल परिवारमा पारम्परिक जटिलता कम नै हुन्छ। आफ्नो इच्छाअनुसारको आस्थालाई मानिलिने स्वाधीनता एकल परिवारले भोग गर्न सक्छ। एकल परिवारले धार्मिक सहिष्णुतालाई पनि प्रेरित गर्छ।

च. केन्द्रित पालन पोषण

एकल परिवारमा बाल बच्चाहरूको पालनपोषण, शिक्षा, वृत्ति आदि विषयमा विशेष ध्यान पुगेको हुन्छ। आमा बाबुले व्यक्तिगत स्तरमा नानीहरूको बौद्धिक विकास सम्बन्धी कारगर उपायहरू गर्न सक्छन्। सानो परिवारमा आत्मीयता अधिक भएकोले बाल मनोविज्ञानलाई बुझ्ने यथेष्ट अवसर रहेको हुनाले किशोर र युवा छोरा-छोरीहरू भ्रमित हुने, पथभ्रष्ट हुने स्थिति कम हुन्छ।

छ. नीतिमा लचिलोपन

एकल परिवारमा पारम्परिक दबाउ नहुनाले छोरा छोरीहरूको शिक्षा, दीक्षा, रोजगार, विवाह आदि विषयमा लचिलो टेक लिइन्छ। छोरा छोरीहरूको रुचि र क्षमताको आधारमा जीवनका सम्बलहरू रोज्ने स्वाधीनता आमा बाबुले प्रशस्त गर्छन्। विवाहमा जोडी रोज्ने स्वाधीनता पनि आजका नर नारीलाई छ। रीतिरिवाज, कर्मकाण्ड, संस्कार आदिका क्षेत्रमा एकल परिवार धेरै नै लचिलो हुन्छ। यसमा समयसापेक्ष परिवर्तनलाई समावेश गर्ने उदारता पाइन्छ।

२.२.२.२.२.२.२. एकल परिवारका अवगुणहरू

क. कामको दबाउ

सङ्ख्यालघु भएको कारणले एकल परिवारमा व्यवहार-व्यवस्था मिलाउनु कठिन पर्छ। घरेलु कामकाज, सन्तानपोषण, रोजगार आदि सबै थोरै सदस्यहरूले चलाउनुपर्ने हुनाले कामको दबाउ अधिक हुन्छ। यस्तो स्थितिमा पति पत्नीमाझ सठीक सुझबुझ र व्यावहारिक सन्तुलन पुगेन भने गृहकलहको समस्या उत्पन्न हुन्छ।

ख. आर्थिक दबाउ

एकल परिवारमा आर्थिक उत्तरदायित्वको दबाउ पनि एक्लो सदस्यमाथि नै पर्छ। सम्पूर्ण आर्थिक व्यवहारहरू एक्लो व्यक्तिको आयबाट नै चलाउनुपर्ने हुनाले आर्थिक सुरक्षाको दृष्टिले यो कमजोर संस्था पनि हुनसक्छ। सम्पूर्ण आयमाथि एक्लो स्वामित्व हुनाले एकल निर्दिष्ट आर्थिक नीति तय गर्न नसक्ने व्यक्तिले गरीबी झेल्नुपर्ने सम्भावना पनि रहन्छ। परिवारको आर्थिक दबाउलाई झेल्नुपर्ने हुनाले पति पत्नी दुवैले रोजगारी गर्नु आवश्यक बन्छ। दुवै कर्मक्षेत्रमा व्यस्त रहनुपर्ने हुनाले घरेलु व्यवस्था सुव्यवस्थित हुनसक्तैन। यस्तो अवस्थाको सबैभन्दा नराम्रो असर नानीहरूमाथि परेको देखिन्छ। शिशुहरूलाई सही पालन पोषणको कमी, किशोर र युवाहरूलाई अभिभावकीय मार्गदर्शनको अभावमा हुने असन्तुलन यसका परिणाम हुन्।

ग. नाता र सम्बन्धबारे नैतिक भावनाको कमी

एकल परिवारमा बुजुर्ग अभिभावकहरूको कमी रहन्छ। परिणामस्वरूप नयाँ पुस्ताका सदस्यहरूमा आफ्नो नातागोता, परम्परा, पुर्खा र वंशसम्बन्धी भावनात्मक सम्बन्ध दुर्बल हुन्छ। यसैकारण नवीन पुस्ताका सदस्यहरूमा पारिवारिक सम्बन्ध, नातागोता आदिलाई महत्त्व र मूल्य दिने मानसिकता विकास हुन सक्तैन। एकल परिवारका सदस्यहरू एकप्रकारले एक्लो व्यक्ति (Individual)को रूपमा विच्छिन्न रहन्छन्। पारिवारिक बुजुर्ग अभिभावकहरूको संसर्ग नपाएको हुनाले परिवारभित्रै सिक्नुपर्ने बुनियादी संस्कार र सामाजिक व्यवहारहरू पनि पाउन सक्तैनन्। एकल परिवारमा पुरानो पुस्ता र नयाँ पुस्ताबिच हुने सम्पर्कहीनता र वैचारिक मान्यतामा देखिने पार्थक्य प्रखर रूपमा रहन्छ। मानव सभ्यतादेखि लिएर आफ्नो पुख्यौंली, परम्परा, ऐतिहासिक सम्पत्ति र सांस्कृतिक धरोहरहरूबारे वर्तमान पुस्ता प्रायः अनभिज्ञ र उदासीन भएको कारण पनि यही सम्पर्कहीनता हो।

घ. नारीमाथि कामको दोहोरो दबाउ

एकल परिवारमा नारीहरूलाई पनि सामाजिक र आर्थिक गतिविधिमा सहभागी बन्ने अवसर प्राप्त भएको हुन्छ। यद्यपि, नारीहरू घर र रोजगारको दोहोरो दबाउमा परेका हुन्छन्। नारीले अनिवार्य रूपले दुवै भूमिकालाई दक्षतापूर्वक पालन गर्नुपर्ने हुन्छ। यो दक्षता हासिल गर्न असमर्थ भएका नारीहरूलाई वैवाहिक सम्बन्धलाई परिचालन गर्नु समस्यापूर्ण हुन्छ। कामको अधिक दबाउले गर्दा पति पत्नीमाझ अन्तर्द्वन्द्व र वैमनस्य उत्पन्न हुने आशङ्का रहेको देखिन्छ।

ङ. अहंको अन्तर्द्वन्द्व

एकल परिवारमा पति-पत्नीको समान सहभागिता, समान कर्तव्य र समान अवस्थानको अवधारणा प्रबल हुन्छ। नारीको आर्थिक योगदान पनि परिवारको मुख्य आड हुन्छ। यस्तो स्थितिमा परिवारको व्यवस्थापन, घरेलु श्रमको सञ्चालन इत्यादि विषयहरूमा स्पष्ट नीति तय भएन भने पारिवारिक असन्तुलन उत्पन्न हुन्छ। सामाजिक र आर्थिक दुवै रूपले स्वाधीन र स्वावालम्बी भएको हुनाले तथा एउटा विशिष्ट सामाजिक प्रतिष्ठामा प्रतिष्ठित हुनाले पति-पत्नीमाझ अहंको सङ्घर्ष हुने सम्भावना अधिक रहन्छ।

२.२.२.२.२. विवाहको आधारमा परिवारका प्रकार

२.२.२.२.२.१. एकविवाही परिवार

एकल विवाहद्वारा बनेको परिवार नै एक विवाही परिवार हो। यसमा पति पत्नी र उनीहरूका छोराछोरी बास गर्छन्। सानो परिवार सुखी परिवारको अवधारणा यहाँ धेर युक्तिसङ्गत देखिन्छ।

२.२.२.२.२.२. बहुविवाही परिवार

बहुविवाह पनि तीन प्रकारका छन् -

१. बहुपत्नी विवाह
२. बहुपति विवाह
३. समूह विवाह।

यी तीन प्रकारका विवाहबाट निर्मित परिवार निम्नप्रकार छन् –

क. बहुपत्नी परिवार

एक पुरुषले धेरै नारीहरू विवाह गरेर बनाएको एउटा परिवारलाई बहुपत्नी परिवार भनिन्छ। भारतीय सभ्यताको इतिहासमा बहुपत्नी विवाहको पुरानो परम्परा छ। प्रचुर सन्तान, सम्पत्ति, सुरक्षा र रतिसुख आदिका निम्ति पुरानो समयमा बहुपत्नी विवाहको प्रचलन पाइन्छ।[३०३] पितृ सत्तात्मक भएकोले यस्तो परिवारमा पिता

३०३. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १३८

घरका मुखिया हुन्थे। आज हिन्दू समाजमा बहुपत्नी विवाह कानुनी रूपमा वर्जित छ।[३०४] यसकारण यस्ता परिवारको अस्तित्व पनि कम छ।

ख. बहुपति परिवार

एउटी नारीले धेरै पुरुषहरूसँग विवाह गरेर बनिएको परिवारलाई बहुपति विवाह भनिन्छ। महाभारतमा द्रौपदी पाँच पाण्डवहरूकी एक्ली पत्नी थिइन्। यस्ता परिवार तिब्बती समाज, अफ्रिकाको बाहाम, भारतको केराला, नागाल्याण्डका खासी, कोठा, डोटा, पन्जाबका लद्दाख, काङ्गडा आदिका आदिवासीहरूमा पाइन्छ।[३०५] कतिपय जनजातिहरूमा मातृसत्तात्मक प्रथा हुनु र संसारमा नारीहरूको हरदर सङ्ख्या पुरुषभन्दा कम हुनु बहुपति विवाहको कारण मानिन्छ।[३०६]

ग. सामूहिक परिवार

पुरुष समूहले नारी समूहलाई सामूहिक रूपले गरेको विवाहलाई सामूहिक विवाह भनिन्छ अनि यस विवाहबाट निर्माण भएको परिवारलाई सामुहिक विवाह परिवार भनिन्छ। यस परिवारमा समूहका सबै नर नारी एकअर्कामा पति पत्नी हुन्छन्। परिवारमा जन्मेको सन्तान सबैका साझा सन्तान हुन्छ र सबैले साझा रूपमा यसको पालनपोषण गर्छन्। मानव सभ्यताको प्रारम्भिक अवस्थामा यस्तो परिवार व्यवस्था थियो र आज पनि अस्ट्रेलिया र श्रीलङ्काका आदिवासी समुदायमा यस्ता परिवार पाइन्छ।[३०७]

२.२.२.२.३. अधिकारको प्रकृतिको आधारमा परिवारको प्रकार

२.२.२.२.३.१. मातृसत्तात्मक परिवार

मातृसत्तात्मक परिवारमा परिवारको सम्पूर्ण सत्ता आमाको अधीनमा हुन्छ। परिवारमा आमा नीति निर्धारक र अन्तिम निर्णायक पनि हुन्छिन्। यसरी नारीको स्वामीत्व भएका परिवारहरू मिलेर नै मातृसत्तात्मक समाज बनेको हुन्छ। यसरी आमा सर्वोच्च सत्ता हुने परिवारहरू अफ्रिका, अमेरिका र पूर्वोत्तर भारतका आदिवासीहरूमा पाइन्छ।[३०८] सभ्यताको आदिकालमा मातृसत्तात्मक परिवार व्यवस्था पाइन्थ्यो।[३०९] नेपाली

३०४. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्
३०५. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ १०६
३०६. पूर्ववत्, पृष्ठ १२४
३०७. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ १२४
३०८. पूर्ववत्
३०९. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृ. २३

जाति अन्तर्गत लिम्बु समुदायमा पनि मातृसत्तात्मक व्यवस्था रहेको तथा सानीमालाई विवाह गर्ने र भाउज्यूको अनुमतिबिना देवरले अन्यत्र विवाह गर्न नपाउने नियमले मातृप्रधानतालाई सङ्केत गर्छ।[३१०]

२.२.२.२.३.२. पितृसत्तात्मक परिवार

पिताद्वारा सञ्चालित परिवार पितृसत्तात्मक परिवार हो र यस्तो परिवारमा अन्तिम नीति निर्धारक र अन्तिम निर्णायक पनि पिता नै हुन्छन्। पितृसत्तात्मक परिवारहरूको सङ्गठित रूपद्वारा नै पितृसत्तात्मक समाजको निर्माण हुन्छ। भारतमा भएका अधिकत्तर हिन्दू संयुक्त अनि एकल परिवारहरू पितृसत्तात्मक प्रणालीका छन् र पितृसत्तात्मक परिवार नै आधुनिक समयमा वर्चस्ववादी केन्द्र मानिएको छ।[३११]

२.२.२.२.४. मुस्लिम समाजमा परिवार व्यवस्था

मुस्लिम समाजमा एउटा व्यवस्थित र सुदृढ परिवार व्यवस्था छ। मुस्लिम सामाजिक जीवन पवित्र ग्रन्थ 'कुरान' र 'सारियट' (मुस्लिम धार्मिक कानुन)द्वारा पूर्ण रूपमा अनुशासित छ। मुस्लिम धर्मले व्यक्तिको व्यक्तिगत जीवनमा अत्यन्त महत्त्वपूर्ण भूमिका राखेको पाइन्छ।[३१२] 'सारियट' मुस्लिम धर्म अनुगामीको निम्ति अनिवार्य आचार संहिता हो।

मुस्लिम समाजमा अधिकत्तर संयुक्त परिवार हुन्छन् र अनेक नातागोताहरूले भरिएको विशाल संरचना हुन्छ। यद्यपि, वर्तमान समयमा सहरी क्षेत्रमा संयुक्त परिवारहरू विघटन भएर एकल परिवारहरूमा परिणत भएका छन्।[३१३]

मुस्लिम समाजमा अधिकत्तर बहुपत्नी परिवार हुन्छन्। एक पुरुष व्यक्तिले कानुनी रूपमा चार पत्नीहरू विवाह गर्न सक्छन्। यी धेरै पत्नीहरूबाट जन्मेका सन्तानहरू सबै मिलाएर एउटा ठूलो जमात एउटै परिवारमा निवास गर्छन्।

मुस्लिम समाज अधिकत्तर पितृसत्तात्मक हुन्छ। पिता परिवारको सर्वोच्च सत्ता हुन्छ। पिताद्वारा नै परिवारमा मुस्लिम कानुन तथा आचार संहिता गम्भीरतापूर्वक लागु हुन्छ। मुस्लिम परिवारमा पति-पत्नीको समानताको धारणा पाइँदैन।[३१४] कुरानको व्याख्याअनुसार पुरुष नारीको संरक्षक र व्यवस्थापक दुवै हो कि

३१०. हाम्रो समाज एक अध्ययन, विसं २०५८, जनकलाल शर्मा, साझा प्रकाशन, काठमान्डु, पृष्ठ २८०
३११. स्त्रीयोंकी पराधिनता, २००७, जान स्टुअर्ट मिल, प्रगति सक्सेना (अनु) राजकमल प्रकाशन, नयाँ दिल्ली, पृष्ठ २३
३१२. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १४८
३१३. पूर्ववत्
३१४. पूर्ववत्

नभने पुरुषलाई अल्लाहले शक्तिशाली बनाएको छ र उनीहरू आफ्ना संसाधनद्वारा नारीहरूलाई सहयोग गर्छन्।[३१५] नारीहरूलाई मस्जिद जाने अनुमति छैन। अन्य सार्वजनिक जमघटमा नारीहरूको सहभागिता अनिवार्य ठानिँदैन।

२.२.२.२.४.१. मुस्लिम परिवारमा नारीका मूलभूत कर्तव्यहरू

१. आफ्नो पतिसँग दाम्पत्य सम्बन्धलाई समर्पित रूपले निर्वाह गर्नु।

२. पतिप्रति सधैँ इमान्दार र आज्ञाकारी बनिरहनु।

३. सन्तान उत्पादन गर्नु र पोषण गर्नु।

४. पर्दाप्रथालाई कठोरतापूर्वक पालन गर्नु।

५. इवातको अवधिलाई इमान्दारीपूर्वक पालन गर्नु अनिवार्य छ। 'इवात' मुस्लिम धार्मिक कानुनअनुसार कुनै पतिसँग विच्छेदको प्रस्ताव भएको दिनदेखि परीक्षण गरिने प्रक्रिया हो। यसमा पत्नीलाई तीन महिनासम्म सफलतापूर्वक मासिक धर्म भइन्जेलसम्म पर्यवेक्षणमा राखिन्छ।

२.२.२.२.४.२. मुस्लिम परिवारमा नारीलाई प्राप्त भएका केही अधिकारहरू

१. मुस्लिम पत्नीलाई पतिबाट प्राप्त 'मेहर'माथि स्वामित्व राख्ने धार्मिक र राजकीय कानुनसम्मत अधिकार छ।

२. पत्नीलाई पतिद्वारा 'तलाक' नपाइन्जेलसम्म जीवनभर पतिगृहमा आवासको अधिकार छ।

३. तलाकको समयमा पतिबाट पत्नीले क्षतिपूरण तथा जीवन उपार्जनका निम्ति आर्थिक दावी गर्न सक्छे।

४. धेरै पत्नीहरू भएको परिवारमा मुस्लिम पत्नीले पतिबाट सदभावनापूर्ण व्यवहारको अपेक्षा गर्न सक्छे।

५. आफ्ना नानीहरूलाई सम्मानजनक पालन पोषणको अधिकार पत्नीलाई प्राप्त छ।

२.२.२.२.३. नर-नारी सम्बन्धको औपचारिक स्वरूप

२.२.२.२.३.१. विवाहगत सम्बन्ध

विवाहद्वारा नै नर नारीमाझ औपचारिक सम्बन्ध स्थापित हुन्छ। यसकारण विवाहमा जोडीको चुनाउलाई एउटा महत्त्वपूर्ण तत्व मान्न सकिन्छ। व्यक्ति एक सामाजिक प्राणी भए तापनि बुनियादी रूपले आफ्नो वैयक्तिक प्रबलताले भरिएको प्राणी हुन्छ। आफ्नो वैयक्तिक क्षमताको आधारमा नै व्यक्तिले अर्को व्यक्तिसित व्यवहार स्थापित गर्छ जसबाट एउटा विशिष्ट सम्बन्ध निर्माण हुन्छ। विवाह दुई विपरीत लिङ्गी विशिष्ट व्यक्तिहरूको मिलन हो। व्यक्ति आफ्नो आयु, वर्ण, वर्ग, स्तर, धर्म, संस्कृति, परिवेश, शिक्षा इत्यादि

३१५. द कुरान, पूर्ववत्, पृष्ठ ५३

विषयहरूमा विशिष्ट र पृथक हुनसक्छ। यस्ता विशिष्टताहरू, असमानताहरू, अनेकताहरू नै सम्बन्ध निर्माण र विकास गर्ने उपादानहरू हुन् अनि तिनैको कारणले वैवाहिक सम्बन्धमा विविध प्रकारका जटिलता र अन्तर्द्वन्द्वहरू उत्पन्न हुन्छन्।

आयु एउटा व्यक्तिको विशिष्ट वैयक्तिकता हो। मनुस्मृतिमा चौबीस वर्षको परिपक्व जवान पुरुषसित आठ वर्षकी कन्याको विवाहको विधान राखिएको छ।[३१६] आठ वर्षकी कन्यामा दाम्पत्य सहचार्यलाई सञ्चालन गर्ने शारीरिक र मानसिक परिपक्वता हुँदैन। यसकारण भारतीय कानुनअनुसार वरको उमेर निम्नतम एक्काइस र वधूको अठाह्र हुनु अनिवार्य ठानिएको छ।[३१७] आयुले विवाहित नर नारीको सम्बन्धलाई स्पष्ट रूपमा प्रभावित गर्छ। निन्दनीय व्यक्तिसँगको विवाहले आफ्नो कूल वंश पनि निन्दित हुने सम्भावना रहेकोले समानवर्ग, वर्ण र स्तरमा विवाह गर्नु आवश्यक मानिएको छ।[३१८] भारतमा विविध वर्ण र गोष्ठीहरूमा विविध संस्कार, रीतिरिवाज, जीवनशैली, कर्मकाण्ड इत्यादि छन्। यस्ता विविधता भएका विवाहित जोडीमाझ अन्तरङ्ग सामञ्जस्य स्थापित गर्न कठिन हुनु अस्वाभाविक देखिँदैन। धार्मिक आस्थामा अन्तर हुनु तथा परिवेश र वातावरणमा फरक हुनुले पनि नर नारीमाझ पारस्परिक आस्था विकास हुनमा बाधा पर्न जान्छ। प्राचीनकालीन भारतवर्षमा नरलाई वेदविज्ञ हुनु अनिवार्य थियो[३१९] भने नारीका लागि कुनै शैक्षिक योग्यता तोकिएको थिएन तर आधुनिक समयमा नर नारी सम्बन्धको अवस्थान निर्धारणमा शिक्षा ठूलो आधार भएको देखिन्छ।

विवाहका धेरै प्रकारहरू छन्। मनुस्मृतिमा बताइएका आठ प्रकारका विवाहहरूमध्ये ब्राह्मण वरका निम्ति ब्रह्म, दैव, आर्ष, प्रजापति विवाह उत्तम मानिएको छ। क्षत्रीयका निम्ति राक्षस विवाह अनि वैश्य र शुद्रको लागि आसुर विवाहलाई अनुकूल मानिएको छ।[३२०] विवाहको प्रक्रिया बर्बर र असभ्य भएको कारणले पैसाच र आसुर विवाहलाई वर्जित गर्नु पनि भनिएको छ।[३२१] ब्रह्म विवाहलाई हिन्दू धर्ममा आदर्श मानिएको छ अनि यसबाट सन्तान, समृद्धि र मोक्ष प्राप्तिको उच्च आकाङ्क्षा गरिएको छ। पुरोहित पण्डितलाई कन्यादान गरेर सम्पन्न गरिने विवाह दैव विवाह हो। यही विवाह प्रक्रियाद्वारा दक्ष प्रजापतिले आफ्ना तेह्रजना छोरी एकसाथ दान दिए[३२२] तापनि ती सबैले पत्नीको स्थान पाएनन् बरू रखौटीको दर्जामा दासीसरह जीवन बिताउनुपऱ्यो।[३२३] दैव विवाहलाई बहुपत्नी विवाहको आदिमस्रोत मान्न सकिन्छ। वर पक्षबाट एकजोडी गाई

३१६. मनुस्मृति ९-९४, पूर्ववत्, पृष्ठ ४४३
३१७. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ १४१
३१८. नीति ४-६७, पूर्ववत्, पृष्ठ १३३
३१९. सोसिअलजी अफ इन्डियन सोसाइटी, पूर्ववत्, पृष्ठ ४१
३२०. मनुस्मृति, पूर्ववत्, पृष्ठ १२३
३२१. पूर्ववत्
३२२. मनुस्मृति, पूर्ववत्, पृष्ठ १२३
३२३. प्राचीन भारतीय समाज औ चिन्तन, पूर्ववत्, पृ. १४०

अथवा गोरु लिएर सम्पन्न हुने आर्ष विवाह हो।[३२४] यसप्रकारको उपहार लेनदेन क्रियालाई कन्याशुल्क लिइनु अथवा कन्याको क्रयविक्रय पनि भनिएको छ।[३२५] यस प्रक्रियाले विवाह भएका विवाहित जोडीमा धन (शुल्क)को प्रतिकूल मनोवैज्ञानिक प्रभाव पर्नका साथै वधूलाई क्रय गरिएको वस्तुको रूपमा व्यवहार गरिने सम्भावना देखिन्छ।

'वर-वधूलाई सधैँ एक भएर गरिखानु' भन्ने आशीर्वादसहित सम्पन्न हुने प्रजापति विवाह हो।[३२६] यस विवाहमा समानता, सहृदयता र सहभागिताको अभिलाषा राखिएको बोध हुन्छ। अतः यसप्रकारको विवाह प्रक्रियामा मधुर दाम्पत्य सम्बन्धको कामना गरिएको स्पष्ट हुन्छ। कन्या र कन्यापक्ष सबैलाई सकेसम्म धन दिएर कन्या प्राप्त गर्नु आसुर विवाहको लक्षण हो।[३२७] यसलाई सोझो रूपमा कन्याको क्रय विक्रय भन्न सकिन्छ। यस प्रक्रियाले वर वधूबिच क्रेता र बिक्रेताको सम्बन्ध स्थापित गरिदिएको छ। क्रेताको रूपमा वर सधैँ मालिकको स्थानमा र विक्रेताको रूपमा कन्या सधैँ दासीको स्थानमा रहन्छे। वर उच्च अहंले आक्रामक हुनसक्छ भने नारी निम्न अहंले अवसादको शिकार हुनसक्छे। यस्तो स्थितिले नर-नारीको सम्बन्धमा प्रतिकूल प्रभाव पर्नसक्छ।

प्रेम विवाहलाई नै गन्धर्व विवाह पनि भनिन्छ।[३२८] नर नारीको कामनाहरूको प्रबल शक्तिले यो विवाह सम्पन्न हुन्छ। संसारका प्रायः सबै जातिहरूमा गन्धर्व विवाहको प्रचलन पाइन्छ। यस प्रकारको विवाहमा नर-नारी पारस्परिक आन्तरिकतामा डुबेका हुन्छन् र यो विवाह भावनात्मक उच्चताले अधिक प्रेरित हुन्छ। दाम्पत्य सम्बन्ध यापनमा पनि यस भावनात्मक एकात्मले अनुकूल वातावरण स्थापित गर्छ। मानवीय प्रेमको उच्चताको कारणले नै वात्सायनले गन्धर्व विवाहलाई श्रेष्ठ विवाह मानेका छन्।[३२९]

कन्याको स्वजनको हत्या गरी हिंसा गरेर बलपूर्वक अपहरण गरेर कन्या प्राप्त गर्नु राक्षस विवाह हो। यसप्रकारको विवाहमा नर नारीमाझ व्यावहारिक र भावनात्मक सामञ्जस्य विरलै स्थापित हुन्छ। नारीले वैवाहिक सम्बन्धमा पालन गर्नुपर्ने भूमिका र सहभागितामा नकारात्मक मनोभाव झल्किन्छ। यस्तो विवाहमा नर-नारीको मनोविज्ञान सहज र स्वस्थ हुन कठिन हुन्छ।

एकान्तमा अथवा बेहोश अवस्थामा भएकी कन्यालाई बलात्कार गरी आफ्नो बनाउनु पैशाच विवाह हो।[३३०] यसलाई शास्त्रमा सबैभन्दा निकृष्ट विवाह मानिएको छ। यस्तो पापयुक्त ढङ्गद्वारा गरिएको विवाहमा

३२४. मनुस्मृति ३०२९, पूर्ववत्, पृष्ठ १४९
३२५. पूर्ववत्, ३-५३, पृष्ठ १५४
३२६. पूर्ववत्, ३-३०, पृष्ठ १४८
३२७. पूर्ववत्, ३-३१, पृष्ठ १४९
३२८. पूर्ववत्, ३-३२, पृष्ठ १५०
३२९. पूर्ववत्, ३-३३. पृ १५०
३३०.पूर्ववत्, ३-३४, पृ. १५०

नर नारीको मनोवैज्ञानिक अवस्था पनि निकृष्ट नै हुन्छ। यसबाट बनिएको परिवारमा दाम्पत्य साहचर्यको स्थिति मर्यादापूर्ण हुन नसक्ने धेरै सम्भावनाहरू हुनसक्छन्।

विवाहका उपर्युक्त व्यवस्थाहरूले नर नारीको दाम्पत्य सम्बन्धलाई बुनियादी रूपमा प्रभाव पार्छ। मनुस्मृतिमा वर्णन गरिएका यी आठ प्रकारका विवाहबाहेक मानव समाजमा निम्न प्रकारका विवाहहरू पनि प्रचलित छन्।

बहुविवाहद्वारा स्थापित भएको परिवारमा नर नारीको सम्बन्ध सामान्य र स्वाभाविक विरलै हुन्छ। बहुपत्नी विवाहद्वारा निर्मित परिवारमा एकजना पतिले धेरै पत्नीहरूको शारीरिक र मानसिक आवश्यकताहरूलाई पूरा गर्न सम्भव हुँदैन। फलस्वरूप विविध तनाउ, दबाउ र विकृतिहरूको सृष्टि हुने अवसर बढी हुन्छ। यस्तो विवाहमा सबै नारीहरूले पत्नीको दर्जा तथा मर्यादा पाउन सकेका पनि हुँदैनन्। यसकारण नारीहरू सधैँ भावनात्मक सुख र सुरक्षाको अभावले ग्रस्त भइरहेका हुन्छन्। पतिसँग कुनै अन्तरङ विश्वास र आस्था राख्ने विकल्प नपाएपछि अथवा कुनै मर्यादापूर्ण आन्तरिकताको विनिमय नहुँदा पत्नीहरूमा विसङ्गति र विकृतिहरू आउनु स्वाभाविक हुनजान्छ। वात्सायनले बहुपत्नीय परिवारमा हुने विसङगति र असन्तुलनहरूलाई सामाजिक समस्याको रूपमा व्याख्या गरेका छन्।[३३१] बहुपति विवाहद्वारा स्थापित परिवारमा पनि यस्तै प्रतिकूल परिवेश सृजना भएको पाइन्छ। यस्तो परिवारमा एकातिर पत्नी धेरै पतिहरूका स्वामिनी अथवा भोग्या हुनसक्छे र अर्कातिर सबै पतिहरू एक पत्नीको भोगी हुनसक्छन् अथवा अनुचर दास। यस्तो स्थितिमा पति पत्नीको दाम्पत्य साहचर्य स्वस्थ र सङगतिपूर्ण सामाजिक जीवनको मुहान हुन सक्दैन। समूह विवाहमा विवाह वैयक्तिक योगदानको विषय नभएर सामुहिक अनुष्ठान हो र समूहभित्र कुनै एकजना व्यक्तिको वैयक्तिक उत्तरदायित्व सुनिश्चित गर्न सकिँदैन। तिनीहरूमा कुनै व्यवहारिक र भावनात्मक अन्तरङता हुने अवसर रहँदैन।

हिन्दू धर्म शास्त्रले अनुलोम विवाह, प्रतिलोम विवाह र बाहिर्विवाह आदिलाई प्रशंसनीय मानेको छैन[३३२] आधुनिक समयमा वर्णभेद, वर्गभेद, स्तरभेद इत्यादिहरू सबै समाप्त भएर जोडी चयनको क्षेत्र विस्तारित भएकोले चयनको अवसर अधिक छ। अनुलोम विवाह, प्रतिलोम विवाहले वर्णभेदको असन्तुलनलाई हटाएर पूर्णतः मानवीय सम्बन्धको रूपमा नर-नारीको सम्बन्धलाई स्थापित गरिदिएको छ। असमानता र

३३१. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ ११८
३३२. मनुस्मृति, पूर्ववत्, पृ. १४४

असन्तुलनलाई उदारतापूर्वक जित्न सक्ने व्यक्तिहरूले नै यस्ता विवाह र परिवारहरू स्थापना गर्न सक्छन्। त्यसकारण यस्ता दाम्पत्य साहचर्यले सामाजिक सङ्गतिलाई विकास गर्ने सम्भावना रहन्छ। यस्ता परिवारमा नर नारीको सम्बन्ध धेरै उदार, सहिष्णु र प्रीतिपूर्ण हुने कुरामा आशावादी हुनसकिन्छ। ऋषि दीर्घतमाकी शुद्रा पत्नीबाट जन्मेका छोरा ऋषि काक्षीवान थिए। उनैकी छोरी घोषाले ऋग्वेदका दशौं स्कन्धका केही ऋचाहरू रचना गरेकी थिइन्।[३३३] ऋषि वेदव्यास र दासी वनिताको समागमबाट नै धर्मात्मा, नीति विशेषज्ञ विदुरको जन्म भएको थियो।[३३४] यसरी अन्तरजातीय विवाहद्वारा उत्तम परिणति भएका घटनाहरू छन्। नल क्षत्रीय राजा थिए भने दमयन्ती ऋषिपुत्री थिइन् यस्तै प्रकारले ययाति र देवमणिको विवाह पनि प्रतिलोम विवाहको उदाहरण हो।[३३५]

२.२.२.२.३.२. धर्मगत सम्बन्ध

हिन्दू आस्थाअनुसार विवाह एउटा धार्मिक संस्कार हो। हिन्दू विधि विधानहरूले विवाहलाई एउटा धार्मिक कर्तव्यको रूपमा संस्थित गरेको हुनाले यस संस्थामा नर नारीको सहजीवन यापनमा धार्मिक आचरणको व्यापक आयाम छ। धर्मको पवित्र अनुष्ठान हुनाले गृहस्थाश्रमलाई सर्वश्रेष्ठ आश्रम भनिएको छ।[३३६] विवाहित जोडी चिरकाल एकबद्ध भएर सहजीवनयापन गर्नु नै गृहस्थको प्रथम धर्म हो।[३३७] यसरी परिवारमा धार्मिक आचरण नर-नारीको सहभागितामा सम्पन्न हुने क्रिया हो। मनुष्य जीवनको सर्वोच्च अभीष्ट चार पुरुषार्थ धर्म, अर्थ, काम र मोक्षको प्राप्ति हो। यी चार अभीष्ट प्राप्त गर्ने निश्चित आश्रम छन् तर गृहस्थाश्रम नै एक मात्र संस्था हो जहाँ व्यक्तिले धर्म, अर्थ, काम र मोक्षको प्राप्ति एकै साथ गर्नसक्छन्।[३३८] हिन्दू धर्मले मनुष्यलाई जीवनमा पाँचवटा यज्ञहरू ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, भूतयज्ञ, मनुष्ययज्ञ सम्पन्न गर्नुपर्ने उत्तरदायित्व दिएको छ[३३९] अनि यसको सफल अनुष्ठान गृहस्थले मात्र गर्न सक्छ। यी यज्ञहरूको अनुष्ठानद्वारा मनुष्यले आफ्नो अनि आफ्ना पूर्वज र आगत वंशहरूलाई सम्पूर्ण ऋणबाट मुक्त गरेर मोक्ष दिलाउन सक्छ भन्ने धारणा पाइन्छ।[३४०] पति पत्नीबिचको धार्मिक साहचर्यले नै गृहस्थाश्रम सबै आश्रमका मनुष्यको निम्ति आश्रयस्थल बनेको हो। यहाँ धर्मसम्मत सेवा सबैलाई प्राप्त हुनाले गृहस्थाश्रमलाई प्राणदायी वायुसँग तुलना गरिएको छ।[३४१] यस प्रकारका

३३३. श्री श्वाश्त नारी, पूर्ववत्, पृष्ठ १५
३३४. नीति, पूर्ववत्, पृष्ठ ८
३३५. संक्षिप्त महाभारत, पूर्ववत्, पृष्ठ २६४
३३६. मनस्मृति ९-१०१, पूर्ववत्, पृष्ठ ४४५
३३७. तथा नित्यं यतेयातां स्त्रीपुंसौ तु कृतक्रियौ। यथा नाभइचरेतां तौ वियुक्तावितरेतरम्। ९-१०२, पूर्ववत्, पृष्ठ ४४५
३३८. पूर्ववत्
३३९. जपोहुतो हुतो होमः प्रहुतो भौतिको बलिः। ब्राह्म्यं हुतं द्विजाऱ्यार्चा प्राशितं पितृतर्पणम्। ३-७४, पूर्ववत्, पृष्ठ १५८
३४०. पूर्ववत्
३४१. मनोस्मृति ३-७७, पूर्ववत्, पृ. १५८

धार्मिक आचरणले गर्दा परिवारमा पति पत्नीमाझको सम्बन्ध सहयोगी शिष्टता र मर्यादापूर्ण हुने सम्भावना अधिक देखिन्छ। धर्मपरायण परिवारमा नै अधिकत्तर यस्तो सम्बन्धको विकास भएको पाइन्छ। एकै किसिमका आस्था र विश्वासले गर्दा पति पत्नीमाझ पारस्परिक सुझबुझ गहिरो बन्दछ अनि सन्तानमा पनि यस्ता संस्कारहरूको सकारात्मक असर पर्छ। ऋग्वेदमा उल्लेख भएका ऋषि अगस्त्य र लोपामुद्राको दाम्पत्य सहाचर्य यसको उत्तम उदाहरण मानिन्छ। उनीहरूको धार्मिक आचरण रचनात्मक रूपले उन्नत थियो। ऋग्वेदको प्रथम मण्डलको १७९औँ सूक्तका प्रथम दुई ऋचा लोपामुद्रा अनि तेस्रो र चौथो ऋचा अगस्त्य ऋषिले रचना गरेका थिए।[३४२] यसलाई दम्पत्तिद्वारा सहरचना गरिएको पहिलो वैदिक सूक्त मानिएको छ।[३४३] तिनीहरूले आपसी सहमतिद्वारा एउटै परम विद्वान र तेजस्वी छोरा दृढस्युलाई जन्म दिएर आफ्नो सम्पूर्ण वंशको उद्धार गरे।[३४४]

वैदिक कालमा पतिहरू युद्ध र व्यापारादिको कारण घरबाहिर हुँदा पतिको रक्षाखातिर पत्नीले एक्लै यज्ञादि अनुष्ठान सम्पन्न गर्थिन्। हिन्दू धर्ममा साथै नेपाली समाजमा मान्छेको जन्मदेखि मृत्युसम्म हुने धार्मिक संस्कारहरू पालन गरिन्छ। पाणीग्रहणदेखि सहवास र गर्भाधानदेखि प्रजनन आदि सबै अवसरहरू धार्मिक दर्शन र कर्मविधानले सुनिश्चित गरिएका छन्।[३४५] यस्ता विधि विधानहरूलाई पालन गर्दा पति-पत्नीले गम्भीरतापूर्वक एकअर्काको सहयोगी बन्नु अनिवार्य हुनाले तिनमा पारस्परिक उत्तरदायित्वबोध प्रबल हुन्छ। यसैकारण, चाणक्यले धर्म मान्छेले सञ्चय गर्नुपर्ने ठूलो सम्पत्ति मानेका छन्।[३४६] यसै प्रसङ्गमा नारीको पूजा हुने ठाउँमा देवताहरूको वास हुन्छ समेत भनिएको छ।[३४७] जुन घरमा नारीहरू दुःखी र कान्तिहीन हुन्छन् त्यस घरमा सुखशान्ति हुँदैन।[३४८] वस्त्र आभूषणले अलङ्कृत भएर बस्ने पत्नीहरूले परिवारको ऐश्वर्य बढाउँछे र सबै बन्धुबान्धवहरूको लागि पनि कल्याणकारी हुन्छे भन्ने धारणा वेदमा पाइन्छ।[३४९] यसरी वैदिक युगमा धर्मआर्जनद्वारा मोक्ष प्राप्तिको लक्ष्य सिद्धि गर्ने अर्थमा पत्नीको पनि पतिसमान योगदान थियो। उत्तरवैदिक कालको अन्तिम चरणमा भने धार्मिक अनुष्ठानहरूमा पत्नीको योगदान गौण बनाइयो र यज्ञवेदीबाट नै बहिष्कार गरियो।[३५०] विस्तारै पत्नीको ठाउँ पुरोहितहरूले ओगटे र यसका निम्न कारणहरू देखाएका छन्[३५१] –

३४२. ऋग्वेद १-१७९-१-४, पूर्ववत्, पृष्ठ २६४
३४३. पूर्ववत्, पृष्ठ २०३
३४४. श्री शाश्वतः नारी, पूर्ववत्, पृष्ठ १७
३४५. पारस्कर गृह्यसूत्रम, २०१५, जगदीशचन्द्र मिश्र, (टीका) चौखम्वा सुरभारती प्रकाशन, वाराणसी, पृष्ठ ६७-१४८
३४६. नीति, पूर्ववत्, पृष्ठ ३५०
३४७. मनुस्मृति ३-५६, पूर्ववत्, पृष्ठ १५५
३४८. पूर्ववत्, ३-६०, पृष्ठ १५५
३४९. ऋग्वेद १०-८५-४४, पूर्ववत्, पृष्ठ ९५०
३५०. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १२१
३५१. पूर्ववत्, पृ. १२२

क. नारीहरू वैदिक मन्त्रद्वारा संस्कार पाएका हुँदैनन्।

ख. मासिक धर्मको समय नारीहरू अपवित्र बन्छन्।

ग. नारीहरू परपुरुषसंसर्ग गर्ने हुन्छन्।

घ. नारीहरू काग, सुङ्गुर र शुद्रको कोटीमा आउँछन्।

उत्तरवैदिककालपछि नारीहरूमाथि यस्ता लाञ्छनहरू लगाउनको कारण चाहिँ तत्कालीन समाज विस्तारै पुरुषप्रधान बन्दै जानु हो भन्ने मानिएको छ। आर्थिक आत्मनिर्भरता औ सम्पत्तिको अधिकारको अभाव पनि यसको एउटा कारण मान्न सकिन्छ। नारीलाई बाल्यावस्थामा पिताको अधीनमा, युवास्थामा पतिको अधीनमा र वृद्धावस्थामा पुत्रको अधीनमा राख्नु धर्मसम्मत् अनिवार्य गरिइयो।[३५२] नारीहरूले औपचारिक धर्म नीतिको ज्ञान नपाएका हुनाले उनीहरूलाई कठोर नियन्त्रणमा राख्नु नै एकमात्र उपाय ठहराइयो।[३५३] चारित्रिक सबलता नभएका हुनाले व्यभिचारी पत्नीले परपुरुषगमन गर्न सक्छन् अनि यसको अबगाल र पाप दुवै पतिले भोग्नुपर्ने छ भन्ने नीति तय गरियो।[३५४] यसैकारण रामले गर्भवती सीतालाई गृहबहिष्कार गरिदिए।[३५५] परपुरुषगमनद्वारा पत्नीले सन्तान प्राप्त गरेकी भए पतिलाई सन्तानबाट प्राप्त हुने ऋणमुक्ति र मोक्षप्राप्ति दुवै हुनसक्दैन भन्ने कुरा मनुस्मृतिमा उल्लेख भएको छ।[३५६] त्यसैले पतिको धर्मरक्षार्थ पत्नीलाई धर्माचरणबाट नै निष्कासित गर्ने काम भयो। सीतालाई पनि विवाहको समयमा जनकपत्नीले पतिव्रता धर्मको श्रेष्ठता बताएकी थिइन्।[३५७] लोभ, कामवासना, रीस-कुटिलता, परपीडक, दुष्ट चरित्र आदि सबै नारीका प्रकृति हुन् भन्ने निर्धारित गरियो।[३५८] यसरी उत्तरवैदिक कालपछि पतिपत्नीको सम्बन्धमा ठूलो परिवर्तन देखापऱ्यो। नारी पराधीन, भोग्या, आश्रित र अधीनस्थ वस्तु मात्र भयो। वैदिककालको पारिवारिक सत्ता र शक्तिबाट नारीच्युत हुँदै गई। पतिसँगको भावनात्मक सुदृढता र प्रीतिबोध पनि फिका हुँदै गयो। पति केन्द्रीय शासक बन्दै गयो भने पत्नी अधीनस्थ प्रजा बन्दै गई।

वर्तमान समयले आमूल परिवर्तनको चेतना लिएर आयो। आजको प्रजातान्त्रिक प्रणालीअनुसार मानिसहरू अन्तर्धर्मीय विवाह गर्ने र परिवार स्थापना गर्ने काम गरिरहेका छन्। एउटै परिवारभित्र विभिन्न

३५२. पिता रक्षति कौमारे भर्ता रक्षति यौवने। रक्षन्ति स्थबिरे पुत्त्रा न स्त्री स्वातन्त्र्यमर्हाति। मनुस्मृति ९-३, पूर्ववत्, पृष्ठ ४२७
३५३. पूर्ववत्
३५४. मनुस्मृति ९-२१, पूर्ववत्, पृष्ठ ४३१
३५५. रामायण, २०३८, भानुभक्त आचार्य, उत्तरकाण्ड, ११६, साझा प्रकाशन, काठमान्डु, पृष्ठ २१०
३५६. मनुस्मृति, पूर्ववत्, पृष्ठ ४२४
३५७. रामायण, पूर्ववत्, बालकाण्ड १२२, पृष्ठ २१
३५८. मनुस्मृति ९-१८, पूर्ववत्, पृ ४३०

आस्थाहरू एकसाथ संस्कारित छन्। उच्च किसिमको धार्मिक सहिष्णुता र उदारता भए मात्र यस्ता परिवारमा पति-पत्नीको सम्बन्ध जीवन्त राख्न सकिन्छ। शिक्षा एवम् आधुनिक चेतना आदिले यस्तो संस्कृतिलाई विकास हुनमा प्रेरित गरिरहेको छ। अन्तरधर्मीय विवाहले धार्मिक कट्टरता र विभिन्नताको सामाजिक सङ्कटलाई समाधान गर्नमा सहयोग गरिरहेको छ।

२.२.२.२.३.३. अर्थगत सम्बन्ध

धर्म, अर्थ, काम, मोक्षजस्ता चार पुरुषार्थ नै मनुष्य जीवनको मुख्य अभीष्ट हुन्। चाणक्य नीतिअनुसार मनुष्यमा यी चारमध्ये कुनै एउटा पुरुषार्थ पनि छैन भने अनेकौँपल्ट जन्म लिँदा पनि उसको जन्म निष्फल हुन्छ।[३५९] किनभने यी चार तत्वहरू जीवन जिउने आधार, माध्यम र प्रेरणास्रोत पनि हुन्। ऋग्वेदमा पति पत्नीलाई दम्पती भनी घरको समान स्वामित्व दिइएको छ।[३६०] समान स्वामित्वबाट समान दायित्वबोध पनि अनिवार्य हुन्छ। यसै आधारमा वैदिक युगीन परिवारमा नर-नारीबिच अर्थगत सम्बन्ध समान भएको स्पष्ट हुन्छ। सांसारिक जीवनयापन गर्न अर्थको आवश्यकता छ। वैदिक समाजमा गृहस्थी नै आर्थिक गतिविधिको एकमात्र स्रोत केन्द्र थियो। गृहस्थले आफ्नो बुनियादी आवश्यकताहरूलाई पूर्ण गर्दै सामाजिक दायित्व पनि पालन गर्न पऱ्यो। गृहस्थले दैनिक रूपमा गर्नुपर्ने पाँच यज्ञहरू सम्पन्न गर्दा पनि धनकै आवश्यकता पर्थ्यो। एक विचार र एक मन भएका दम्पतीले यज्ञ गरेर सधैँ पोषक आहार दान गर्छन् अतः वेदमा गृहस्थी सञ्चालन गर्ने पति पत्नी युग्मका लागि समृद्धिको प्रार्थना गरिएको पाइन्छ।[३६१] यज्ञादि गर्ने दम्पतीले ऐश्वर्य र सुखदायक अन्न प्रदान गर्छन् अनि गाई, भैँडा आदि धनद्वारा सम्पन्न भएर अमरत्व प्राप्त गर्छन्।[३६२] यसरी वैदिक कालमा धर्म अर्थ प्राप्तिको माध्यम पनि भएको बुझिन्छ। पति पत्नीको समान सहभागितामा यज्ञादि अनुष्ठान सम्पन्न हुनाले यसबाट आर्जित भएको सम्पत्तिमाथि पनि दुवैको स्वामित्व समान रहेको बुझिन्छ। कृषि र पशुपालन प्राचीनकालीन समाजको मुख्य आयस्रोत थिए। समाज व्यवस्था पितृप्रधान भएको कारणले सम्पत्तिको अधिकार पतिको अधीनमा नै थियो।[३६३] यद्यपि, विवाह अनुष्ठानमा वधूलाई आफ्ना सासू, ससुरा, नन्द, देवर आदिका निम्ति साम्राज्ञी बनेर सबैमाथि शासन गर्ने आशिष दिइएको पाइन्छ।[३६४] आफ्नो परिवार मात्र नभएर आफन्तजन, बन्धुबान्धव औ पशुहरूको निम्ति पनि कल्याणकारी बन्ने आह्वान गरिएको छ।[३६५] परिवारमा सत्ता

३५९. धर्मार्थकामोक्षणं यस्यैकोपि न विद्यते। जन्मजन्मनि मर्त्येषु मरणं तस्य केवलम्। नीति ३-२०, पूर्ववत्, पृष्ठ ३५३
३६०. ऋग्वेद ८-३१-६, पूर्ववत्, पृष्ठ ६७१
३६१. ऋग्वेद ८-३१-९, पूर्ववत्, पृष्ठ ६७२
३६२. पूर्ववत्, ८-३१-६, पृष्ठ ६७१
३६३. प्राचीन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ २५
३६४. सम्राज्ञी श्वशुरे भव सम्राज्ञी श्वश्रवा भव। ननान्दरि सम्राज्ञी भव सम्राज्ञी अधि देवृषु। ऋग्वेद १०-८५-४७, पूर्ववत्, पृष्ठ ९५०
३६५. पूर्ववत्

र शक्तिको प्रयोगले परिवार तथा परिवारेत्तर एकाइहरूको कल्याण समेत ध्यानमा राख्नुपर्ने कुरा उल्लेख भएको छ। पत्नीलाई धनसङ्ग्रह, व्यय र हेरचाहमा सहभागिता राख्ने कार्यभार दिइएको छ।[३६६] माइती घरबाट वधूलाई दिइएका उपहार आदिलाई स्त्रीधन भनिएको छ जसमाथि आजीवन वधूको अधिकार रहन्छ अनि उनको मृत्युपछि भने सो धन अविवाहित छोरीको अधिकारमा जाने विधान छ।[३६७] यस्ता स्त्रीधनको व्यवहार गर्नेहरूलाई पातकी समेत भनिएको छ।[३६८] मुस्लिम कानुनअनुसार मेहर (कन्याधन)माथि वधूको अधिकार सर्वोच्च छ।[३६९] संसारका प्रायःजस्तो मातृसत्तात्मक परिवारमा धनको स्वामित्व नारीको अधीनमा भएको पाइन्छ। धनको व्यवहार गुणवान व्यक्तिहरूमाझ मात्र गर्नुपर्छ अनि अतिलोभ उचित आचरण होइन पनि भनिएको छ।[३७०] वैदिककालमा परिवारको धनलाई विशेष जतन र संरक्षण गरिन्थ्यो यसकारण पुत्रहीन नारीले नियोगविधिद्वारा आफ्नो देवरबाट पुत्र प्राप्त गर्नु र मृत पतिको धन पुत्रलाई दिनुपर्ने आचार संहिता राखिएको छ। यसलाई पतिको मृत्युपछि पुत्रहीन पत्नीको आर्थिक उत्तरदायित्व मानिएको छ। यसबाट पतिको धनमाथि पत्नीको उत्तराधिकार सिद्ध थिएन भन्ने नै बुझिन्छ।

उत्तरवैदिककालमा पुरुषप्रधान समाजको अभ्युदय भयो। धार्मिक आचरणको प्राथमिक भूमिकाबाट नारीलाई च्यूत गरिएजस्तै आर्थिक गतिविधिमा पनि नारीको अवस्थान गौण भयो। बौद्ध धर्मसूत्रलाई आधार लिँदै चन्द्रदेव सिंहले नारीहरूको शारीरिक दुर्बलताको कारणले नै सम्पत्तिको अधिकार नदिइएको हो भनेका छन्।[३७१] विदुर नीतिअनुसार जसले धन पागल, समाजबाट बहिष्कृत दुष्ट व्यक्ति र नारीको हातमा दिन्छ त्यस व्यक्तिमाथि शङ्का गर्नुपर्छ।[३७२] यसरी समाजको मेरुदण्ड मानिने अर्थनीतिबाट नारीलाई हटाउने प्रक्रिया चल्यो जसले गर्दा पुरुषतन्त्री समाज व्यवस्थाको जड अझ मजबूत भयो। आर्थिक प्रधानताको कारणले पतिले परिवारमा प्रथम अवस्थान प्राप्त गऱ्यो अनि पत्नीले दोस्रो। यस आधारमा दुईको सम्बन्ध शासक र शासितको सम्बन्धमा परिणत हुँदै गयो। १९औँ शताब्दीमा पश्चिमी देशका परिवारमा नर नारीको अवस्थानलाई जान स्टुअर्ट मिलले विस्तारपूर्वक विश्लेषण गरेका छन्। उनको मतअनुसार परिवारमा शासन गर्ने, निर्णय गर्ने र आदेश दिने क्षमता पुरुषमा मात्र छ। परिवारको संरचना नै यस्तो किसिमको छ जहाँ जोसँग शक्ति छ उसको भक्ति अनिवार्य छ। यस्ता शासक (पति)सँग प्रजा (पत्नी)ले अन्तरङ सम्बन्ध बनाउनुपर्ने हुन्छ। कुनै तरिकाले शासकलाई प्रसन्न राख्नुपर्ने हुन्छ। जीवनका अन्य क्षेत्रमा कति गूट प्रतिद्वन्द्वीसँग सङ्घर्ष गरेर मात्र सत्ता हासिल

३६६. मनुस्मृति ९-११, पूर्ववत्, पृष्ठ ४२८
३६७. पूर्ववत् ९-१३१, पृष्ठ ४५०
३६८. पूर्ववत्
३६९. द कुरान, पूर्ववत्, पृष्ठ ४९
३७०. नीति ५-१९, पूर्ववत्, पृष्ठ ३६५
३७१. प्राचिन भारतीय समाज और चिन्तन, पूर्ववत्, पृष्ठ १९३
३७२. नीति, ६-४२, पूर्ववत्, पृ. १६८

गर्न सकिन्छ तर नर नारी सम्बन्धमा पुरुषलाई यो सत्ता आफै आफ प्राप्त हुन्छ।[३७३] आर्थिक आत्मनिर्भरता नभएको र सम्पत्तिको उत्तराधिकारी पनि नभएको हुनाले नारीको आर्थिक सम्बलको एकमात्र विकल्प विवाह मात्र रह्यो। यसैलाई नारीको नियति भनियो। यसकारण नै सिमोन वुभा विवाहलाई एउटा आर्थिक अनुबन्ध मान्छिन् जसमा पत्नीले पतिलाई जैविक सुख सुविधा उपलब्ध गराउँछे र त्यसको सट्टामा पतिले पत्नीलाई आर्थिक निर्भरता प्रदान गर्छ।[३७४] यस आधारमा, परिवारमा पति पत्नीमाझको सम्बन्ध आर्थिक सम्झौताको शर्तअनुसार पनि परिचालित हुन्छ भन्ने बुझिन्छ।

सिमोन वुभा परिवारमा नर-नारीमाझ विभाजित श्रमको अवधारणा भ्रमात्मक भएको बताउँछिन्। अर्थसँग सोझो सम्बन्ध राख्ने श्रम (घरबाहिर)हरू नरका निम्ति अनि घरभित्रका अर्थसँग सोझो सम्बन्ध नराख्ने श्रमहरू नारीका निम्ति तय गरिएका छन्। यिनमा पहिलो उच्च महत्त्वको अनि दोस्रो निम्न महत्त्वको मानिएको छ।[३७५] यसै आधारमा नर र नारीको अवस्थान पनि निर्धारित भएको छ। यस्तो निम्न महत्त्वको अवस्थानदेखि मुक्ति पाउनकै निम्ति नारीहरूले सोझो आर्थिक श्रमप्रति अभिरुचि राख्न थाले जसबाट एक कामकाजी नारीको स्वरूप तयार भयो।[३७६] भारतमा स्वाधीनता आन्दोलन, शिक्षाको विकास र लोकतान्त्रिक मध्यमवर्गको अभ्युदयले नारीको लागि उदार परिवेश सृष्टि गरिदियो। यसअघि निम्न किसिमको आर्थिक सङ्कट आइपरे मात्र नारीलाई घरबाहिर नोकरी गर्ने अनुमति थियो। स्वतन्त्रता अघिसम्म भारतीय नारीलाई विवाह र नोकरीमध्ये एउटाको चुनाउ गर्नुपर्ने हुन्थ्यो अनि नोकरी गर्नु सम्मानजनक नभएको कारणले धेरै नारीहरू विवाहको विकल्प रोज्थे। नोकरीलाई विवाहको विकल्प रोज्नेहरू पारिवारिक जीवनदेखि भने वन्चित भए।[३७७] तर आज घरदेखि बाहिर रोजगारको क्षेत्रमा नारीका भिन्न अवस्थान र भूमिकाले परिवार र समाजका सम्बन्धहरूलाई गम्भीरतापूर्वक प्रभावित गरेको छ। किनभने वर्तमान समयमा धेरै नारीहरूले परिवार र नोकरी दुवैलाई समानान्तर रूपमा अघि बढाएर लाने चुनौतीलाई स्वीकार गरेका छन्।

सत्तरको दसकसम्म परिवारको आर्थिक आयमा सहयोग पुऱ्याउनको लागि सहयोगीको रूपमा नारीले नोकरी गर्थे तर त्यसपछिको समय विस्तारैसित नारीको आत्मविकास र परिचय स्थापनाको चेतना लिएर आयो। आर्थिक आवश्यकताको लागि गरिने नोकरी अब उच्च शिक्षाको सदुपयोग, पदप्रतिष्ठा, व्यावसायिक जीवनको आकाङ्क्षाले प्रेरित भयो जसले नारीको कामकाजी व्यक्तिलाई प्रखर बनायो।[३७८] असाधारण व्यवसाय

३७३. स्त्रीयों की पराधीनता पूर्ववत्, पृष्ठ २७
३७४. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ १९४
३७५. स्त्रीयों की पराधिनता, पूर्ववत्, पृष्ठ ३६
३७६. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ ८९
३७७. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ ९०
३७८. स्त्री अधिकारोंकी औचित्य साधन, २००९, मेरो बोल्सटन क्राफ्ट, मिनाक्षी (अनु) राजकमल प्रकाशन, नयाँ दिल्ली, पृष्ठ ९२

एवं निर्णायक भूमिका भएका पदहरूमा पुगेका नारीहरूले पारम्परिक विधानलाई परिवर्तन गरिदिए। यस्ता आर्थिक रूपले स्वनिर्भर, आत्मविश्वास र अधिकारले सम्पन्न 'पावर वुमेन' पुरुषका पनि अधिकारी बनेकी छन्।[३७९] आधुनिक समय नारीको सामाजिक भूमिकामा विराट परिवर्तनको समय हो यसकारण पति पत्नी सम्बन्धको पनि सङ्क्रमणकालीन अवस्था हो। एउटा परिवारभित्र रोजगार क्षेत्रमा रहेका 'पावर वुमेन'को अवस्थान कस्तो छ, परम्परागत रूपमा शासकको पदमा आसीन पतिको प्रतिक्रिया र अन्तर्क्रियाको स्वरूप कस्तो छ त्यसमाथि नै पति पत्नीको सम्बन्ध परिचालित भएको छ। रोजगारको कारणले पति-पत्नी अलग अलग बस्नुपर्ने अथवा पत्नीले पतिघरदेखि टाढा अर्को वासस्थान बनाउनुपर्ने स्थिति छ। यस परिस्थितिमा पति पत्नीमाझको आपसी सामञ्जस्य नै सम्बन्धको स्वरूप निर्धारित गर्ने आधार हुन्छ। आधुनिक समयमा, एउटी नारीमाथि रोजगार र घर संसार दुवैको दोहोरो दायित्व परेको देखिन्छ। यद्यपि, नारीको प्रथम दायित्व घर व्यवहारलाई नै मानिएको हुनाले रोजगारको कार्यकुशलता दोस्रो महत्त्वको मानिन्छ। यसरी पत्नी कामकाजी भएर पनि घरेलु व्यवहारसँग बुनियादी रूपले बाँधिएकी हुन्छ। पतिले भने घरेलु कार्यहरूमा सहयोग गर्नु पुरुषार्थहीन स्वभाव भनेर आपत्ति गर्न सक्छ।[३८०] वर्तमान समयमा नारीहरूले कामकाजी व्यक्तित्व र घरेलु कुलवधूको व्यक्तित्वमाझको अन्तर्द्वन्द्व झेलिरहेका हुन्छन्। समाजले कामकाजी नारीको परिवर्तित भूमिका स्वीकार गरे तापनि पत्नीको परिवर्तित रूप स्वीकार गर्न सकेको छैन। वस्तुतः आधुनिक कालमा पनि धेरै पतिहरूले आफ्नो दायित्व र दर्जा दुवै परिवर्तन गर्न सकेको पाइँदैन।[३८१] यसकारण परिवारको आर्जित धन व्यय, सञ्चय र निवेश गर्ने अधिकार पति-पत्नीको लागि समान हुनु आवश्यक छ।[३८२] जान स्टुअर्ट मिलको भनाइअनुसार सम्पत्तिमाथि समान अधिकारको साथै नारीको आर्थिक स्वतन्त्रता प्राप्ति उसको गरिमा र सम्मानलाई कायम राख्ने मुख्य उपाय हुनसक्छ।[३८३] भारतको आर्थिक सर्वेक्षणअनुसार ग्रामीण क्षेत्रमा ३०.०२ प्रतिशत, शहरी क्षेत्रमा १५.४४ प्रतिशत नारीहरू विभिन्न किसिमका रोजगारसँग जोडिएका छन् अनि २०.५ प्रतिशत नारीहरू सङ्गठित क्षेत्रमा कार्यरत छन्।[३८४] सम्पूर्ण भारतमा नारीहरूको रोजगार दर निम्नप्रकार अङ्कित गरिएको पाइन्छ[३८५] –

३७९ स्त्री अधिकारोंकी औचित्य साधन, पूर्ववत् पृ. ९२
३८०. पूर्ववत्
३८१. स्त्री चिन्तनकी चुनौतियाँ, २००९, रेखा कस्तवार, राजकमल प्रकाशन, नयाँ दिल्ली, पृष्ठ ९४
३८२. पूर्ववत्, पृष्ठ ९५
३८३. स्त्रीयोंकी पराधिनता, पूर्ववत्, पृष्ठ २९
३८४. http://labour.nic.in १.४.२०१५
३८५. पूर्ववत्

वर्ष	दर
१९८१	१९.६७ प्रतिशत
१९९१	२२.२७ प्रतिशत
२००१	२५.६३ प्रतिशत
२०११	२५.५१ प्रतिशत

भारतमा हिन्दू कानुन १९३७ को प्रावधानअनुसार नारीलाई विवाहको समय माइतबाट प्राप्त सम्पत्तिबाहेक अन्य सबै प्रकारका सम्पत्ति राख्ने अधिकारबाट वन्चित गरिएको थियो। यस विधेयकको संशोधित रूप १९५६ को कानुनअनुसार पत्नीलाई आफ्नो पतिको सम्पत्तिमाथि छोराछोरी समान अधिकार प्रदान गरियो। सन् २००५ मा यस कानुनलाई फेरि एकपल्ट संशोधन गरियो जसको प्रावधानअनुसार छोरीलाई पनि आफ्नो पैतृक सम्पत्तिमाथि छोरा बराबर जन्मसिद्ध अधिकार मान्य गरियो।[३८६] यसरी सम्पत्ति सम्बन्धी नर-नारीको बद्लँदो अवस्थानले दुईको सम्बन्ध विश्लेषण गर्ने कानुनी आधार प्राप्त हुन्छ। यद्यपि, संयुक्त राष्ट्र सङ्घ अधीनस्थ अन्तरराष्ट्रिय श्रम सङगठनको सन्दर्भको आधारमा विश्वको ९८ प्रतिशत संसाधनमाथि पुरुषको स्वामित्व रहेकोले नारीले पुरुषसमान राजनैतिक र आर्थिक सत्ता प्राप्त गर्नु अझ हजार वर्ष समय लाग्नेछ भन्ने रेखा कस्तवारको मत रहेको छ।[३८७]

२.२.२.२.३.४. सन्तानगत सम्बन्ध

परिवार संस्थामा यौन संसर्गको वैधता सन्तान प्राप्तिको उद्देश्य केन्द्रित विधि हो।[३८८] सनातन शास्त्रहरूमा पति पत्नीमाझ हुने प्रणय सहवास सम्बन्धको आधिकारिक मान्यता सन्तान प्राप्तिको उद्देश्य हासिल गर्नका निम्ति नै स्थापित भएको पाइन्छ। परिवारमा जेठा छोराको आधिकारिक महत्त्व पनि यसै विषयसँग सम्बन्धित छ। जेठा छोरापछि जन्मेका सन्तानहरू अतिरिक्त रतिकर्मका उपलब्धि हुन् र अतिरिक्त रतिकामनाले लिप्त भएर केवल देहक्षुधा शान्त गर्नका निम्ति मात्र गरिने सहवास वर्जनीय मानिएको छ।[३८९] यसरी पति

३८६. http://naturaljustice.blogspot.in/2014/03/indianwomens-rights-to-property.html १९.१०.२०१४
३८७. स्त्री चिन्तनकी चुनौतियाँ, पूर्ववत्, पृष्ठ ४४
३८८. इन्डियन सोसिअल सिस्टम, पूर्ववत्, पृष्ठ ११९
३८९. मनुस्मृति ९-१०८-११५, पूर्ववत्, पृ. ४४६

पत्नीको सहवास सम्बन्ध दैहिक सुखभन्दा सन्तानसुख हो भन्ने शास्त्रसम्मत धारणा सर्वोपरि छ। सन्तान प्राप्तिले पति पत्नीको सम्बन्धलाई एक सृजनात्मक मर्यादा दिन्छ। सन्तान प्राप्ति देह सुखको सामाजिक र कानुनी विधिदेखि माथि रचनाशील सामाजिक दायित्वपूर्ण कर्तव्य बन्दछ। सन्तान प्राप्तिले पति पत्नीलाई माता पिताको दर्जा प्राप्त हुन्छ जसद्वारा अन्य सामाजिक सम्बन्धहरूको क्षेत्र विकास हुँदै जान्छ।

ऋग्वेदको दशौँ मण्डलको एकसय तिरासिऔँ सूक्तमा यजमान दम्पतीलाई सार्थक वीर्यसिञ्चन र गर्भाधानका निम्ति आशीर्वाद दिइएको छ भने एकसय चौरासिऔँ सूक्तमा नर नारीमा सफल गर्भाधानको लागि देवताहरूप्रति प्रार्थना गरिएको छ।[३९०] अथर्ववेदको चौधौँ मण्डलको दोस्रो सूक्तका पचहत्तरवटा ऋचाहरू पति पत्नीलाई सन्तान प्राप्तिका निम्ति गरिएका आराधनाहरू छन्।[३९१] यसरी वैदिक संहितामा सन्तान प्राप्ति एउटा विराट अनुष्ठान मानिएको छ। ती सूक्तहरूमा नारीहरूलाई इन्द्रकी पत्नी इन्द्राणी जतिकै सौभाग्यशाली र महिमाशाली हुनु भनिएको छ। इन्द्राणी आफू पुत्रवती हुन सकेकीमा आफूलाई गर्वित र सुरक्षित अनुभव गर्थिन्।[३९२] यसरी सन्तान प्राप्तिले नारीलाई मातृत्वसँग जोडछ अनि संसारमा नारीको सबैभन्दा अधिक महिमा मातृस्वरूपमा नै भएको छ। परिवारमा पति पत्नीमाझको सम्बन्धको अवस्थान धेरै मात्रामा सन्तानद्वारा परिभाषित भएको पाइन्छ। सन्तान उत्पादन गर्न नसक्ने वीर्यहीन पतिलाई पत्नीहरूले छोडन सक्छे भने बाँझी पत्नीहरूलाई पनि पतिले सौता ल्याइदिन सक्छ भन्ने विधान पाइन्छ।[३९३] यसरी सन्तान पति पत्नी सम्बन्धको सुरक्षा कवच पनि हो भन्न सकिन्छ।

पुत्रले आफ्ना पितृहरूलाई 'पुं' नामक नरकबाट उद्धार गरेर मुक्ति दिलाउँछ।[३९४] मनुष्यले जीवनमा गर्नुपर्ने पाँचवटा यज्ञहरू गरेर आफ्ना पूर्वज र आगत वंशहरूलाई ऋणबाट मुक्त गरेर मोक्षको अधिकारी बनाउन सक्छ।[३९५] सन्तानले धर्म, अर्थ, काम, मोक्षको साधनाद्वारा संसारमा कल्याणकारी कार्य सम्पादन गर्न सक्छन् र आफ्नो वंशलाई गौरव दिलाउन सक्छ।[३९६] वंश वृद्धि र सृष्टि परिचालन गर्न सन्तानको महत्त्व सर्वोपरि छ। पौराणिक ग्रन्थहरूमा राजपरिवारका नपुंसक सदस्यका पत्नीहरूले नियोग धर्मबाट सन्तान प्राप्त गरेका कथाहरू पाइन्छन्। कुरुवंशमा राजा विचित्रवीर्य नपुंसक र रोगी भएका कारण सासू सत्यवतीको आज्ञानुसार बुहारीद्वय अम्बा र अम्बालिकाले जेठाज्यू कृष्णद्वैपायनद्वारा नियोग समागमपछि सन्तान प्राप्त गरेका थिए।[३९७] महाराजा

३९०. ऋग्वेद, पूर्ववत्, पृष्ठ १०३७-१०३८
३९१. अथर्ववेद १४-२, १-७५, पूर्ववत्, पृष्ठ ४५०
३९२. ऋग्वेद १०-१८६, पूर्ववत्, पृष्ठ ९५१
३९३. मनुस्मृति ९-८१, ७९, पूर्ववत्, पृष्ठ ४४१
३९४. पूर्ववत्, ९-१३८, पृष्ठ ४५१
३९५. पूर्ववत्, ९-१४३, पृष्ठ ४५२
३९६. नीति, पूर्ववत्, पृ. ८
३९७. पूर्ववत्, पृ. ८

पाण्डु नपुंसक र असक्त भएको कारणले कुन्ती र माद्रीले देवताहरूसँग नियोग समागम गरी सन्तान प्राप्त गरेका थिए। यी कथाहरूले पति-पत्नीको सहचार्यमा सन्तानको सुख सर्वोच्च थियो भन्ने बुझाउँछ।

सन्तान उत्पादन कार्यमा नारीलाई क्षेत्र रूप र नरलाई बीजरूप मानिएको छ। क्षेत्र र बीजको संयोगद्वारा नै सन्तान उत्पन्न हुन्छ। सन्तानमा बीजको लक्षण सर्वोपरि हुनाले शास्त्रले क्षेत्रभन्दा बीज प्रधान मानेको छ।[३९८] किनभने सन्तानमा बीजको लक्षण सर्वोपरि हुनाले सन्तानलाई पिताको नामको परिचय प्राप्त हुन्छ। यस आधारमा सन्तान उत्पादनमा नारीको भूमिका द्वितीयक तथा निष्क्रिय रहेको बुझिन्छ। यद्यपि, अथर्ववेदको ऋचाअनुसार नर-नारी दुवै रेतस नामक उत्पादन क्षमताले सम्पन्न भएका हुन्छन्।[३९९] त्यसैले नारीलाई प्रजनन क्षमताले सम्पन्न प्रकृतिको उत्पतिस्थान भनिएको छ।[४००] पुरुषले आफूलाई प्राणतत्वको रूपमा रहेको द्युलोकरूपी पुरुष-सूर्यको शक्ति भनेको छ भने नारीलाई रचिका नामक लक्ष्मी, वेद ऋचा र सहनशील पृथ्वी मानेको छ। यी सामर्थ्यहरूको पारस्परिक मिलनबाट नै श्रेष्ठ सन्ततिको जन्म गराउनुपर्ने कुरा अथर्ववेदमा पाइन्छ।[४०१]

गर्भाधानको सम्बन्ध मातृत्वसँग जोडिन्छ। गर्भस्थ शिशुसँग आमाको मानसिक एकात्म गराउने मनोवृत्ति नै मातृत्व हो। रतिक्रिया र गर्भाधान पारस्परिक भए तापनि एउटै कुरा भने होइनन्। रतिक्रियामा आनन्द प्राप्त नगरीकनै पनि गर्भाधान हुनसक्छ।[४०२] स्वेच्छाले गरिएको गर्भाधानले आनन्द र गर्व दिन्छ भने अनिच्छाद्वारा भएको गर्भाधानले वितृष्णा र घृणा उत्पन्न गराउँछ। पितृसत्तात्मक व्यवस्थामा पति-पत्नीमाझ भावनात्मक पारम्परिकता र संवेदनशील अन्तरङ्गको अभाव तथा सन्तानमाथि पुरुषको एकलौटी अधिकार रहेकोले नारीको कोख र प्रजनन क्षमता मसिनी अर्थमा सीमित तुल्याइयो भन्ने विचार पनि पाइन्छ।[४०३]

विशिष्ट किसिमको शारीरिक रचनाको कारणले गर्दा नारीले मात्र सन्तान जन्माउन सक्छे। तर सन्तान पोषण र संरक्षणमा पनि नारीको भूमिका नै सर्वत्र मानिन्छ। यस्ता कार्यहरू घरेलु तथा अनुर्वरक कार्यको श्रेणीमा राखिएको हुनाले पुरुषहरू उच्च कुण्ठाले ग्रसित भएर सो गर्न चाहँदैनन्। फलस्वरूप नारीमाथि यस्ता कामको सम्पूर्ण दायित्वको दबाउ परेको देखिन्छ। यसले उसको स्वास्थ्य र करियरको क्षेत्रमा पनि नकारात्मक असर पर्नसक्छ। घरेलु कार्यलाई दोस्रो दर्जाको अवस्थान दिएको हुनाले यस्ता कार्य सम्पादन गर्दा धेरै सचेत

३९८. मनुस्मृति, पूर्ववत्, पृष्ठ ४३३
३९९. अथर्ववेद ९-२-३७, पूर्ववत्, पृष्ठ ४५०
४००. पूर्ववत्, ९-२-३४, पृष्ठ ४५०
४०१. पूर्ववत्, ९-२-७१, पृष्ठ ४५४
४०२. स्त्री अधिकारोंका औचित्य साधन, पूर्ववत्, पृष्ठ ४७
४०३. पूर्ववत्

नारीहरूमा हीन कुण्ठाको मनोवैज्ञानिक प्रभाव हुनसक्छ। यस्ता विपरीत मानसिकता भएका नर-नारी जोडीमाझको पारस्परिक अन्तर्क्रिया कस्तो हुन्छ त्यसले दुईको सम्बन्धलाई परिभाषित गर्छ।[४०४]

वर्तमानकालमा नारीहरू पनि शारीरिक स्वास्थ्य, सहुलियत र स्वाधीनताप्रति सचेत छन्। गर्भनिरोधक साधन, गर्भपात, गर्भस्थापना, सरोगेसी संस्कृति आदिले आधुनिककालमा नारीको कोखलाई मसिनी प्रयोगशालामा परिणत गरिएको छ। फलतः नर- नारीको सम्बन्ध कृत्रिम र जटिल हुन पुगेको छ।[४०५]

२.२.२.२.३.५. यौन सम्बन्ध

मनुष्यको शरीरका पाँच ज्ञानेन्द्रियहरू (कान, छाला, आँखा, जिब्रो र नाक)का सूक्ष्मभूत स्वरूपहरू (शब्द, स्पर्श, रूप, रस र गन्ध)द्वारा स्वच्छन्द रूपले कार्यरत रहन्छन्। इन्द्रियहरूका यी सूक्ष्मभूत प्रवृत्तिहरूद्वारा अनुभव गरिने आत्मिक आनन्द नै काम तथा यौन हो।[४०६] यौन प्रक्रियामा स्पर्श, गन्ध, श्रवण, दृष्टि र रसको सम्बन्ध हुन्छ।[४०७] यौनलाई रतिसुखको अर्थमा पनि ग्रहण गरिन्छ। आनन्द, रस, सुख, प्रीति, भाव, राग र वेग रतिका पर्याय शब्दहरू हुन् तापनि एकान्तसुखको अर्थमा रति भन्नाले शयन, सम्भोग बुझिन्छ।[४०८] कानुनी तथा धार्मिक रूपले स्वीकृत भए अथवा नभए पनि विवाह जैववैज्ञानिक र सामाजिक सन्दर्भमा केही सीमासम्म स्थायी यौन सम्बन्ध हो।[४०९] प्रत्येक प्राणीका निम्ति यौन एक आधारभूत एवं अनिवार्य जैविक आवश्यकता हो जसलाई सुव्यवस्थित एवं नियन्त्रित ढङगबाट पूरा गर्नको निम्ति मानव समाजले विवाहद्वारा वैधानिक प्रचलन ग्रहण गरेको छ। प्राचीन सनातन शास्त्रमा विवाहका आधारभूत प्रेरक तत्वहरूमध्ये रति तथा यौनलाई मुख्य मानिएको छ। ऋग्वेदको दशौँ मण्डलको एक सय चौसासीऔँ सूक्तमा लिङ्गोक्त देवताको आराधनाद्वारा पति पत्नीमाझ वीर्यसिञ्चन र वीर्याधानलाई वैदिक अनुष्ठानको रूपमा संस्थित गरिएको छ।[४१०] अथर्ववेदको चौधौँ मण्डलको पहिलो र दोस्रो सूक्तलाई विवाह प्रकरण सूक्त भनिएको छ जसमा विवाहित नर नारी युग्मबिच यौन सुख आचरणको चर्चा गरिएको छ। यी सूक्तहरूमा प्रकृति र पुरुषरूपी नर नारीलाई प्रीतिपूर्ण उल्लाससँग आनन्दसागरमा गोता लगाउँदै जीवनभोग गर्ने कामना गरिएको छ।[४११] पति पत्नीलाई प्रेमपूर्ण स्पर्श सुखले प्रसन्न बन्दै आयु, सन्तान र सम्पत्तिको वृद्धि गर्नु भन्ने आशीर्वचन राखिएको छ।[४१२] यी सूक्तहरूमा नर नारीलाई

४०४. स्त्री अधिकारोंका औचित्य साधन, पूर्ववत्, पृ. ३९
४०५. स्त्री चिन्तनकी चुनौतियाँ, पूर्ववत्, पृष्ठ ३८
४०६. श्रोत्रत्वकचक्षुजिह्वाघ्राणनामात्मसंयुक्तेन मनसाधिष्ठितानां स्वेषु स्वेषु विषयेष्वानुकुल्यतः प्रवृत्तिः कामः। वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ २५
४०७. यौन मनोविज्ञान, पूर्ववत्, पृष्ठ २५०
४०८. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ २५
४०९. आधारभूत समाजशास्त्र र मानवशास्त्र, पूर्ववत्, पृष्ठ १०३
४१०. अथर्ववेद १०-१८४-१, पूर्ववत्, पृष्ठ १०३८
४११. पूर्ववत्, १४-२-४३, पृ. ४५१
४१२. पूर्ववत्, १४-२-३९, पृ. ४५०

सहवासको लागि प्रेरित गर्ने र आनन्द विलासले युक्त गराउने कार्यको निम्ति पूषा देवतालाई प्रार्थना गरिएको छ।[४१३] शिवमहापुराणको वर्णनअनुसार शिव पार्वतीमाझ प्रणय सहवासको अवधि हजार वर्षको थियो।[४१४] सारा विश्व ब्रह्माण्डदेखि निखोज, एकान्त तर मनोरम स्थलमा दुई पति पत्नीले हजार वर्षसम्म प्रणय रमण गरेका थिए। यसबेला नै ब्रह्माले कसैको प्रणय सहवासमा अवरोध उत्पन्न गर्नु दण्डनीय अपराध हो भन्ने बताएका थिए। यस्तो अपराधका निमित्त पति पत्नीको विच्छेद, ज्ञाननष्ट, कीर्तिनष्ट हुनु र कालसूत्र नामक नरकमा वास पाउनुजस्ता दण्ड तय गरिएका छन्। रम्भा र इन्द्रको प्रणय सहवासमा दुर्वासा ऋषिले बाधा पुऱ्याएको हुनाले उनले पत्नी वियोगको कष्ट खप्नु परेको थियो।[४१५] यसबाट प्रणय मिलन नर नारीको एकान्तिक पारस्परिकता हो, यो अत्यन्त वैयक्तिक र विशिष्ट प्रीतिभोग हो जसलाई न सार्वजनिक गर्न सकिन्छ न त सर्वजनले यसप्रति हस्तक्षेप र अतिक्रमण नै गर्न सक्छ भन्ने बुझिन्छ। यो पति पत्नीमाझ बाँचेको अक्षुण्ण र मर्यादापूर्ण आदान प्रदान हो।

अथर्ववेदकै दोस्रो मण्डलको तीसौँ सूक्तलाई कामिनी मनोभिमुखीकरण सूक्त भनिएको छ। यस सूक्तअनुसार पति आफ्नो पुरुषार्थलाई घोडाको ऐश्वर्यसँग तुलना गर्छ। यद्यपि, पति पत्नी दुवैको आन्तरिक कामनाले प्रेरित भएपछि मात्र यौनको पारस्परिकता स्थापित हुन्छ भन्ने कुरा यी ऋचाहरूबाट स्पष्ट हुन्छ।[४१६] शास्त्रहरूमा मनुष्यको जीवन एक सय वर्षको मानिएको छ अनि यस सय वर्षलाई चारवटा आश्रमहरूमा विभाजन गरेर आश्रमअनुसारको आचरण गर्नुपर्ने विधान छ।[४१७] मनुस्मृतिमा छब्बीस वर्षदेखि पचास वर्ष आयुसम्मको अवधिलाई गृहस्थाश्रम मानिएको छ अर्थात् मनुष्यको सम्पूर्ण जीवनको पच्चीस वर्ष सांसारिक विषयभोगको लागि आरक्षित गरिएको छ भने त्यसपछिको समय ब्रह्मचार्यका लागि निर्धारित गरिएको छ।[४१८] तर वात्सायनले मनुष्य जीवनको सत्रहदेखि सत्तरी वर्षसम्म (चौवन्न वर्षको अवधिलाई) विषयभोगको आयु मानेका छन्।[४१९] यद्यपि, मनुष्य जीवनको कुनै निश्चितता नभएको हुनाले जतिसम्म सहज सम्भव हुनसक्छ त्यति नै धर्म, अर्थ र कामको भोग गर्नुपर्छ भन्ने विचार पनि वात्सायनले राखेका छन्।

मीमांसा दर्शनलाई उद्धृत गर्दै वात्सायनले नारीधारा र पुरुषधारारूपी शक्तिको मिलनद्वारा नै सम्पूर्ण रतिभोग हुनसक्ने र मोक्ष प्राप्ति हुनसक्ने कुरा उल्लेख गरेका छन्। जसरी विद्युतमा आकर्षण र विकर्षण दुवै शक्ति हुन्छ र यी दुवै शक्तिको संयोगले मात्र गति र प्रकाश उत्पन्न हुन्छ त्यस्तै प्रकारले पुरुषशक्ति र नारी शक्तिको

४१३. तां पुषञ्छिवतमामेरयस्व यस्यां वीजं मनुष्या ३ वपन्ति। या न उरू उशती विश्रयति यस्यामुशन्तः प्रहरेम शेपः। ९४-२-३८, पूर्ववत्, पृष्ठ ४५०
४१४. श्री शिवामहापुराणम्, द्वितीयं रूद्रसंहिता, विस 2055, चतुर्थ कुमार खण्ड, पूर्ववत्, पृष्ठ ५८४
४१५. पूर्ववत्
४१६. अथर्ववेद २-३०-५, पूर्ववत्, पृष्ठ ३९
४१७. वात्सायनको कामसूत्र, पूर्ववत्, पृष्ठ २१
४१८. पूर्ववत्
४१९. पूर्ववत्

सम्पूर्ण संयोगले मात्र सृष्टि सम्भव हुन्छ।[४२०] यस आधारमा यौन सांसारिक गतिविधिको सञ्चालक शक्ति हो भन्न सकिन्छ। वात्सायनको मतानुसार सम्भोग मनोरञ्जन अथवा वासना पूर्तिको साधन मात्र नभएर दुई हृदय एवम् दुई आत्माहरूको मिलन हो अथवा एकप्रकारको भोग हो द्वैतबाट अद्वैतको साधना हो। साँचो योगी उनै हुन् जसले परिपूर्ण समाधिको अभ्यास गरेका छन् अनि साँचो भोगी उनै हुन् जसले साँचो अर्थमा साथै अधिकृत रूपमा सम्भोग सुख भोगेका छन्।[४२१]

सनातन शास्त्रहरूमा बताइएका विभिन्न आचार संहिता र विधि विधानहरूले पनि वैवाहिक जीवनमा यौनको महत्त्वलाई स्पष्ट गर्छ र एक सफल दाम्पत्य साहचर्यको लागि यौनको औचित्यलाई सिद्ध गरेको पाइन्छ। जस्तै, विवाहको चौथो दिनमा घरभित्र वैवाहिक अग्नि स्थापित गर्नु र खीरको चरूद्वारा सोम र अग्नि देवतालाई आहुति दिनुपर्ने संस्कार छ। त्यसपछि वरवधूलाई जलाभिषेक गर्दै त्यही खीर खुवाउने विधि पनि छ। यस संस्कारद्वारा वरवधूको शारीरिक र मानसिक विकारहरूलाई नाश गर्नु र उत्तम वैवाहिक जीवनयापनको लागि तयार गर्नु भन्ने अर्थ बुझिन्छ। यस्तो माङ्गलिक परिवेश निर्माण पछि वरले वधूलाई वेदपूर्ण वचनसहित सम्पूर्ण समर्पणको विश्वास व्यक्त गर्दै भन्छ, *'हे कन्या, म आफ्नो प्राणसँग तिम्रो प्राण, हड्डीसँग हड्डी, मासुसँग मासु र छालासँग छालालाई एक साथ मिलाउँछु।'*[४२२] यस्तो वाणीलाई पति पत्नीमाझ जैविक र मानसिक सम्बन्धको सम्पूर्ण अन्तरङ्गता भन्न सकिन्छ। यसले यौनसुख शारीरिक भोग मात्र होइन भावनात्मक तादाम्य पनि हो भन्ने कुरो स्पष्ट हुन्छ। गृहसूत्रले पत्नीको सहमतिपूर्ण इच्छामा मात्र प्रणय सहवास गर्नुपर्छ किनभने नारीहरूले दैवराज इन्द्रबाट नै यस्तो वरदान प्राप्त गरेका थिए भन्ने कुरो स्पष्ट पारेको छ।[४२३] सहवास क्रियामा पति पत्नी दुवैले भावनात्मक एकात्म्यलाई बोध गर्छन्। यौन शारीरिक प्रस्तुति मात्र नभएर आत्मिक संसर्ग पनि हो। शरीर र आत्मा दुवैको समान अन्तर्क्रियामा मात्र पति पत्नीबीच सम्पूर्ण सुख विनिमय हुन सक्ने कुरालाई शास्त्रले स्पष्ट गरेको छ। **आपस्तम्ब धर्मसूत्र**ले ऋतुकालको बाह्र रातसम्म पति-पत्नीले यौन सम्पर्क गर्नु गृहस्थको धर्म हो भन्ने बताएको छ। यी बाह्र रातभित्रमा यदि कुनै पतिले पत्नीसँग सहवास नगरे उसका सबै पितृहरू पत्नीको रजमा सुतेका हुनेछन्।[४२४] ऋतुकालमा मात्र यौन संसर्ग गर्न सकिन्छ भन्ने शास्त्रीय नियमको पछि एउटा विशेष कारण के बताइएको छ भने ऋतुकाल गर्भाधारणको उत्तम काल हो।[४२५] यसको अर्थ सनातन शास्त्रमा यौन सुखको मूल

४२०.वात्सायनको कामसूत्र पूर्ववत्, पृष्ठ ३८
४२१. पूर्ववत्, पृष्ठ १३१
४२२. हे कन्ये, मम प्राणादिभिस्ते तव प्राणादीन्सन्दधामि संयोजयामि। पारस्कर गृहसूत्रम, १-११-५, पूर्ववत्, पृष्ठ १४५
४२३. पूर्ववत्, पृष्ठ १४८
४२४. आपस्तम्ब धर्मसूत्र, पूर्ववत्, पृष्ठ १५६, १५७
४२५. मनुस्मृति ३-३४, पूर्ववत्, पृ. १५३

उद्देश्य नै सन्तानोत्पति भन्ने बताइएको छ। केवल देह सुखको लागि मात्र गरिने यौनक्रियाहरू अप्रसशंनीय मानिएको छ। प्रथम पुत्रको श्रेष्ठताको आधार पनि यही हो।[४२६] यस ऋतुकाल सम्बन्धी नियमलाई पालन गर्ने पुरुष जुनसुकै आश्रममा बसेर पनि ब्रह्मचारी हुनसक्छ भन्ने विधि पनि बताइएको छ।[४२७]

मनुस्मृतिमा पत्नीलाई सधैँ गरगहना र राम्रा परिधानले शोभायुक्त भएर बस्नु भनिएको छ जसले पतिलाई आनन्द प्रदान गर्न सक्छ। तर रतिसुखमा पतिको परिधान र शृङ्गार पनि उतिकै महत्त्वपूर्ण छ भन्ने कुरा ऋग्वेदका मन्त्रद्रष्टा दम्पती लोपामुद्रा र अगस्त्यको कथाले बुझाउँछ। लोपामुद्राले प्रणय सहवासको समयमा आफ्ना पति अगस्त्य ऋषिलाई साज शृङ्गार गर्ने निवेदन गरेकी थिई।[४२८] दुवैको आत्मीय सहमतिमा दृढस्यु नाम भएका एकमात्र परम विद्वान र तेजस्वी छोरा उनीहरूले प्राप्त गरे। पति-पत्नी एकअर्कामा सन्तुष्ट भएको घरमा सधैँ कल्याण, मङ्गल हुन्छ भन्ने मनुले बताएका कुरालाई यस्ता कथाहरूले पुष्टि दिन्छन्।[४२९] रतिसुखको आह्लादले पति-पत्नीमाझ हार्दिकता र आत्मीय सामञ्जस्य बनाइराख्नु तथा पारस्परिक भरोसा र आस्थालाई सुदृढ बनाउनुपर्ने कुरा प्राथमिक महत्त्वको छ। ऋतुकालमा प्रणय सहवासपछि पतिले पत्नीको हृदय स्पर्श गर्दै व्यक्त गर्ने आत्मीय वचन गृह्यसूत्रमा पाइन्छ - *'हे सुकेशी, स्वर्गमा अवस्थित जूनमा तिम्रो मन रमाइरहेको छ, त्यसलाई म राम्ररी बुझ्छु र मेरो मनलाई पनि तिमी राम्ररी बुझिदेऊ। एकअर्काको हृदयलाई समुचित रूपले बुझ्दै हामी दुई सय वर्षसम्म बाँचौँ र सय वर्षसम्म सुनौँ।*[४३०] यसरी पत्नीमा भएको प्रकृतिरूपी कोमलता, धारणशक्ति र धैर्यशक्तिलाई बुझेर पतिले मर्यादापूर्ण सहचर सङ्गत गर्नुपर्ने आवश्यकता यहाँ स्पष्ट गरिएको पाइन्छ। नारीहरूले आफ्नो इच्छा शक्तिलाई प्रकट गर्न सक्दैनन् तापनि त्यो पूर्णरूपले दमन हुनसक्ने विषय होइन कारण नारीहरू निष्क्रिय वा असक्त हुँदैनन्। बरू पुरुष समान यौनशक्तिले पूर्ण हुन्छन्।[४३१] वात्सयायनको भनाइअनुसार पुरुष प्राकृतिक रूपले कर्ता हो अनि नारी पुरुषको कर्मको आधार हो। पुरुषको क्रिया नारीको क्रियाभन्दा भिन्न हुन्छ। यस आधारमा भिन्नता आउनु स्वाभाविक हुन्छ। पुरुष 'म सम्भोग गरिरहेको छु' भन्ने विचारले गर्वानुभूति गर्छ अनि नारी 'आमुक पुरुषले मसँग सम्भोग गरिरहेको छ, मप्रति अनुरक्त छ' भन्ने विचारले गर्वानुभव गर्छे। यो अवस्था र अनुभूतिमा अन्तर हुन्छ तापनि रतिसुख त दुवैलाई समान रूपमा हुन्छ अनि क्रिया अनुभूतिको अन्तरको प्राथमिक आधार नर-नारीको शारीरिक रचना नै हो भन्ने बुझिन्छ।[४३२]

४२६. मनुस्मृति, पूर्ववत्
४२७. पूर्ववत्, पृष्ठ १५४
४२८. संक्षिप्त महाभारत प्रथम खण्ड, पूर्ववत्, पृष्ठ २९३-२९४
४२९. मनुस्मृति ३-६०, पूर्ववत्, पृष्ठ १५५
४३०. पारस्कर गृह्यसूत्र, पूर्ववत्, पृष्ठ १४९
४३१. वात्सायनको कामसूत्र, पूर्ववत्, पृ. ३७
४३२. पूर्ववत्, पृ. ७५

यस सम्बन्धमा अन्य समाजशास्त्रीहरूको मान्यता केही भिन्न छ। तापी धर्मारावको भनाइअनुसार नर नारीको सम्बन्ध प्राकृतिक रूपले सिद्ध छ अनि विवाह भनेको मानवाकृत कृत्रिम संरचना हो। यस आधारमा विवाह प्राकृतिक स्वेच्छामाथि बाँधिएको बन्धन हो।[४३३] मनुष्यले आफ्नो सुविधा र सहुलियतका निम्ति विवाह र परिवार संस्थाको स्थापना गरे तापनि नारीवादी विचारकहरू परिवारको यस संरचनामा पुरुषतन्त्री वर्चस्व देख्छन्। परिवारभित्र नर नारीको अवस्थान शासक र प्रजाको समान छ। मनोवैज्ञानिक रूपले दमित नारीको यौन आचरण सहज र स्वाभाविक हुनसक्ने सम्भावना थोरै रहन्छ। यसकारण पुरुष तन्त्रको दबाउमा नारीहरू मनोवैज्ञानिक रूपले अधिक समर्पित र निष्क्रिय रहन्छन्। यौनिक स्वेच्छा र स्वतन्त्रताबारेमा चिन्तन गर्नुभन्दा पराधिनतामा नै नारीहरूलाई सुखको अनुभव भइरहोस् भन्ने नीति ग्रहण गरिएको पाइन्छ।[४३४] यसकारण नारीको निष्क्रियता जैविकतथ्य नभएर समाजद्वारा आरोपित तथ्य हो। पुरुषलाई बालककालदेखि नै वैयक्तिक स्वतन्त्रता दिइन्छ भने नारीलाई सो कम मात्र प्राप्त हुन्छ।[४३५] पितृतन्त्री वर्चस्वले तानाशाही बनेको पुरुषप्रति नारीले यौनजस्तो आन्तरिक र आत्मीय विषयमा पारस्परिकता कायम राख्न नसक्नु स्वाभाविक देखिन्छ। पति-पत्नी जैविकसँगै भावनात्मक आस्थामा बाँधिनु बुनियादी आवश्यकता भए तापनि बौद्धिक तादाम्य र गहन सम्मान नजागीकन सोझो रूपमा नारी देहमाथि अतिक्रमण गर्नु जस्तो क्रूर खेल पुरुषले वर्षौंदेखि खेल्दै आइरहेको छ।[४३६] पुरुषको यस किसिमको वर्चस्वपूर्ण क्रूरताको कारणले पति पत्नीमाझको सम्बन्ध सहज, स्वाभाविक र मर्यादापूर्ण हुन नसकेको कुरा नारीवादी चिन्तकहरूले उदघाटन गरेका छन्।

प्रेम र यौनमाझ एक झिनो पार्थक्य पाइन्छ। प्रेमको विशिष्ट स्वरूपबाट नै रतिराग उत्पन्न हुने हुनाले पति पत्नीमाझ भावनात्मक मर्यादा बनिरहनु अत्यावश्यक छ। प्रणय सहवासको सम्पूर्ण प्रक्रिया आध्यात्मिक प्रेमको उच्चतम आदर्शसँग सामञ्जस्यपूर्ण हुन्छ र सही पारस्परिक अन्तरङ्गले मात्र दाम्पत्य सम्बन्धलाई विस्तृत दृष्टिकोण अपनाउने उदारता प्रदान गर्छ।[४३७] सन्तोष र तृप्ति वैयक्तिक कल्याणको निम्ति अनिवार्य हुनाले पारिजातको विचारअनुसार प्रेम र यौन एउटै कुरा हो। भावनाभन्दा बाहिर यौन सम्बन्ध राखिन्छ भने त्यो पशुसम्बन्ध हो। स्वास्नी मान्छेको लागि यो पेसा हुनसक्छ अथवा बलात्कार।[४३८]

डान ट्रूले एक सयजना नारीहरूसँग नर-नारी सम्बन्ध बारेमा अन्तर्वार्ता लिएका छन्। यस क्रममा प्रणय सहवासको प्राप्यता के हो भन्ने प्रश्नको उत्तरमा बाउन्न वर्षिया एक शिक्षिकाले भनिन् - *'एउटा सार्थक प्रणय*

४३३. विवाह संस्कार स्वरूप र विकास, २००१, तापी धर्माराव, राधाकृष्ण प्रकाशन, नयाँ दिल्ली, पृष्ठ २७
४३४. स्त्रीयोंकी पराधिनता, पूर्ववत्, पृष्ठ २८
४३५. स्त्री चिन्तनकी चुनौतियाँ, पूर्ववत्, पृष्ठ ३५
४३६. पूर्ववत्
४३७.स्त्री चिन्तनकी चुनौतियाँ, पूर्ववत्, पृष्ठ ३५
४३८. पारिजातको जीवनगाथा, २०६३, नरेन्द्रराज प्रसाईं (सम्पा) एकता प्रकाशन काठमान्डु, पृ. १४५

सहवासपछि म सर्वोत्तम अनुभूतिले भरिन्छु, अन्तर्स्पर्शित हुन्छु। त्यो अवर्णनीय रूपले विशेष छ।[४३९] एउटी बत्तीस वर्षीया निजी कम्पनीका कारिन्दा नारीले भनिन्, *'प्रणय सहवासमा म जैविक सुखसँगै भावनात्मक सुख पनि पाउँछु। यौन भावनाहरूको पारस्परिक विनिमय हो। जैविक सुखको लागि जसले पनि यौन सम्बन्ध स्थापित गर्न सक्छ तर यो त्यति सरल र सहज छैन। यसको आफ्नो महत्त्व र मर्यादा छ।*[४४०] नरले नारीबाट चाहने प्राथमिकता के हो भन्ने विषयमा नारीको अनुभवबारे सोधिएको प्रश्नको उत्तरमा सयमा सन्ताउन्न प्रतिशत नारीहरूले यौनलाई पहिलो स्थान दिए, घरेलु कारिन्दा र बन्धुत्वलाई दोस्रो र तेस्रो स्थानमा राखे तर बयानब्बे प्रतिशत नारीहरूले भने पहिलो बन्धुत्व र त्यसपछि यौन र घरेलु कारिन्दालाई क्रमिक रूपले राखे।[४४१] यसले परिवारमा पति-पत्नीबीच भावनात्मक प्रगाढताको आवश्यकतालाई बोध गराउँछ।

२.२.२.२.३.६. प्रेम सम्बन्ध

पूर्वीय शास्त्रहरूमा विवाहका प्रेरक तत्वहरूमा 'प्रेम'को अलग र विशेष चर्चा गरिएको छैन। यद्यपि, नर नारीमाझ प्रीतिपूर्ण आनन्दको प्रसङ्ग पाइन्छ।[४४२] नव वर-वधूलाई स्नेहपूर्ण उल्लास र भावनात्मक सुख विलाससँग जीवन नदीलाई पार गर्ने आशीर्वाद दिइएको छ।[४४३] प्रेम नर-नारीमाझ आन्तरिक एकात्म्य र पारस्परिक सौहार्द्रतालाई विकास गर्ने र आपसी बुझाइलाई विस्तृत गर्ने शक्ति हो। यसकारण राम अहुजा विवाहमा बन्धुत्व (Companionship) र मित्रता (Comradeship)लाई महत्त्व दिन्छन्।[४४४] प्रेम बन्धुत्वको विशिष्ट स्वरूप हो। प्रेममा नर नारीमाझ समान आन्तरिकता विकास हुन आवश्यक छ। उमेरको एउटा विशेष तहमा पुगेपछि नर-नारीमाझ प्राकृतिक आकर्षणले प्रेमको वातावरण सृजन गर्छ। खुसवन्त सिंह यसलाई एक्लोपनको भयावह डरदेखि उन्मुक्तिको चाहना भन्छन् जसले गर्दा मानिस विवाह बन्धनमा बाँधिन्छन्।[४४५] पूर्वीय शास्त्रमा दाम्पत्य सम्बन्धमा प्रेमजस्तो समान पारस्परिक सहचार्यको उल्लेख पाइँदैन बरू गृहस्थ धर्मानुसार नरले चार पुरुषार्थ प्राप्तिको लागि गर्नुपर्ने सांसारिक यज्ञमा नरले आफूलाई समर्पित गर्नु अनि नारीले नरको अनुयायी बनेर सहयोग पुऱ्याउनुपर्ने विधान छ। गृहस्थ धर्मानुसार नारीका निम्ति पतिव्रता धर्म नै सर्वोपरि भएको छ। नारीले पतिकेन्द्रित आचरण गर्दै आफ्नो चरित्रलाई सधैँ चोखो बनाइराख्नुपर्ने आचार

४३९. ह्वाट डु उमेन वान्ट फ्रम मेन, १९९४, डान टु, रूपा पब्लिकेसन, नयाँ दिल्ली, पृष्ठ ८६
४४०. पूर्ववत्
४४१. पूर्ववत्, पृष्ठ १४३
४४२. आ रोहोरूमुप धत्स्व हस्तं परि ष्वजस्व जायां सुमनस्यमानः। प्रजां कृण्वाथामिह मोदमानौ दीर्घ वामायुः सविता कृणोत।। अथर्ववेद १२-१-३९, पूर्ववत, पृष्ठ ४५०
४४३. पूर्ववत्, १२-१-४३, पृष्ठ ४५१
४४४. इन्डियन सोसियल सिस्टम, पूर्ववत्, पृष्ठ १२०
४४५. औरतें, सेक्स, लव और लस्ट, २०१२, खुशवन्त सिंह, अशोक चोपडा (अनु), हिन्द पाकेट बुक्स, नयाँ दिल्ली, पृ. १४५

संहिताले हिन्दू विवाहको प्राथमिक बन्धन तयार बनेको छ। शास्त्रमा काम औ रतिको चर्चा भावनात्मक नभएर वस्तुगत छ। ह्यावलाक एलिसको कथनअनुसार काम (रति) सारा संसारभरिमा परिचित विषय हो औ सबै भाषामा कामलाई बुझाउने शब्दहरू उपलब्ध छन् तर प्रेम सारा संसारमा परिचित छैन। संसारका कतिपय भाषाहरूमा प्रेमलाई बुझाउने शब्दहरू पनि छैनन्। धेरै असभ्य जातिमा प्रेमको कुनै मौलिक धारणा पाइँदैन। अमेरिकाको 'नहुआ' जातिको भाषामा प्रेम बुझाउने शब्द छैन तर प्राचीन पेरू भाषा 'केचुआ'मा प्रेम शब्दको क्रिया रूपका छः सयवटा शब्दहरू छन्।[४४६]

प्रेम हृदयको हार्दिक सूक्ष्मता र जटिलताले सङ्गठित हुन्छ। यसमा भावुकता तथा मनोवेगको अंश पनि रहन्छ। ह्यावलाक एलिसले यसलाई मनोवेगका रूपमा यो कसिलो किसिमको भावुक जटिलता मानेका छन्।[४४७] प्रेम नर-नारीको सहजीवनलाई सञ्चालन गर्ने मनोवैज्ञानिक ऊर्जा हो। जान ग्रेको सर्वेक्षणअनुसार धेरै कम जोडीले मात्र दाम्पत्य जीवनमा प्रेमको आनन्द भोग गर्न सक्छन्। यसको मूल कारण नर र नारीमाझको मनोवैज्ञानिक अन्तर हो। दुवैले दुवैको मानसिकताको बुनियादी अन्तरलाई बुझ्न सके भने मात्र प्रेमको वास्तविक आनन्द लिन सक्छन्।[४४८] प्रेम चमत्कारी अनुभव छ अनि यो चिरजीवी छ तर यसलाई ग्रहण गर्ने मानसिकताको विकास आवश्यक छ। जान ग्रेको कथनानुसार प्रेम सम्बन्धमा नरको मनोविज्ञान कस्तो छ भने ऊ प्रेममा जमिन आकाश एक गर्ने ऊर्जाले भरिएको हुन्छ। उसले यहाँ आफ्नो क्षमतालाई प्रमाणित गर्ने अवसर पाएको हुन्छ। यसबेला ऊ आफ्नो सर्वश्रेष्ठ रूपमा उपस्थित हुन्छ। ऊ श्रेष्ठदाता र कर्ता हुन्छ। यस्तो स्थितिमा आफ्नो क्षमताअनुसारको कर्म गर्ने अवसर प्राप्त भएन भने ऊ हतास हुन्छ र पलायित बन्छ।[४४९] नर आफ्नो सम्पूर्ण अहंसँगै प्रेम गर्छ र आफूले चाहेजस्तो नहुँदा उसको अहं चोटिल भएको पीडाले आहत बन्छ। नारीले चाहिँ प्रेममा भावनात्मक सहारा तथा नरद्वारा संरक्षित हुने र परिपूर्ण प्रेमको अपेक्षा गर्छे। प्रेममा नारीको कुनै अहं र महत्त्वाकाङ्क्षा नभए तापनि अन्तरङ्ग सहचरको आत्मीय भरोसा पाइरहने अभीप्सा सधैँ सक्रिय रहन्छ।[४५०] वस्तुतः नरको प्रेममा अहंको दर्प हुन्छ तर नारीको प्रेममा भावनात्मक आत्मविलासको लालसा हुन्छ। सिमोन वुभाको भनाइअनुसार नारीको प्रेममा शर्तहीन समर्पण हुन्छ भने नरको प्रेम सशर्त हुन्छ। अर्थात् ऊ नारीलाई प्रेम गर्छ अनि सट्टामा आफूले पनि प्रेम पाउने महत्त्वाकाङ्क्षा राख्छ। नरको अहं भाव सधैँ सजग रहन्छ तर नारीले आफूलाई प्रेममा पूर्णतः समर्पण गरिदिन्छे।[४५१] साँचो प्रेमको आधारशिला दुई स्वतन्त्र सत्ता हुन् जसमा

४४६. यौन मनोविज्ञान, पूर्ववत्, पृष्ठ २६०
४४७. पूर्ववत्, पृष्ठ २६२
४४८. मेन आर फ्रम मार्स, विमेन आर फ्रर्म विनस, २०१२, जोन ग्रे, मञ्जुला पब्लिसिङ हाउस, भोपाल, पृष्ठ १८
४४९. पूर्ववत्, पृष्ठ ४७
४५०. र्ववत्, पृष्ठ ४९
४५१. स्त्री उपेक्षिता, पूर्ववत्, पृ. ३३१

दुवैको सम्बन्ध पारस्परिक आन्तरिकताले पोषित हुन्छ। एकले अर्कोलाई अधीनमा राख्न चाहँदैन तर दुवै आआफ्ना सीमाहरू अतिक्रमण गरेर सर्वोपरितातिर उन्मुख हुन्छन्। प्रेमको यही वैभवशाली रूपले नै नर-नारीको सम्बन्ध समृद्ध हुन्छ।[४५२] प्रेम ती महान मूल्यहरूमध्ये एउटा हो जसले जीवन जिउने योग्य बनाउँछ। प्रेमको अन्तरमा आनन्दको भावना हुनु यसको प्राथमिक शर्त हो।[४५३] वट्रेन्ट रसेलले वृहत्तर क्षेत्रलाई समेट्ने उद्देश्य भएको प्रेममा अझ गहिराइ र गम्भीरता आउन सक्ने कुरा गरेका छन्।[४५४] प्रेमको विशिष्ट स्वरूपबाट नै रतिराग उत्पन्न हुन्छ। रतिराग प्रेमको गहन घनत्वबाट उत्पन्न हुने जैविक र मानसिक प्रक्रिया हो। अतः प्रेम यौन सम्बन्धको मानसिक आयाम हुँदाहुँदै पनि यसको अभावमा पारस्परिक सम्बन्धहरू समाप्त हुनसक्छन्।[४५५]

सिमोन वुभाको भनाइअनुसार विवाह प्रेममा आधारित हुँदैन। प्रेम र विवाहको यो अन्तर आकस्मिक नभएर विवाह संस्थाभित्र भएको विरोधाभास हो। भावनात्मक अथवा कामनात्मक आवश्यकताहरूको आधारमा गरिएको विवाहमा प्रेम र सौन्दर्यको अपेक्षा सामाजिक स्तर र भौतिक सुख सुविधाहरूप्रति बढी ध्यान दिइन्छ। पुरुषले आफ्नो लागि होइन तर परिवार र सन्तानको लागि मात्र विवाह गर्छ।[४५६] प्रेम स्वतःस्फूर्त भए तापनि विवाह एउटा औपचारिक निर्णय हो। नरले विवाहअघि र पछि परस्त्रीसँग यौन सम्बन्ध राखेको हुनसक्छ तर नारीलाई भने यौन पवित्रता औ पतिव्रता धर्मको शर्त राखिएको हुन्छ।[४५७] नर-नारीमाझ समानताको व्यवहारले मात्र नारीय गुणहरूमा परिवर्तन सम्भव छ।[४५८] विवाहलाई नर-नारीको जन्मदेखि मृत्युसम्मको साथ मात्र होइन जीवनेत्तर अनन्त यात्राको साथ मान्ने खलिल जिब्रानको मतानुसार शर्तविहीन पारस्परिकतामा मात्र नर-नारीले स्वर्गीय आनन्द प्राप्त गर्न सक्छन्।[४५९]

२.२.२.४. नर-नारी सम्बन्धको अनौपचारिक स्वरूप

२.२.२.४.१. प्रेम सम्बन्ध

विवाह र परिवार संस्थादेखि बाहिर पनि नर-नारी सम्बन्धको स्वरूप देख्न पाइन्छ। यसमा प्रेम सम्बन्ध एउटा हो। जाति, धर्म, स्तर, वर्ग, भूगोल इत्यादि कारणहरूले प्रेमीयुगल विवाह र परिवार संस्थाभित्र प्रवेश गर्न सक्तैनन्। कतिपय जोडी स्वेच्छाले पनि यस व्यवस्थाभित्र बाँधिन चाहँदैनन्। यो पूर्णतः भावनात्मक प्रगाढताको सम्बन्ध हो। कुनै औपचारिक विधान नभएकोले यस सम्बन्धलाई सामाजिक अनुशासनभित्र बाँध्न

४५२. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ ३४५
४५३. यौन मनोविज्ञान, पूर्ववत्, पृष्ठ २६३
४५४. पूर्ववत्, पृष्ठ २६४
४५५. पूर्ववत्
४५६. स्त्री उपेक्षिता, पूर्ववत्, पृष्ठ १९९
४५७. पूर्ववत्
४५८. स्त्रीयों की पराधिनता, पूर्ववत्, पृष्ठ ९१
४५९. द प्रोफेट, २००९, खलिल जिब्रान,स्टेरलिङ पब्लिसर्स, नयाँ दिल्ली, पृ. २०

सकिन्न र यसलाई सामाजिक सुरक्षा वा नैतिक मर्यादा प्राप्त हुँदैन। सात्विक प्रेम सम्बन्ध पूर्ण रूपमा आत्मिक हुन्छ। शारीरिक सहवास नभई पनि प्रेम सम्बन्ध बाँचिरहन सक्छ। राधा र कृष्ण, मीरा र कृष्णको सम्बन्धलाई यस्तै आत्मिक प्रेमको उदाहरण भन्न सकिन्छ।

२.२.२.४.२. सहवास सम्बन्ध (Live in Relationship)

प्रेम सम्बन्धहरूको विकसित रूप सहवास सम्बन्धमा परिणत हुन्छ। कतिपय आवश्यकताले, परिस्थितिले पनि यस्ता सहवास सम्बन्ध स्थापित भएका हुन्छन्। आपसी समझदारीमा नर-नारी युग्म औपचारिक विवाह संस्थानदेखि बाहिर धेरै कालदेखि एकसाथ वास गर्ने प्रक्रिया नै सहवास सम्बन्ध हो। यस्ता सम्बन्धहरू विवाहका औपचारिक विधि विधानअनुसार तय गरिएका हुँदैनन् तर दुई विपरीत लिङ्गी व्यक्तिहरूको आपसी समझौतामा यो आधारित हुन्छ। भारतीय कानुनले पनि नर नारीको यस्तो सहवासलाई विवाहकै रूपमा मानिलिन्छ जबसम्म यी जोडीले आफूलाई विवाह नभएर सहवास सम्बन्धमा भएको कुरा घोषणा गर्दैन। सहवास सम्बन्ध संस्थागत संविधानअनुसार नभए तापनि कानुनी कार्वाही भएको खण्डमा विवाह गर्नका निम्ति आवश्यक सबै शर्तहरू पूरा गरिइएको हुन आवश्यक छ। नर-नारीको आयु वयस्क तथा निम्नतम २१ वर्ष र १६ वर्ष हुन अनिवार्य छ। दुवै अविवाहित हुन आवश्यक छ। विवाहित व्यक्तिले अन्यसँग सहवास सम्बन्ध राखेको आरोप भए उसलाई भारतीय कानुनको ४९७ धारा अन्तर्गत यौन उत्पीडनको अपराधी भएको ठहर गरिन्छ। विवाह तथा परिवार नर-नारीको व्यक्तिगत सीमासम्म मात्र सीमित नभएर परिवार र समाजका सबै सम्बन्धित एकाईहरूसँगको सम्बन्ध हो। विवाह संस्थाभित्र नर-नारीले एकसाथ विभिन्न सम्बन्धहरूको भूमिका पालन गर्छन् तर सहवास सम्बन्ध पूर्ण रूपमा एक जोडी नर-नारीमाझ सीमित भएको सम्बन्ध हुन्छ। यसबाट अन्य सम्बन्धहरू फस्टाउँदैन। नर नारीले एउटा वास तथा घरलाई आपसमा भोग गर्छन् तर त्यहाँ गृहस्थी हुँदैन। नर नारीले आपसमा पति पत्नीको भूमिका पूर्ण रूपमा पालन गर्छन् तर पति पत्नीको दर्जा भने प्राप्त गर्दैनन्। सहवास सम्बन्ध नर नारीको आपसी सम्झौतामा मात्र आधारित भएको हुनाले कुनै कानुनी प्रावधानहरू यसमा लागू हुने तथ्य गराउने अवसर थोरै मात्र हुन्छ। यसको स्थापना जस्तै विच्छेद पनि अनौपचारिक हुन्छ। यसकारण घरेलु हिंसा अधिनियम २००५ को २ (एफ)अनुसार पतिबाट पत्नीले क्षतिपुरण, भरणपोषण इत्यादिको दाबी गर्ने प्रावधान रहँदैन। दाइजो विधि ४९८ क अनुसार सहवासी पत्नीले दाइजो र सम्पत्ति सम्बन्धी उत्पीडनको आरोप पनि पतिमाथि लगाउन सक्दैन। सहवास सम्बन्ध नर-नारीमाझको अस्थायी सम्बन्ध हो। यो समयसापेक्षित हुन्छ। यो नर-नारीमाझको भावनात्मक सम्बन्ध हो। यसबाट बन्धुत्वको हार्दिकता र उदारता प्राप्त हुन्छ। परिवारको चापपूर्ण जीवनशैलीबाट अवकाश पाउनलाई पनि मानिसले यस किसिमका सम्बन्ध निर्माण गर्छन्।